दोस्रो संस्करण

आवधिक जिल्ला विकास योजना तर्जुमासम्बन्धी निर्देशिका

अन्तिम मस्यौदा

श्री ५ को सरकार

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

जेठ, २०५८

भूमिका

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले प्रत्येक जिल्ला विकास समितिले जिल्ला विकासका समग्र पक्षहरूलाई समेटी आवधिक जिल्ला विकास योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । ऐनको यस प्रावधानलाई कार्यरूपमा उतार्न जिल्लामा कार्यरत विकासका सम्पूर्ण सरोकारवाला (stakeholders) लाई आवश्यक सहयोग पुगोस् र सबै जिल्लाहरूको आवधिक योजनाहरूमा एकरूपता आओस् भन्ने उद्देश्यले यो निर्देशिका तयार गरी लागू गरिएको छ ।

यो निर्देशिकाको पूर्वाधार तयार गर्ने क्रममा गत वर्ष राष्ट्रिय योजना आयोगद्वारा आवधिक जिल्ला विकास योजनाको अवधारणा र यसको प्रक्रियागत ढाँचा तयार गरी क्षेत्रीय स्तरमा विभिन्न स्थानहरूमा सहभागितामूलक छलफल कार्यक्रमको आयोजना गरी व्यापक छलफल गरिएको थियो । ती छलफलहरूबाट प्राप्त सुझावहरू समेत समेटी विशेषज्ञहरूको लामो प्रयासबाट यो निर्देशिका तयार गरिएको हो ।

यस निर्देशिकाले दीर्घकालीन सोच राखी आवधिक जिल्ला विकास योजना तर्जुमा र कार्यान्वयनद्वारा जिल्लाहरूको भविष्य पारदर्शी रूपले सुनिश्चित गर्ने कार्यमा उल्लेखनीय सहयोग पुऱ्याउनेछ । साथै यसले तथ्यांकमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई संस्थागत गर्नमा समेत ठूलो टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

यसअनुरूप तयार हुने विभिन्न जिल्लाहरूको आवधिक जिल्ला विकास योजनाहरूले स्थानीय स्तरको विकासको दृष्टिकोण र आयाम (local dimension) स्पष्ट रूपमा प्रस्तुत गर्ने हुनाले जिल्ला भित्रका नगरपालिका र गाउँ विकास समितिहरूले पनि आ-आफ्नो क्षेत्रको आवधिक विकास योजना तर्जुमा गर्नको लागि समेत यो निर्देशिका उपयोगी हुने विश्वास गरिएको छ । यसबाट राष्ट्रिय स्तरमा योजना तर्जुमा गर्नमा समेत ठूलो सहयोग पुग्न जानेछ ।

यो निर्देशिका तयार गर्ने कार्यमा प्रत्यक्ष रूपमा संलग्न भई सहयोग पुऱ्याउनु हुने श्री दामोदर अधिकारी र आ-आफ्नो सुझाव प्रदान गर्नु भई यो निर्देशिकालाई परिमार्जन गर्ने कार्यमा सहयोग गर्नु हुने श्री भगवतीकुमार काफ्ले, श्री अवनीन्द्रकुमार श्रेष्ठ, श्री गंगादत्त अवस्थी, श्री मन्दिरा पौडेल, श्री महेशराज शर्मा लगायत प्राविधिक सेवा प्रदान गर्ने सहभागितात्मक जिल्ला विकास कार्यक्रम सबैलाई राष्ट्रिय योजना आयोग धन्यवाद ज्ञापन गर्दछ ।

जेष्ठ २०५८

राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

विषय–सूची

खण्ड क : परिचय, नीतिगत र कानूनी आधारहरू

१. परिचय १

१.१ भूमिका १
१.२ निर्देशिकाको औचित्य र उद्देश्यहरु १
१.३ निर्देशिका तयार गर्ने क्रममा अपनाइएका विधि र तौरतरिकाहरू १
१.४ निर्देशिकाका प्रयोगकर्ताहरू २
१.५ निर्देशिकामा समावेश गरिएका विषयवस्तु र यसको प्रयोग गर्ने तरिका ३

२. आवधिक जिल्ला विकास योजना ५

२.१ परिभाषा ५
२.२ आवधिक जिल्ला विकास योजना तर्जुमासम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु ५
२.३ प्रकृति र यसले समेट्ने क्षेत्रहरू ८
२.४ आवधिक जिल्ला विकास योजनाका सीमाहरू ९
२.५ राष्ट्रिय, विषयगत योजना र अन्य योजनासँगको सम्बन्ध, समन्वय र सम्मिलन १०
२.६ आवधिक जिल्ला विकास योजनामा समावेश हुनुपर्ने विषयहरू १६

खण्ड ख : योजना तर्जुमाको प्रक्रियागत ढाँचा

३. आवधिक जिल्ला विकास योजना तर्जुमा प्रक्रिया १९

३.१ भूमिका १९
३.२ आजिवियो तर्जुमाका महत्वपूर्ण पक्षहरू २०
३.३ योजना तर्जुमा प्रक्रिया २१
३.४ अवलम्वन गरिएका आधारभूत कुराहरू २२

खण्ड ग : तथ्यांकीय आधार र सूचनाको विश्लेषण

४. जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषण २४

४.१ भूमिका २४
४.२ पूर्वतयारी कार्यशाला गोष्ठी २६
४.३ तथ्यांक संकलन तथा विश्लेषण २६
४.४ जिल्ला वस्तुस्थिति विश्लेषणमा समावेश हुने विषयहरूको रूपरेखा २७
४.५ जिल्लाको समस्या तथा सम्भावना विश्लेषण कार्यशाला गोष्ठी ६३
४.६ जिल्ला वस्तुस्थिति चित्रण दस्तावेज प्रकाशन ६३

खण्ड घ : योजना तथा कार्यक्रम तर्जुमा

५. योजना तथा कार्यक्रम तर्जुमा ६४

५.१ भूमिका ६४
५.२ जिल्ला विकासका चुनौति तथा अवसरहरू ६४
५.३ जिल्ला विकासको दीर्घकालीन सोच तथा सिद्धान्तहरू निर्धारण ६६
५.४ जिल्ला विकासको समष्टिगत लक्ष्य, उद्देश्यहरू तथा रणनीति निर्धारण ६८
५.५ जिल्ला विकासका विषयगत उद्देश्यहरू तथा प्राथमिकता निर्धारण ६९
५.६ सूचकहरूको निर्धारण ७२
५.७ प्रमाणित गर्ने आधारहरूको पहिचान ७४
५.८ जोखिम पक्षहरुको पहिचान ७४
५.९ सहभागितात्मक योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना ७७

खण्ड ङ : कार्यान्वयन योजना

६. प्रमुख कार्यक्रम, प्राथमिकताप्राप्त आयोजना तथा कार्यान्वयन योजना ७९

६.१ आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण ७९
६.२ कार्यक्रम र आयोजनाहरूको वर्गीकरण ८२
६.३ प्रमुख कार्यक्रम र आयोजनाहरू छनौट तथा बजेट व्यवस्था ८७
६.४ आयोजना शुरू र सम्पन्न हुने अवधि तथा कार्यान्वयन तालिका ८८
६.५ प्रस्तावित भू–उपयोग तथा जिल्ला विकासको भौगोलिक खाका ८९
६.६ संगठनात्मक संरचना र विकास व्यवस्थापन ८९
६.७ आजिवियो कार्यान्वयनको लागि पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम ९६

१

परिचय
(Introduction)

१.१ भूमिका

प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि दीर्घकालीन सोचका आधारमा आवधिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने तथा आवधिक योजना कम्तिमा ५ वर्षको हुनुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले गरेको छ । स्पष्ट कानूनी व्यवस्थाका आधारमा हालसम्म जिल्लास्तरमा समग्रतामा आधारित भई आवधिक योजना तर्जुमाको कार्य हालैका वर्षहरूदेखि हुने गरेकोले आवधिक योजना प्रक्रिया हाम्रो सन्दर्भमा नौलो अभ्यास हो ।

१.२ निर्देशिकाको औचित्य र उद्देश्यहरु

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले गरेको कानूनी व्यवस्था अनुरुप आवधिक जिल्ला विकास योजनामा समावेश हुनुपर्ने विषयवस्तुहरू स्पष्ट गर्ने र योजना तर्जुमा प्रक्रियामा एकरूपता ल्याउने हेतुले यो निर्देशिका तयार गरिएको हो । यस निर्देशिकाका देहायबमोजिम विशेष उद्देश्यहरू रहेका छन् ।

१. जिल्लास्तरमा आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा स्पष्टता ल्याउने ।

२. आवधिक योजना तर्जुमामा स्थानीय क्षमता विकास गरी बाह्य निर्भरता कम गर्दै स्थानीय सीप र साधनको उपयोग गरी जिल्ला विकास योजना तर्जुमा गर्न सहयोग पुऱ्याउने ।

३. आवधिक योजना तर्जुमा प्रक्रिया र यसले समेट्नुपर्ने विषयवस्तुमा एकरूपता ल्याई सहभागितामूलक योजना पद्धतिलाई जिल्लास्तरमा संस्थागत गर्न मद्दत पुऱ्याउने ।

४. चालू र भविष्यमा तर्जुमा हुने राष्ट्रियस्तरको दीर्घकालिन र आवधिक योजना एवम् विषयगत योजनाहरूबीच तालमेल, समन्वय र कार्यगत एकीकरण गर्न मद्दत पुऱ्याउने ।

५. जिल्ला विकासको सन्दर्भमा जिल्ला विकास समितिको अगुवाको भूमिका (lead role) लाई स्पष्ट गर्दै जिल्ला विकासका साझेदारहरूबीच आपसी सम्बन्ध, कार्यगत समन्वय र साझेदारीपनको विकासमा सहयोग पुऱ्याउने ।

१.३ निर्देशिका तयार गर्ने क्रममा अपनाइएका विधि र तौरतरिकाहरू

यो निर्देशिका मूलतः स्थानीय स्वायत्त शासन ऐनमा भएको आवधिक योजना तर्जुमा सम्बन्धी व्यवस्थालाई कार्यरूपमा उतार्ने सन्दर्भमा जिल्ला विकास योजना तर्जुमामा संलग्न योजनाकारहरूलाई सहयोग पुऱ्याउन तयार गरिएको हो । यो तयार गर्ने क्रममा गरिएका प्रयासहरू र अपनाइएका प्रमुख विधि तथा तौरतरिकाहरू संक्षेपमा तल उल्लेख गरिएको छ ।

(क) यो निर्देशिका तयार गर्ने पूर्वाधारको रूपमा राष्ट्रिय योजना आयोगले आवधिक जिल्ला विकास योजनाको अवधारणा, यसको प्रक्रियागत ढाँचा र आवधिक योजनामा समावेश गरिनुपर्ने मूलभूत विषयवस्तुहरूको खाका तयार गरी २०५६ चैत्र र ०५७ वैशाख महिनामा क्षेत्रीय स्तरमा अधिराज्यव्यापी रूपमा (९ स्थानमा) अनुशिक्षण गोष्ठीको आयोजना गरी छलफलमा ल्याइएको थियो । यसरी भएको छलफलबाट आएका निष्कर्ष र सुझावहरू समेतलाई यो निर्देशिकामा समेटिएको छ ।

(ख) निर्देशिकाको प्रारूप तयार गर्ने सिलसिलामा राष्ट्रिय योजना आयोग र स्थानीय विकास मन्त्रालय स्तरमा विभिन्न चरणमा छलफलहरू भएका थिए ।

(ग) स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग र यूनिसेफको प्राविधिक सहयोगमा अधिराज्यका ७ जिल्ला (पर्सा, चितवन, सुनसरी, काभ्रेपलान्चोक, कास्की, दाङ र डडेल्धुरा) मा आवधिक योजना तर्जुमा प्रक्रियाका सन्दर्भमा भएको अनुभवलाई समेत यसमा समेटिएको छ ।

(घ) निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार भइसकेपछि त्यसमाथि राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, जिल्ला विकास समिति महासंघ, सहभागितात्मक जिल्ला विकास कार्यक्रम र स्थानीय स्वायत्त शासन कार्यक्रम, केन्द्रीय तथ्यांक विभाग लगायत सम्बद्ध विभिन्न निकायहरूका पदाधिकारीलाई आमन्त्रण गरी औपचारिक र अनौपचारिक रूपमा पटक पटक व्यापक छलफल गरिएको थियो । त्यस छलफलका निष्कर्षहरूलाई समेत यसमा समावेश गरिएको छ ।

(ङ) मस्यौदा तयार भएपछि त्यसलाई नवलपरासी र अर्घाखाँची जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने क्रममा सहभागी भएका सम्पूर्ण साझेदार संस्थाका प्रतिनिधिहरूबीच छलफल गरी तथा विश्लेषण सम्बन्धी खण्ड परीक्षण समेत गरिएको थियो ।

(च) नुवाकोट र काभ्रेपलान्चोक जिल्लामा समेत यसको स्थलगत परीक्षण गरी त्यसबाट प्राप्त अनुभव समेत यो निर्देशिकामा समेटिएको छ ।

यसरी विभिन्न पटक बैठक र अन्तरक्रिया, सहभागितामूलक गोष्ठीहरू, स्थलगत परीक्षण समेतको निष्कर्ष र त्यसबाट प्राप्त सुझावहरूका आधारमा यो निर्देशिका तयार भएको हो ।

१.४ निर्देशिकाका प्रयोगकर्ताहरू

यो निर्देशिका आवधिक जिल्ला विकास योजना (आजिवियो) तर्जुमा गर्ने क्रममा प्रत्यक्षरूपमा संलग्न हुने जिल्ला विकास समिति र विषयगत कार्यालयका पदाधिकारीहरू, योजनाकार र जिल्ला विकासका साझेदार संस्थाहरूमा विकास योजना तर्जुमा कार्यमा आधारभूत ज्ञान भई योजना तर्जुमा सम्वन्धी नै काम गर्नेहरूका लागि तयार गरिएको हो । यो क्षेत्रको आधारभूत जानकारी नभएकाहरूको लागि यो निर्देशिका नौलो र जटिल समेत लाग्न सक्छ ।

यो निर्देशिकाको पूर्वार्धमा समावेस गरिएका खण्डहरुले समग्र जिल्ला विकासका लागि तथ्यांकीय आधार तयार गर्ने विधि र तथ्यांकलाई सूचनामा परिणत गर्ने तरिका एवं सूचनाको महत्वलाई स्पष्ट गर्दछ । साथै पछिला खण्डहरुले आवधिक योजना तर्जुमा गर्ने तौरतरिका र समग्र योजना प्रक्रिया स्पष्ट गर्नुका अतिरिक्त योजना तर्जुमाका क्रममा कुन कुन विषयवस्तु कसरी समावेश गर्ने भन्ने कुरा सरलीकृत रूपमा स्पष्ट गर्दै आवधिक जिल्ला विकास योजना तर्जुमा गर्न सहयोग पुऱ्याउँछ ।

१.५ निर्देशिकामा समावेश गरिएका विषयवस्तु र यसको प्रयोग गर्ने तरिका

यो निर्देशिकामा मूलतः आवधिक जिल्ला विकास योजना तर्जुमा गर्ने क्रममा गरिने पूर्वतयारीदेखि लिएर यसको प्रक्रिया, सहभागितामूलक पद्धति र योजना दस्तावेजमा समावेश गर्नुपर्ने कुराहरू के कसरी तयार गरी समावेश गर्ने भन्ने कुराहरू क्रमबद्धरूपमा समावेश गरिएको छ ।

यो निर्देशिकाले नवौं योजनाको नीतिगत व्यवस्था, स्थानीय स्वायत्त शासन ऐन र तत्सम्बन्धी नियमावली लगायत अन्य कानूनी व्यवस्था समेतका आधारमा देहायका क्षेत्रहरू समेटी आवधिक योजना तर्जुमा प्रक्रियालाई सहज तुल्याउने अपेक्षा गरिएको छ ।

(क) केन्द्रस्तर र जिल्लास्तरको योजना तर्जुमा र कार्यक्रम तयारीको स्पष्ट रेखाङ्कन गरी त्यसको प्रक्रियागत ढाँचा निर्धारण गर्ने ।

(ख) विषयगत निकायहरू र अन्य सरकारी क्षेत्र, गैरसरकारी एवम् निजी क्षेत्रको योजना र कार्यक्रमबीच तालमेल कायम गरी उचित समन्वय र कार्यगत परिपूरकताको प्रक्रिया स्पष्ट गर्ने ।

(ग) स्थानीय निकायहरूबीच योजना तर्जुमा र कार्यान्वयनस्तरमा उचित समन्वय र तादाम्यता कायम गर्ने ढाँचा स्पष्ट गर्ने ।

(घ) प्राविधिक पक्ष र सहभागितात्मक एवम् प्रजातान्त्रिक योजना पद्दति बीच उचित सन्तुलन कायम गरी आवधिक जिल्ला विकास योजना तर्जुमाको सुरुदेखि अन्त्यसम्मको प्रक्रियालाई स्पष्ट गर्ने ।

(ङ) स्थानीयस्तरका योजना र विषयगत एवम् राष्ट्रियस्तरका मध्यम र दीर्घकालीन योजनाबीचको सम्बन्ध, समन्वय र एकीकरण गर्ने तौरतरिका र कार्यगत व्यवस्था निर्धारण गर्ने ।

यस निर्देशिकाको भाग २ सम्म आवधिक योजना तर्जुमाको परिचय, वर्तमान सन्दर्भ, आवश्यकता र यसका नीतिगत एवम् कानूनी व्यवस्थाहरू समेटिएका छन् भने भाग ३ खासगरी प्रक्रियागत ढांचासँग सम्बन्धित छ। भाग ४ आवधिक योजना दस्तावेजको खण्ड १ मा समावेश गर्नुपर्ने अर्थात् तथ्यांकको तयारी र विश्लेषण गर्ने कुराहरूका विषयमा केन्द्रित रहेको छ। यसैगरी भाग ५ र ६ आवधिक जिल्ला विकास योजनाको दस्तावेजमा समावेस गर्नु पर्ने विषयवस्तुको व्याख्या, योजना तर्जुमा गर्ने तौर तरिका एवं विधिसँग सम्बन्धित छ।

यस निर्देशिकाको सुरुदेखि अन्त्यसम्मका प्रावधानहरू क्रमिक रुपमा अवलम्वन गर्दै जाँदा आवधिक योजना तर्जुमा प्रक्रिया पनि क्रमशः अघि बढ्दै जान्छ। यसमा उल्लेखित कतिपय कुराहरू कुनै कुनै जिल्लाको स्थितिसँग मेल नखान पनि सक्छ। त्यस अवस्थामा सम्वन्धित जिल्लाको क्षमता तथा विशेषता अनुसार जुन कुरा सान्दर्भिक हुन आउंछ सो कुरा अवलम्वन गर्नुपर्दछ। जस्तैः हिमाली जिल्लाहरू (जहाँ बाटो पुगेको छैन) मा ट्राफिक र पार्किङ सुविधासम्बन्धी कुरा सान्दर्भिक नहुन सक्छन् तर शहरी क्षेत्रमा यी अत्यावश्यक हुन्छन् ।

कुनै जिल्लाको सन्दर्भमा हाल विद्यमान स्रोत तथा क्षमताले कतिपय सूचना संकलन तथा विश्लेषण गर्नु तत्कालका लागि सम्भव नहुन पनि सक्छ। त्यसैले अवस्था हेरी यस निर्देशिकाले निर्दिष्ट गरे अनुरुप सूचना संकलन सम्वन्धी कार्य र प्रारम्भिक विश्लेषणको काम मौजुदा संगठनात्मक व्यवस्थाबाटै गरी विस्तृत विश्लेषणका लागि आवश्यकता अनुसार बाह्य परामर्श सेवा पनि लिन

सकिन्छ। साथै कुनै तथ्यांक वा सूचना संकलन गर्न तत्कालका लागि सम्भव नभएमा त्यस्तो तथ्यांक/सूचना कहिलेसम्म, कुन स्रोतवाट, कसरी संकलन गर्ने भन्ने कुरा स्पष्ट खुलाई आवधिक योजनाको अनुसूचिमा समावेस गर्नु पर्छ। त्यस्तो तथ्यांक वा सूचना आवधिक जिल्ला विकास योजनाकै गतिविधिको एक अंगका रुपमा समयवद्ध कार्य योजना तयार गरी नियमित ढंगले क्रमश संकलन समेत गर्दै जानु पर्दछ। यसरी संकलित सूचना योजनाको मध्यावधि मूल्यांकनका अवसरमा वा सो पनि सम्भव नभएमा दोस्रो आवधिक योजना तर्जुमाका लागि प्रयोग गर्न सकिन्छ। यसरी थप तथ्यांक संकलन कार्यको समेत यथासमयमा मूल्यांकन हुंदै जाने व्यवस्था गर्नुपर्दछ। यसरी थप तथ्यांक संकलन र अद्यावधिक गर्ने कार्यलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन पद्धतिको अभिन्न अंगका रूपमा स्थापित गर्दै जानुपर्छ।

२

आवधिक जिल्ला विकास योजना
(Periodic District Development Plan)

२.१ परिभाषा

जिल्लाको समष्टिगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेज (document) लाई आवधिक जिल्ला विकास योजना भनिन्छ।

जिल्लावासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच कसरी अभिवृद्धि गर्ने ? जिल्लाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई कसरी प्रोत्साहित र निर्देशित गर्ने ? जिल्लाको वातावरण संरक्षण र सम्बर्द्धन कसरी गर्ने ? जिल्लाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा वस्तीविकासलाई उपयुक्त दिशातर्फ कसरी प्रवाहित गर्ने ? जिल्लाको स्थानगत (spatial) स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन कसरी ल्याउने ? आदि जस्ता विकासका महत्वपूर्ण पक्षहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न आजिवियोले पथ प्रदर्शन गर्दछ।

२.२ आवधिक जिल्ला विकास योजना तर्जुमासम्बन्धी नीतिगत र कानूनी व्यवस्थाहरु

नवौं योजनाले विकेन्द्रीकरण तथा स्थानीय निकायको सुदृढीकरणको विषयलाई विकास प्रकर्षण (development thrust) का प्रमुख क्षेत्रहरूमा समावेस गरेको छ। यसमा स्थानीय निकायका रूपमा विकास हुँदै आएका स्थानीय संस्थाहरूलाई सक्षम, स्वायत्त र स्थानीय विकासका लागि स्थानीय जनताप्रति पूर्ण उत्तरदायी तुल्याउने कुरा उल्लेखित छ। यसैगरी स्थानीय विकास मन्त्रालयले सम्पर्क विन्दुका रूपमा काम गर्ने गरी स्थानीय विकासका सम्पूर्ण उत्तरदायित्व क्रमिक रूपमा स्थानीय तहमा हस्तान्तरित गर्दै लैजाने; जिल्ला विकास समितिहरूलाई जिल्लाको समष्टिगत विकासको केन्द्रविन्दु बनाउने; तथ्यांकमा आधारित सहभागितात्मक र योजनाबद्ध विकास प्रक्रियालाई संस्थागत गर्ने; र स्थानीय विकास कार्यक्रमहरूको सम्पूर्ण व्यवस्थापन स्थानीय निकायहरूबाटै गराई स्थानीय स्तरमा विकास कार्यलाई स्वचालित र गतिशील बनाउने कुरा नवौ योजनाको दस्तावेजमा स्पष्टरूपमा उल्लेख गरिएको छ। यी कुराहरू कार्यरूपमा उतार्न स्थानीय निकाय (वर्तमान निर्देशिकाको सन्दर्भमा खासगरी जिल्ला विकास समिति) हरूले सहभागितात्मक पद्धतिका आधारमा योजनाबद्ध विकास प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन आउँछ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ ले देहायका कानूनी व्यवस्था गर्नुका साथै आवधिक योजना तयार गर्ने सन्दर्भमा निर्देशित गरी यसको प्रावधानलाई अनिवार्य गरेको छ।

(क) जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासको लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्नुपर्ने । (दफा १९५)

(ख) आवधिक योजना तर्जुमा गर्दा कम्तिमा ५ वर्षको लागि गर्नुपर्ने । (नियम १९८)

(ग) आवधिक योजनामा दीर्घकालिन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख भएको हुनुपर्ने । (नियम १९८-२)

(घ) एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्दा सरकारी र गैरसरकारी संस्थाबीच समन्वय/एकीकरण गरिनुपर्ने । (दफा २०४)

(ङ) आवधिक योजनाको लक्ष्यमा आधारित भई राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयले जिल्ला विकास समितिलाई साधनको पूर्वानुमान तथा मार्गदर्शन उपलब्ध गराउने । (दफा १९५ र २०३)

(च) वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अन्य कुराहरूका अतिरिक्त आवधिक योजनाले परिलक्षित गरेका कुराहरूका आधारमा गर्नुपर्ने । (दफा १९५-५)

(छ) अन्य मापदण्डका अतिरिक्त विषयगत क्षेत्रका योजना र कार्यक्रमको आवधिक र दीर्घकालिन योजना तयार गरी लागू गरेको आधारमा जिल्ला विकास समितिले आफ्नो कार्यालयमा विषयगत शाखा स्थापना गर्न सक्ने । (नियम २७०-ग)

(ज) जिल्ला विकास समितिले तर्जुमा गरेको आवधिक जिल्ला विकास योजना परिषद्बाट पारित हुनुपर्ने । (नियम १९८-४)

स्थानीय स्वायत्त शासन ऐन, २०५५ (दफा १९५) मा आवधिक योजना तयार गर्दा निम्नलिखित विषयहरू समावेश गर्नुपर्ने कुरा उल्लेखित छ ।

(क) जिल्लाको भौगोलिक, आर्थिक एवम् प्राकृतिक सम्पदाहरू र तिनीहरूको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरू ।

(ग) पिछडिएका जनजातिहरू एवम् बढी गरिवी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनुपर्ने विभिन्न विकास कार्यहरू ।

(घ) महिला र बालबालिकाका लागि आयमूलक र सीपमूलक विकास कार्यहरू ।

(ङ) सम्पन्न भएका विभिन्न विषय क्षेत्रअन्तर्गतका आयोजनाहरूको विवरण र तिनीहरूको सञ्चालन र सम्भारसम्बन्धी व्यवस्था ।

(च) विकास सम्भावनाहरूका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालीन एवम् दीर्घकालीन विकास कार्यहरू ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनुपर्ने विभिन्न विषयक्षेत्रका जनशक्ति विकास सम्बन्धी कार्यहरू ।

आवधिक जिल्ला विकास योजना (आजिवियो) तर्जुमासँग प्रत्यक्ष सम्बन्धित तल उल्लेखित कार्यहरू समेत आवधिक योजना तर्जुमाको पूर्वाधार भएकाले अग्रीम रूपमा यो तयार गर्नुपर्ने कुरा ऐन र नियमावलीमा व्यवस्था भएको छ ।

(क) सूचना तथा अभिलेख केन्द्र: जिल्लाको वास्तविक स्थितिको पहिचान र योजनाबद्ध विकास प्रक्रियालाई संस्थागत गर्न प्रत्येक जिल्ला विकास समितिमा एक सूचना तथा अभिलेख केन्द्र

स्थापना र सञ्चालन गर्नुपर्ने र त्यसमा जिल्लाभित्रका सबै स्थानीय निकायका देहायका सूचना तथा अभिलेख संकलन गरी राख्नुपर्ने । (दफा २१२)

- अद्यावधिक वस्तुगत विवरण र स्थिति विश्लेषण प्रतिवेदनहरू (development situation analysis reports)
- गाउँ, नगर र जिल्लास्तरीय आवधिक योजनाहरू
- वार्षिक कार्यक्रम, मूल्यांकन प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनहरू
- गैरसरकारी संस्था र निजी क्षेत्रका कार्यक्रम र प्रगति विवरणहरू
- जिल्लाभित्र गरिएका अध्ययन, अनुसन्धानका प्रतिवेदनहरू
- बजेट र आर्थिक विश्लेषणका प्रतिवेदनहरू, आदि ।

जिल्ला विकास समितिले विषयगत शाखाको स्थापनाका लागि कुरा गर्नुपर्ने तीनओटा मापदण्डहरू मध्ये व्यवस्थित रूपमा सूचना तथा अभिलेख केन्द्रको स्थापना र सञ्चालन गरेको हुनुपर्ने पनि एक मापदण्डको रूपमा रहेको छ । (नियम २७०-ख)

(ख) **स्रोतनक्सा र वस्तुगत विवरणः**

- प्रत्येक जिल्ला विकास समितिले जिल्ला विकासका निम्ति जिल्लाको वस्तुगत स्थिति स्पष्ट हुने गरी वस्तुगत विवरण र स्रोतनक्सा तयार गर्नुपर्ने । (दफा १९९)
- स्रोतनक्सा तयार गर्दा सीमाना, क्षेत्रफल तथा जनसंख्या लगायत जिल्लामा उपलब्ध सम्पूर्ण प्राकृतिक साधन र भौतिक पूर्वाधारका साथै सम्पूर्ण वस्तुस्थिति झल्किने गरी तयार गर्नुपर्ने । (नियम १९७)

(ग) **दीर्घकालीन र अन्य विषयगत योजनाहरू तर्जुमा र सञ्चालनः** स्थानीय स्वायत्त शासन ऐनले जिल्ला विकास समितिलाई स्थानीय विकासका सम्पूर्ण पक्षहरूको योजना तर्जुमा, कार्यान्वयन, कार्यक्रम सञ्चालन, अनुगमन र मूल्यांकन समेतका लागि जिम्मेवार बनाएको छ । यसका लागि आवधिक योजना र त्यसका आधारमा वार्षिक कार्यक्रम तर्जुमा लगायत क्रमिकरूपमा देहायका विषयगत योजनाहरू समेत तर्जुमा गरी आवधिक योजनासँग यिनीहरूलाई एकीकरण र समन्वय गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- जिल्ला सडक गुरुयोजना
- भू-उपयोग र वातावरणीय योजना
- कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र अन्य विषयगत योजनाहरू

माथिका यी विषयगत योजनाहरूलाई आवधिक योजनासँग एकअर्काका परिपूरक हुने गरी तर्जुमा र सञ्चालन गर्नुपर्ने दायित्व पनि जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्पष्ट तोकिएको छ । (दफा १८९)

यसरी स्थानीय स्वायत्त शासन ऐन र यससम्बन्धी नियमले जिल्ला विकास समितिहरूलाई स्थानीयस्तरमा योजनाबद्ध एवम् सहभागितात्मक विकासको केन्द्रविन्दुका रूपमा स्थापित गरेको छ । यससम्बन्धी विस्तृत विवरण र अन्य कानूनी व्यवस्थाहरू सम्बन्धित परिच्छेदहरूमा क्रमशः उल्लेख गरिएको छ ।

आवधिक योजना तर्जुमा गर्दा लिइनुपर्ने मूलभूत आधारहरू

आजिवियो तर्जुमा गर्दा माथि उल्लेख भए बमोजिम कानूनी र नीतिगत आधारहरूका अतिरिक्त देहायबमोजिमका आधारहरू लिनुपर्नेछः

- राष्ट्रिय नीति, सिद्धान्तहरू र राष्ट्रिय योजनाहरू
- नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धि, सम्मेलन र सम्झौताहरू (जस्तै बाल अधिकार सम्बन्धी महासन्धी, महिला विरुद्ध हुने सबै प्रकारका अपराध नियन्त्रण सम्बन्धी महासन्धी आदि)
- राष्ट्रिय योजना आयोगले पठाउने मार्गदर्शनहरू
- विषयगत मन्त्रालयहरूले योजना तर्जुमाका क्रममा प्रदान गर्ने मार्गदर्शनहरू
- राष्ट्रिय आवधिक योजनाको नीति तथा लक्ष्यहरू

२.३ प्रकृति र यसले समेट्ने क्षेत्रहरू

आवधिक जिल्ला विकास योजना (आजिवियो) ले जिल्लास्तरमा विकासको गतिलाई स्पष्ट दिशाबोध गर्दछ। यसले विकासका समग्र पक्षलाई समेट्छ। यो मूलतः स्थानगत विशेषताहरू (spatial characteristics) मा आधारित एकीकृत र बहु विषयगत योजना (integrated multi-sectoral development plan) हो। स्थानीय स्वायत्त शासन ऐनको दफा १८९ मा जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत उल्लेखित देहायका १६ ओटा विभिन्न विषयगत कार्यहरूले यसको पुष्टि गर्दछ।

- कृषि सम्बन्धी
- ग्रामीण खानेपानी तथा वस्ती विकास सम्बन्धी
- जलविद्युत सम्बन्धी
- निर्माण तथा यातायात सम्बन्धी
- भूमिसुधार तथा भूमि व्यवस्था सम्बन्धी
- महिला सशक्तिकरण सम्बन्धी
- वन तथा वातावरण सम्बन्धी
- शिक्षा तथा खेलकुद सम्बन्धी
- श्रमको ज्याला सम्बन्धी
- सिंचाई र भूक्षय तथा नदी नियन्त्रण
- सूचना तथा संचार सम्बन्धी
- भाषा र संस्कृति सम्बन्धी
- घरेलु उद्योग सम्बन्धी
- स्वास्थ्य सेवा सम्बन्धी
- पर्यटन सम्बन्धी
- विविध - तथ्यांक व्यवस्थापन, बाल विकास, दैवीप्रकोप, आदिवासी, जनजाति, उपेक्षित वर्गको उत्थान, जनशक्ति विकास र जनसंख्या व्यवस्थापन, औद्योगिक विकास, चल अचल सम्पत्ति संरक्षण आदि

जिल्ला विकाससँग सम्बन्धित सरकारी, गैरसरकारी र निजी क्षेत्र समेतको आजिवियो तर्जुमा र कार्यान्वयनमा उत्तिकै भूमिका र योगदान रहन्छ। यो विकाससँग सम्बन्धित सबैको साझा दस्तावेज हो। त्यसैले यसको तर्जुमा प्रक्रिया सहभागितामूलक एवम् पारदर्शी हुनुपर्ने र सबै साझेदारहरूको सक्रिय संलग्नतामा यो तर्जुमा भई यसका लागि साझा दृष्टिकोण र समझदारी विकास गरिनुपर्दछ। स्थानीय स्तरको स्थानगत विशेषता (territorial features) र तुलनात्मक लाभका आधारमा आजिवियो तर्जुमा गर्नुपर्दछ। त्यसैले जिल्लाभित्रको स्थलगत विशेषता, गाउँ-गाउँ वा गाउँ-नगरवीचको भिन्नता र समानता, छुट्टाछुट्टै स्थिति आदि स्थान विशेषका भौतिक आयामहरू

(physical dimensions) यसमा स्पष्ट खुलेको हुनुपर्दछ । उदाहरणका लागि साक्षरता, गरिबी वा यस्तै अरु विषयसँग सम्बन्धित समस्या केलाउँदा वा विश्लेषण गर्दा जिल्लाभरीको सरदर स्थिति मात्र नहेरी यो समस्या कुन ठाउँमा बढी केन्द्रीत छ ? के कति घरधुरी त्यो स्थितिमा छन् ? उनीहरूको सेवा र सुविधामाथिको पहुँच कस्तो छ ? आदि जस्ता जानकारी लक्षित वर्ग र स्थान समेत स्पष्ट किटानीका साथ विश्लेषण गरिनुपर्दछ; ताकि पछि ठोस कार्यक्रमद्वारा त्यो समस्यालाई समाधान गर्न सकियोस् । अतः आजिवियोले जिल्लाको समस्या, सवलता तथा समाधानका उपायहरूको विवेचना गर्दा सम्भव भएसम्म तल्लो तह अर्थात् जिल्लाभित्रका वस्ती तह, गाउँ विकास समिति/नगरपालिका, इलाका वा निर्वाचन क्षेत्रगत आधारमा गर्नु आवश्यक हुन्छ । यसले गर्दा जिल्ला भित्रको स्थिति एक अर्कासँग तुलना गरी विकासमा सन्तुलन कायम गर्न वस्तुगत आधार तयार हुन्छ ।

यस सन्दर्भमा समस्याको प्रकृति (nature), फैलावट (expansion) र गहिराइ (intensity) का आधारमा कुन तथ्यांक/जानकारी कुन तहबाट संकलन गर्ने भन्ने कुरा पहिले नै निर्धारण गर्नुपर्छ । हाल मौजुदा सहभागितामूलक योजना तर्जुमा पद्धतिका आधारमा वस्तीस्तरदेखि वडा-गाउँ हुँदै इलाका र जिल्लास्तरसम्म गरी यसका विभिन्न तहगत श्रृङ्खलाहरू रहेका छन् । तर हाल आएर सांसद कोषबाट चुनावी क्षेत्र (constitutency) का आधारमा समेत उल्लेखनीय रकम वार्षिक रूपमा विनियोजन हुने गरेकाले सांसद क्षेत्रका आधारमा समेत संभव भएसम्म तथ्यांक संकलन गरिएमा पछि कार्यक्रमको प्रभाव तुलना गर्न सजिलो हुन जान्छ ।

आजिवियोले एकातिर बृहत् राष्ट्रिय नीति र लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउँछ भने अर्कोतिर स्थानीय विशेषता र तुलनात्मक लाभका आधारमा विकासलाई स्थानीय आवश्यकताअनुरूप निर्देशित गरी विकास क्रियाकलापमा तीव्रता प्रदान गर्दछ । स्थानीय स्रोत र साधनको अधिकतम सदुपयोग गरी समन्वियत रूपमा विकास कार्यक्रम अघि बढाउन यसले ठूलो योगदान पुऱ्याउँछ ।

२.४ आवधिक जिल्ला विकास योजनाका सीमाहरू

योजना भनेको भविष्यको अनिश्चिततालाई वस्तुगत आधारमा निश्चिततामा परिणत गरी भविष्यलाई आफूले चाहेको जस्तो अवस्था (दीर्घकालीन सोच र लक्ष्य) तर्फ उन्मुख गराउने पद्धति हो । आवधिक जिल्ला विकास योजनाले ५ देखि ७ वर्षको अवधिका लागि विकासको गति जिल्लाले चाहेका दिशा (desired direction) तर्फ डोऱ्याउने काम गर्दछ ।

यस सन्दर्भमा **आवधिक जिल्ला योजनाको आन्तरिक वातावरण (internal environment) र बाह्य वातावरण (external environment) गरी २ ओटा वातावरणहरू रहेका छन् । आन्तरिक वातावरण भनेको जिल्लाको कार्यक्षेत्रभित्र रहेको अर्थात् जिल्ला विकास समितिको पूर्ण नियन्त्रणमा रहेको अवस्था हो । यसअन्तर्गत जिल्ला विकास समितिको प्रत्यक्ष अधिकारक्षेत्रमा पर्ने कार्यहरू, विषयगत कार्यालयका कार्यक्रमहरू, र श्री ५ को सरकारले जिल्ला विकास समितिको नियन्त्रण र रेखदेखमा सञ्चालन गरेका एवम् जिल्ला विकास समितिले हेर्ने भनी स्पष्ट तोकिएको अन्य योजना र कार्यक्रमहरू पर्दछन् । यसको हरेक पक्षलाई आवधिक योजनाले समेट्दछ । यसप्रकार आफ्नो पूर्ण नियन्त्रणमा रहेका कुराहरूको हकमा जिल्लाले विस्तृत योजना (detail plan) तयार गर्नुपर्दछ । आवधिक योजनालाई विस्तृत रूपमा तर्जुमा गर्न सकेको खण्डमा सो को आधारमा वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन योजना बनाउन सहज हुन्छ ।**

यसैगरी **बाह्य वातावरण** भन्नाले जिल्लाले निर्णय गरी पूर्ण नियन्त्रण भने गर्न नसक्ने तर प्रभाव पार्न सक्ने, नीतिगत सुधारमा सहयोगसम्म गर्न सक्ने र मार्गनिर्देश (guide) गर्न सक्ने अवस्थालाई जनाउँछ। यसमा गैरसरकारी संस्था, सामुदायिक सङ्घ, सङ्गठन र निजीक्षेत्रका कार्यक्रमहरूका साथै केन्द्रीयस्तरबाट सञ्चालित योजना र कार्यक्रमहरू पर्दछन्। यस्ता योजना र कार्यक्रमलाई जिल्लाले सोझै नियोजन (plan), निगमन (regulate) र नियन्त्रण (control) गर्न सक्दैन तर प्रभाव पार्न र जिल्लाको प्राथमिकताअनुसार दिशानिर्देश भने गर्न सक्दछ। यसप्रकारका कार्यक्रमहरूलाई आवधिक योजनामा सिधै समावेश गरी गतिविधि निर्धारण नगरी नीतिगत आधार र प्राथमिकता तोकिदिनुपर्दछ, जसले गर्दा यस्ता योजना र कार्यक्रमहरूबाट जिल्लालाई आजिवियोको लक्ष्य र उद्देश्य हासिल गर्न अनुकूल सहयोग हुन सकोस्।

त्यसैले आजिवियो तयार गर्दा माथि उल्लेखित आन्तरिक र वाह्य वातावरणका आधारमा देहायबमोजिम तीनओटा वर्गमा विभाजन गरी गर्नुपर्दछ।

(क) जिल्ला विकास समितिको पूर्ण अधिकार क्षेत्रभित्र पर्ने कुराका हकमा विस्तृत योजना तयार गर्नुपर्दछ। यसअन्तर्गत देहायबमोजिमका विषयगत क्षेत्रहरू पर्दछन्-

- जिल्ला विकास समितिको आफ्नो आन्तरिक स्रोत र सरकारले वार्षिक रूपमा उपलब्ध गराउने अनुदान (block grant) र कार्यक्रम अनुदान (program grant) बाट सञ्चालन हुने कार्यक्रमहरू
- जिल्लाको कार्यक्षेत्रमा नपर्ने भनी श्री ५ को सरकारले तोकेको बाहेकका विषयगत कार्यालयका जिल्ला र स्थानीय स्तरका योजना र कार्यक्रमहरू
- जिल्ला विकास समितिको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा सञ्चालन हुने भनी तोकिएका अन्य कार्यक्रमहरू

(ख) आर्थिक स्रोतमाथि जिल्ला विकास समितिको पूर्ण नियन्त्रण नभएको विषयमा जिल्लाले आफ्नो आवश्यकताअनुसार नीतिगत आधार र प्राथमिकताका क्षेत्रहरू किटानीका साथ तोकी मार्गनिर्देशन गरिदिनुपर्दछ। यसअन्तर्गत देहायका कुराहरू पर्दछन्:

- गैरसरकारी क्षेत्र र नागरिक समाजद्वारा तर्जुमा गरी सञ्चालन गरिने कार्यक्रमहरू
- निजी क्षेत्रको लगानी र निजी क्षेत्रले सञ्चालन गर्ने योजना र कार्यक्रमहरू

(ग) जिल्लाको मौजुदा क्षमता, स्रोत र कार्यक्षेत्रका आधारमा जिल्लाले बढी प्रभावकारी रूपमा व्यवस्थापन र सम्पादन गर्न सक्ने तर कानूनी र नीतिगत रूपमा स्पष्ट नतोकिएका कुराहरूका हकमा जिल्लाको दीर्घकालीन सोचका आधारमा स्पष्ट दृष्टिकोण र नीति एवम् कार्ययोजना तयार गरी सिफारिशसहित श्री ५ को सरकारको सम्बन्धित निकायमा पठाउनु पर्छ। यसरी सिफारिश पठाउँदा ती योजना वा कार्यक्रमबाट आजिवियोको कार्यान्वयन पक्षमा पर्न सक्ने सम्भावित प्रभाव, जोखिम र सो कार्यक्रम जिल्लाले व्यवस्थापन गरेमा हुन सक्ने सम्भावित प्रभावकारिता र फाइदा समेत स्पष्ट खुलाई पठाउनुपर्दछ। यसरी कार्ययोजना सिफारिश गरी श्री ५ को सरकारको सम्बन्धित निकायमा पठाउँदा जिल्लाको विगतको अनुभव, संस्थागत व्यवस्था र क्षमता समेतलाई आधार लिनुपर्नेछ।

२.५ राष्ट्रिय, विषयगत योजना र अन्य योजनासँगको सम्बन्ध, समन्वय र सम्मिलन

स्थानीय तहको वास्तविकता, समस्या र सबलता बारेमा स्थानीय जनता नै विज्ञ हुन्छन् र उनीहरूले गरेको निर्णय नै बढी यथार्थवादी (practical), पूर्ण (complete), पाको (perfect) र प्रभावकारी (effective) एवम् आर्थिक रूपमा मितव्ययी (economically efficient) हुन्छ भन्ने अवधारणामा

विकेन्द्रीकरणको सिद्धान्त र सहभागितामूलक योजना पद्धति आधारित रहेको छ । यसैअनुरूप सबै साझेदारहरूको संलग्नतामा सहभागितामूलक पद्धतिबाट तयार हुने आवधिक योजनाले स्थानीय यथार्थतामा आधारित भई स्थानीय समस्या समाधान गर्दै जिल्लावासीको आर्थिक, सामाजिक समुन्नति गर्नमा प्रभावकारी गति प्रदान गर्दछ, जुन एक निर्विवाद पक्ष हो । तर आवधिक जिल्ला विकास योजनाको राष्ट्रिय योजना (जस्तैः नवौ योजना), राष्ट्रियस्तरका विषयगत र दीर्घकालिन योजनाहरू (जिल्ला शिक्षा योजना, वन विकास गुरु योजना, २० वर्षे कृषि विकास योजना आदि) सँग तादाम्यता (compitability), नीतिगत र कार्यगत समन्वय एवम् उचित अन्तरसम्बन्ध कायम हुनु अत्यन्त जरुरी छ । जिल्लास्तर यस्तो थलो हो जहाँ एकातर्फ वस्तीस्तरबाट सिर्जित भई आउने स्थानीय चाहना, आवश्यकता र मागले क्रमशः योजनाको प्रारूप निर्धारण गर्दै आउँछ भने अर्कोतर्फ राष्ट्रिय नीति, प्राथमिकता र कार्यक्रमहरू पनि जिल्ला तहबाटै वास्तविक रूपमा कार्यान्वयनमा लगिने हुनाले स्थानीय र राष्ट्रियस्तरका नीति, योजना र कार्यक्रम भेट हुने साझा स्थल जिल्ला नै हो । त्यसैले यिनीहरूबीच उचित तालमेल, समन्वय र एकीकरण हुनु जरुरी छ ।

यस सिलसिलामा आवधिक जिल्ला विकास योजना, राष्ट्रिय योजना र विभिन्न विषयगत योजनाबीच देहायका कुराहरूमा कार्यगत समन्वय र एकीकरण गरी यिनीहरू एकअर्कामा परिपूरक हुने गरी योजना तर्जुमादेखि कार्यान्वयन तहसम्म उपयुक्त संयन्त्र स्थापित गरिनुपर्ने हुन्छ ।

(१) योजनाको दीर्घकालीन र मध्यकालीन लक्ष्य एवम् उद्देश्यहरू ।

(२) योजना तर्जुमा पद्धति र त्यसका आधारहरू ।

(३) नीति, कार्यनीति र सिद्धान्तहरू ।

(४) कार्यक्रम र क्रियाकलापहरू ।

(५) कार्यान्वयन व्यवस्था ।

(६) अनुगमन र मूल्यांकन पद्धति ।

(७) संस्थागत एवम् सङ्गठनात्मक व्यवस्था ।

यसरी एक अर्का बीच कार्यगत समन्वय र एकीकरण गरी एकअर्काका परिपूरकका रूपमा हुने पद्धति कसरी स्थापित गर्ने भन्ने कुरा तल उल्लेख गरिएको छ । (चित्र-१, पेज नं. १८)

२.५.१ आवधिक जिल्ला विकास योजना र राष्ट्रिय विकास योजना तथा राष्ट्रिय नीतिहरू

आजिवियो र राष्ट्रिय योजना (पञ्चवर्षीय योजना) एकअर्काका परिपूरक हुन् । पञ्चवर्षीय योजनाले देखाएको प्रतिबद्धता र स्थानीय स्वायत्त शासन ऐनले निर्दिष्ट गरेबमोजिम सहभागितामूलक पद्धतिद्वारा जिल्लाले आवधिक योजना तर्जुमा गर्दछ । स्थानीयस्तरबाट उठेर आएका विकासका समस्याहरूले प्रक्रियागत ढंगबाट अन्ततः योजनाको स्वरूप धारण गर्ने भएकाले आजिवियो स्थानीय जनचाहनाको प्रत्यक्ष प्रतिविम्व हो । यसले राष्ट्रियस्तरको समष्टिगत योजना तर्जुमामा स्थानीय स्तरको तुलनात्मक लाभ, जनचाहना, आवश्यकता र स्थानीय दृष्टिकोण प्रस्तुत गरी एकातिर राष्ट्रिय योजना र राष्ट्रिय नीति तर्जुमामा सहयोग पुऱ्याउँछ भने अर्कातिर राष्ट्रिय नीति र राष्ट्रिय योजनाले राखेको बृहत् लक्ष्य परिपूर्तिमा आजिवियोले स्थानीय स्तरबाट आ-आफ्नो विशेषताका आधारमा सक्दो योगदान पुऱ्याउँछ । यसरी एकातिर आजिवियो र अर्कोतिर राष्ट्रिय दृष्टिकोण, राष्ट्रिय नीति एवम् योजनाबीच परिपूरकको सम्बन्ध रहेको छ ।

राष्ट्रिय विकास योजना मूलतः विषयगत (sectoral) आधारमा तयार हुने र यसले समष्टिगत आर्थिक-सामाजिक विश्लेषण (macro socio-economic analysis) गरी विषयगत लक्ष्यहरू (sectoral targets) किटान गर्ने हुँदा यसमा भौतिक र स्थानगत आयाम (physical and spatial dimension) स्पष्ट हुँदैन। राष्ट्रिय विकास योजना तर्जुमा प्रक्रिया केन्द्रमुखी (top-down) रहन्छ। जिल्ला विकास योजना सहभागितात्मक प्रक्रियाद्वारा तयार गरिने हुँदा यसले भौतिक तथा स्थानगत आयाम (physical and spatial dimension) समेटेको हुन्छ। आजिवियो स्थानगत आधारमा (terroterial basis) तयार गरिने र यसमा भौतिक तथा स्थानगत आयाम (physical and spatial dimension) स्पष्ट हुने भएकाले यो बढी विस्तृत हुन्छ। तर आजिवियो राष्ट्रिय योजनाको बृहत् परिधि (broad framework) भित्र रही तयार गरिनु पर्छ।

स्थानीय स्वायत्त शासन ऐनमा राष्ट्रिय योजनाको लक्ष्य तथा नीति र जिल्लास्तरीय लक्ष्य तथा नीतिहरूबीच अन्तरसम्बन्ध, समन्वय र परिपूरकको सम्बन्ध स्थापित गर्न देहायका कानूनी व्यवस्थाहरू गरिएको छ।

(क) प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नुपर्दछ। यसबमोजिम तर्जुमा गरिएको योजनाको आधारमा राष्ट्रिय योजना आयोग र श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयले जिल्ला विकास समितिलाई कार्तिक महिनाभित्र अनुदान र आवश्यक नीति तथा मार्गदर्शनहरू उपलब्ध गराउनुपर्नेछ। (दफा १९८, उपदफा १ र २)

(ख) जिल्ला विकास समितिले वार्षिक योजना तर्जुमा गर्दा निम्नलिखित कुराहरूलाई आधार लिनुपर्नेछ (दफा १९५ को उपदफा ५):

- राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयबाट प्राप्त निर्देशनहरू
- राष्ट्रिय लक्ष्य तथा नीतिका आधारमा तय गरिएका जिल्लास्तरीय नीति तथा लक्ष्यहरू
- आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरू

(ग) जिल्ला विकास समितिले वार्षिक योजना तर्जुमा गर्नु अगावै देहायका स्रोत र साधनहरूको अनुमान तयार गर्नुपर्नेछ (दफा १९६):

- जिल्ला विकास समितिको आफ्नै श्रम, स्रोत र साधन
- श्री ५ को सरकारबाट प्राप्त एकमुष्ट अनुदान
- श्री ५ को सरकारका विभिन्न विषयगत मन्त्रालयहरूबाट विषयगत लगानी बापत प्राप्त एकमुष्ट साधन
- अन्य संस्थाहरूबाट प्राप्त सहयोग

(घ) निर्देशन पालना गर्नुपर्नेः जिल्ला विकास समितिहरूलाई जिल्ला विकास योजना तर्जुमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग र श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयले समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ। यसबमोजिम दिएको निर्देशन जिल्ला विकास समितिले पालन गर्नुपर्नेछ। (दफा २०७, उपदफा १ र २)

(ङ) जिल्ला विकास योजना सम्बन्धमा राष्ट्रिय योजना आयोग र श्री ५ को सरकारको दायित्वः जिल्ला विकास योजना तर्जुमाका लागि आगामी आर्थिक वर्षको निमित्त आ-आफ्नो विषयक्षेत्रमा विभिन्न जिल्लाहरूलाई प्रदान हुने साधनको पूर्वानुमान र सोसँग राष्ट्रिय विकास नीति र प्राथमिकता तथा अन्य मार्गदर्शनहरू भए सो समेत उपलब्ध गराउनुपर्नेछ। यसरी उपलब्ध गराइने साधनको पूर्वअनुमान र मार्गदर्शन प्रत्येक जिल्लाको आवधिक

योजनाको लक्ष्यबाट राष्ट्रिय योजना आयोगले निर्धारण गरी विषयगत मन्त्रालयहरूलाई निर्देशन दिनुपर्नेछ। (दफा २०३)

(च) **श्री ५ को सरकारले निर्देशन दिन सक्ने:** श्री ५ को सरकारले स्थानीय निकायलाई प्रचलित कानूनद्वारा तोकिएका कार्यहरू सम्पादन गरे नगरेको, पिछडिएका जनजाति, महिला तथा बालबालिकाहरूको हितलाई आवश्यक प्राथमिकता दिए नदिएको, पर्यावरण सन्तुलनजस्ता विषयले प्रश्रय पाए नपाएको जस्ता विषयहरूमा नियमित अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ। यसरी श्री ५ को सरकारले दिएको निर्देशन पालन गर्नु सम्बन्धित स्थानीय निकायको कर्तव्य हुनेछ। (दफा २३४, उपदफा १ र २)

(छ) **आयोजना कार्यान्वयन प्रक्रियाः** सम्बन्धित मन्त्रालयले दिएको मार्गदर्शन र बजेट अनुमानभन्दा फरक हुने गरी जिल्ला विकास समितिले वार्षिक कार्यक्रम र बजेट पारित गरेमा त्यसको औचित्य जाँचबुझ गरी त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा विषयगत मन्त्रालयले सम्बन्धित जिल्ला विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी निर्देशन प्राप्त भएकोमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्नेछ। (नियम २०० को उपनियम ख)

(ज) **विषयगत शाखाको स्थापनाः** स्थानीय स्वायत्त शासन ऐनको दफा २५७ को प्रयोजनका लागि देहायका मापदण्ड पूरा गरेका आधारमा जिल्ला विकास समितिले आफ्नो कार्यालयमा विषयगत शाखा स्थापना गर्न सक्नेछ।

- ऐनको दफा १९७ को उपदफा १ बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरेको।
- ऐनको दफा २१२ बमोजिम सूचना तथा अभिलेख केन्द्र खोली व्यवस्थित रूपमा सञ्चालन गरेको।
- ऐनको दफा १८९ बमोजिमका विषयगत क्षेत्रका योजना र कार्यक्रमको आवधिक र दीर्घकालीन योजना तयार गरी लागू गरेको।

माथिका मापदण्ड पूरा गरेका आधारमा जिल्ला विकास समितिले सम्बन्धित जिल्लाको प्राथमिकता र राष्ट्रिय प्राथमिकता समेतलाई दृष्टिगत गरी विषयगत शाखा खोल्न आवश्यक कर्मचारी व्यवस्था सहितको योजना तयार गरी जिल्ला परिषद्बाट स्वीकृत गराई मन्त्रालय समक्ष प्रस्ताव प्रस्तुत गर्नुपर्नेछ। श्री ५ को सरकारको सम्बन्धित मन्त्रालयले माथि उल्लेखित मापदण्ड पूरा गरेका आधारमा विषयगत शाखा खोल्न अनुमति दिनेछ।

राष्ट्रियस्तरमा पञ्चवर्षीय योजनाका अतिरिक्त दीर्घकालीन सोचका आधारमा तयार गरिएका अन्य विषयगत योजनाहरू पनि छन्। यसमा मुख्यरूपमा दीर्घकालीन (२० वर्षे) कृषि विकास योजना, वन विकास गुरुयोजना, स्वास्थ्य क्षेत्रको दीर्घकालीन योजना आदि पर्दछन्। यी योजनाहरूको राष्ट्रियस्तरबाट लक्ष्य निर्धारण गरिएका छन्। यिनीहरूको खास कार्यान्वयन जिल्लास्तरबाट नै हुने हुनाले यी योजनाहरूसँग तादाम्यता हुने गरी विषयगत आधारमा जिल्लागत लक्ष्य र उद्देश्य आजिवियोले निर्धारण गर्दछ। यी जिल्लास्तरीय विषयगत लक्ष्य, उद्देश्य र नतिजाहरू स्थानीय विशेषताका आधारमा तय गरिने हुनाले बढी स्पष्टरूपमा किटानी गरिएका (specific) हुन्छन् जसले अन्ततः राष्ट्रियस्तरको लक्ष्य हासिल गर्न योगदान पुऱ्याउँछ। त्यसैले आजिवियो तर्जुमा गर्ने क्रममा खास गरी विश्लेषणका क्रममा र लक्ष्य, उद्देश्य एवम् नतिजाहरू निर्धारण गर्दा विषयगत योजनाहरूलाई ध्यान दिनुपर्छ।

आजिवियो तर्जुमा भइसकेपछि विषयगत कार्यक्रमहरू सबै आवधिक योजनाले निर्दिष्ट गरेबमोजिम कार्यान्वयन र सञ्चालन हुनुपर्ने भएकाले विषयगत कार्यालय प्रमुखहरू योजना तर्जुमामा सक्रियरूपमा सहभागी भई आ-आफ्नो क्षेत्रको विगतको उपलब्धि, क्षमता र भविष्यका सोच र कार्यक्रमहरू छलफलमा ल्याउनुपर्दछ। यसरी आजिवियो तर्जुमा तथा कार्यान्वयनमा सक्रिय योगदान गर्नु विषयगत कार्यालयहरूको कर्तव्य हुनेछ।

२.५.२ आजिवियो र अन्य स्थानीय निकायका योजनाहरू

माथि उल्लेखित राष्ट्रियस्तरका समष्टिगत आर्थिक-सामाजिक विकास योजना र विषयगत योजनाहरूका अतिरिक्त आजिवियोलाई स्थानीयस्तरका अन्य स्थानीय निकाय (गाउँ विकास समिति र नगरपालिका) का योजनाहरूसँग समेत तालमेल, समन्वय र अन्तरसम्बन्ध स्थापित गरिनुपर्ने हुन्छ। यस सन्दर्भमा एकातिर आजिवियो सहभागितामूलक पद्धतिका आधारमा गाउँ र नगर परिषद्बाट प्राप्त योजनाहरूलाई समेत आधार बनाई तर्जुमा गर्नुपर्दछ भने अर्कोतिर माथि उल्लेख भएबमोजिम जसरी राष्ट्रिय योजनाको बृहत् परिधि (broad framework) भित्र आजिवियो रहनुपर्छ त्यसैगरी सम्बन्धित जिल्लाभित्रका स्थानीय निकायका आवधिक योजनाहरू पनि आजिवियो तर्जुमा भइसकेपछि आजिवियोले निर्धारण गरेको बृहत् परिधिभित्र रहनुपर्दछ। गाउँ र नगर स्तरका आवधिक योजनाहरूले आजिवियोको लक्ष्य र उद्देश्यहरू हासिल गर्नमा आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउँछन्। तर स्थानगत रूपमा भने यी बढी विस्तृत (specific) हुन सक्छन्। त्यसैले एकातिर आजिवियो तर्जुमा गर्ने क्रममा जिल्लाको सम्पूर्ण पक्ष स्थानगत (spatial) रूपमा झल्किने गरी वस्तीस्तरदेखिकै तथ्यांक संकलन र विश्लेषण हुनु अत्यावश्यक छ भने अर्कोतर्फ जिल्लाभित्रका नगरपालिका र गाउँ विकास समितिहरूले आजिवियो तर्जुमाका क्रममा आवश्यक तथ्यांक उपलब्ध गराई सक्रिय सहभागिताद्वारा योगदान पुऱ्याउनुपर्दछ। यसप्रकारको दोहोरो प्रणालीले आजिवियो र गाउँ तथा नगरबीचको विकास प्रयासको एकीकरण र समन्वयमा प्रभावकारिता आउँछ।

स्थानीय स्वायत्त शासन ऐन र नियमवालीमा भएका यससम्बन्धी कानूनी व्यवस्थाहरू निम्नलिखित छन्:

(क) जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा गर्दा वस्ती-गाउँ विकास समिति र नगरपालिका स्तरबाट इलाका स्तर हुँदै क्रमबद्ध रूपमा गोष्ठीहरूको आयोजना गरी सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्वन गर्नुपर्नेछ। (दफा १९७, नियम १९९)

(ख) जिल्ला विकास समितिले वार्षिक योजना तर्जुमा गर्दा गाउँ परिषद् र नगर परिषद्बाट प्राप्त योजनाहरूलाई आधार लिनुपर्नेछ। (दफा १९५ को उपदफा ५-घ)

(ग) जिल्ला विकास समितिले जिल्ला विकास योजना तर्जुमा गर्दा गाउँ परिषद्ले बनाउने वार्षिक विकास कार्यक्रमलाई आवश्यक टेवा पुऱ्याउनुपर्नेछ। (दफा २०३ उपदफा २)

२.५.३ आजिवियो र गैससका योजनाहरू

स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गरिरहेका गैससहरूको जिल्ला विकासमा महत्वपूर्ण योगदान रहन्छ। त्यसैले यी दुईबीच पनि उचित तालमेल र परिपूरक रूपमा समन्वय कायम हुनु जरुरी छ। एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्दा सरकारी तथा गैरसरकारी संस्थाबीच देहायबमोजिम समन्वय कायम गर्नुपर्ने कानूनी व्यवस्था स्थानीय स्वायत्त शासन ऐनमा गरिएको छ। (दफा २०४)

(क) एकीकृत जिल्ला विकास योजना तर्जुमा गर्दा जिल्लाभित्र विभिन्न सेवा र विकास कार्यक्रमहरू सञ्चालन गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूबीच बैठक बसी वार्षिक विकास योजनाहरूबीच समन्वय कायम गर्नुपर्नेछ। यसरी समन्वय कायम गर्ने सिलसिलामा कुनै मतभेद भएमा राष्ट्रिय योजना आयोगले आवश्यक मध्यस्थता गर्नेछ।

(ख) समन्वयात्मक बैठकमा देहायका कुराहरूमा समन्वय कायम गर्नुपर्नेछः

- कुनै पनि क्षेत्रमा गरिने लगानीमा दोहोरोपन हटाउने।
- लगानी गर्ने संस्थाहरूबीच आपसमा परिपूरकको समन्वय कायम गर्ने।
- जिल्लावासीहरूले अधिकतम लाभ हासिल गर्न सक्ने प्रविधि अपनाउने।

यसलाई कार्यगतरूपमा व्यवहारमा उतार्नका लागि आजिवियो तर्जुमाका क्रममा आयोजना गरिने कार्यशाला गोष्ठीहरूमा सम्बन्धित गैससहरूले आ-आफ्नो क्षेत्रको तथ्यांक र कार्यक्रम, अनुभव, नीति एवम् सोच प्रस्तुत गर्नुपर्दछ। गैससहरू जिल्ला विकास समितिको प्रत्यक्ष रूपमा नियन्त्रित वातावरणमा नपर्ने भए तापनि यिनीहरूका योजना तथा कार्यक्रम जिल्ला विकास समितिले निर्धारण गरेका प्राथमिकता र तोकिएको नीतिगत सीमाभन्दा बाहिर नजाने गरी सञ्चालन गर्नुपर्दछ, जसले गर्दा एकआपसमा अन्तरसम्बन्ध र समन्वय कायम गर्न सहज हुन जान्छ। यस सन्दर्भमा गैससको कार्यक्रम प्रभावकारी भएको र विशेषज्ञता हासिल गरेका र बढी मितव्ययी रूपमा कार्यक्रम संचालन गरेका क्षेत्रमा स्थानीय निकाय र विषयगत कार्यालयहरूले दोहोरो कार्यक्रम सञ्चालन नगरी गैससहरूलाई नै छाडिदिने गरी आजिवियोमा जिम्मेवारी किटान गर्नु उपयुक्त हुन्छ।

२.५.४ आजिवियो र निजी क्षेत्रका योजनाहरू

जिल्ला विकासको कार्य सरकारी क्षेत्र (public sector) को एकांकी प्रयासले मात्र सम्भव छैन। यसका लागि अन्य क्षेत्रहरूका अतिरिक्त निजी क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ। हाम्रो सन्दर्भमा सरकारी क्षेत्र, स्थानीय निकाय, निजी क्षेत्र र अन्य निकाय समेतको साझेदारी र परिपूरकको सम्बन्ध सहितको सामूहिक विकास प्रक्रियाको थालनी गर्नु जरुरी भइसकेको छ। त्यसैले निजी क्षेत्रको लगानी जिल्ला भित्र आकर्षित र केन्द्रित गर्ने उपयुक्त नीतिगत वातावरण तयार गरी लगानीलाई उपयुक्त क्षेत्रतर्फ डोऱ्याउने प्रयास गरिनुपर्ने हुन्छ। निजी क्षेत्रको लगानी परिचालन गर्ने विभिन्न विधिहरू छन्। यसमा प्रमुख रूपमा शेयर लगानी र परिचालन, BOT (Build, Operate and Transfer) आदि पर्दछन्। यसका लागि जिल्लाले निजी क्षेत्रको लगानीको लागि नीतिगत आधार र प्राथमिकता क्षेत्र किटान गरिदनिुपर्छ। यस सम्बन्धी व्यवस्थलाई माथि अनुच्छेद २.४ मा आवधिक योजनाका सीमाहरू अन्तर्गत उल्लेख गरिसकिएको छ।

२.५.५ आजिवियो र क्षेत्रीय योजना

देशमा स्थानीय स्वायत्त शासन पद्धति स्थापित भई जिल्ला, नगर र गाउँस्तरसम्म आवधिक विकास योजना तर्जुमा र कार्यान्वयन हुन लागेको यस नवस्थापित व्यवस्थाका सन्दर्भमा राष्ट्रिय तहदेखि नगर/गाउँ तहसम्मको योजना पद्धतिबीच एकता, समन्वय र एकआपसमा अन्तर्सम्बन्ध अझ दरिलो हुनुपर्ने कुरा टड्कारो रूपमा देखिएको छ।

यसै सन्दर्भमा विभिन्न तहका योजना पद्धति र यसको सीमा एवम् अन्तर्सम्बन्धका विषयमा अझ स्पष्टता आउनु आवश्यक पर्दछ। यसो भएमा गाउँ, नगर, जिल्ला र राष्ट्रिय स्तरबीच योजना तर्जुमा र कार्यान्वयनका लागि एकआपसमा परिपूरकको सम्बन्ध स्थापित हुन गई अझ

प्रभावकारिता आउँछ । यस सम्बन्धमा गाउँ, नगर र जिल्लाबीच स्थलगत रूपमा नजिकको सम्बन्ध भएको र कानूनी रूपमा यी निकायहरूका बीचमा निकै स्पष्टता आइसकेको छ ।

जिल्ला परिषद्बाट पारित भएका योजनाहरू वार्षिक बजेटमा पूर्ण रूपले समावेश हुन नसकेको समस्यालाई निराकरण गर्नका लागि राष्ट्रिय तथा क्षेत्रीय योजनाहरूसँग आजिवियोलाई सम्मीलन (integrate) गराउन जरुरी छ । कुनै पनि विकासको समस्यालाई जिल्लाको दृष्टिकोण (district perspective) तथा केन्द्रको दृष्टिकोण (national perspectrive) बाट हेर्दा फरक हुन सक्छ । उदाहरणार्थ हरेक जिल्लाले विमानस्थल वा राजमार्ग निर्माण योजना माग गर्नु वा पहिलो प्राथमिकता तोक्नु जिल्लास्तरीय दृष्टिकोणबाट उपयुक्त हुन सक्छ तर केन्द्रीय दृष्किोणबाट हेर्दा हरेक जिल्लामा विमानस्थल वा राजमार्ग निर्माण गर्न अनुपयुक्त हुन सक्छ वा कुनै एक जिल्लाले मात्र प्राथमिकता पाउन सक्छ । अतः आवधिक जिल्ला विकासलाई जोडेर राष्ट्रिय योजना निर्माण गर्न वा राष्ट्रिय योजनालाई खण्डित गरेर आजिवियो तयार गर्न नसकिने हुँदा आजिवियो र राष्ट्रिय योजनाबीच एउटा कडी (link) आवश्यक हुन्छ । कतिपय देशहरूले स्थानीय र केन्द्रीय योजनाको कडीको रूपमा क्षेत्रीय योजना तयार गरेको देखिन्छ । राष्ट्रिय साधन र स्रोतलाई क्षेत्रीयस्तरमा बाँडफाँड गरी स्थानीय समस्याहरूलाई क्षेत्रीय स्तरमा छलफलद्वारा क्षेत्रीय योजना तयार गर्ने र क्षेत्रीय योजनाको जोडबाट राष्ट्रिय योजना तर्जुमा गर्ने, एवम् क्षेत्रीय योजनाले दिएको मार्गदर्शन तथा निर्देशनबाट जिल्ला योजना तर्जुमा गर्ने प्रक्रिया भएमा विभिन्न तहको योजनाहरूलाई सम्मीलन गराउन सरल तथा सहज हुन्छ ।

क्षेत्रीय आयाम (regional dimension) भएका विकासका सवाल र समस्याहरूलाई क्षेत्रीय हिसाबले समाधान गरिनु बढी प्रभावकारी हुन्छ । उदाहरणका रूपमा यस्ता समस्याहरूमा वातावरणीय समस्या, खानेपानीको स्रोत संरक्षण र उपयोग आदिलाई लिन सकिन्छ । यसका लागि पनि क्षेत्रीयस्तरमा योजना पद्धतिको कुनै साझा स्थलको आवश्यकता पर्दछ । त्यसैले केन्द्रस्तरका प्रतिनिधिहरू, स्थानीय निकायका प्रतिनिधिहरू, गैरसरकारी र निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने गरी क्षेत्रीयस्तरमा एक स्थायी साझा स्थल (common platform) बनाई साझा रूपमा जिल्ला स्तरलाई राष्ट्रिय स्तरसँग तालमेल र समन्वय गरिनुपर्ने कुरा एक आवश्यकताका रूपमा देखिएको छ । यसका लागि वर्तमान सन्दर्भमा सहभागितात्मक जिल्ला विकास कार्यक्रमले सुरु गरेको क्षेत्रीय संजाल बैठक (regional networking meeting) लाई अझ सुदृढ र संस्थागत गरी क्षेत्रीय स्तरको स्थायी साझा स्थलका रूपमा अघि बढाउनु बढी व्यावहारिक र उपयुक्त हुन आउँछ । यसका लागि राष्ट्रिय योजना आयोगको क्षेत्रीय निर्देशनालयले योजना तर्जुमा सम्बन्धी प्राविधिक विशेषज्ञता प्रदान गर्ने, राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयहरूसँग समन्वयमा सहयोग गर्नुका साथै क्षेत्रीय स्तरको सचिवालयको भूमिका निभाई स्थानीय विकास मन्त्रालय अन्तर्गतका क्षेत्रीय निर्देशनालयहरूले आ-आफ्नो क्षेत्रका स्थानीय निकाय, गैसस, निजी क्षेत्र लगायत सबै साझेदारबीच समन्वय गर्ने कार्यको जिम्मेवारी वहन गर्नु उपयुक्त हुन्छ ।

२.६ आवधिक जिल्ला विकास योजनामा समावेश हुनुपर्ने विषयहरू

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (नियम १९८-२) मा आवधिक योजनामा योजनाको दीर्घकालिन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी जिल्लाको भौतिक पूर्वाधार तथा सेवासुविधा, स्रोतपरिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवम् निजी क्षेत्रको लागत सहभागिता लगायत जिल्ला विकास समितिले गर्ने काम समावेश भएको हुनुपर्ने कुरा उल्लेख भएको छ ।

माथि उल्लेखित कानूनी व्यवस्था बमोजिम स्थानीय स्तरका तथ्यांक र सूचनामा आधारित भई सहभागितामूलक प्रक्रियाबाट आजिवियोको योजना दस्तावेजलाई अन्तिम रूप दिनुपर्दछ। योजना दस्तावेज (plan document) ले माथि उल्लेखितका अतिरिक्त योजनामा हुनुपर्ने अन्य कतिपय आधारभूत कुराहरू समेट्नुपर्ने र त्यसमा एकरूपता समेत आवश्यक भएकाले आजिवियोको योजना दस्तावेजको विषयसूची अनुसूची-१ मा दिइएको छ।

योजना दस्तावेजको विषयसूची २ खण्डमा विभाजित छ। पहिलो खण्डका रूपमा तथ्याङ्क/सूचना विश्लेषण सहितको जिल्ला वस्तुस्थिति चित्रण (district profile analysis) तयार गर्नुपर्दछ भने दोस्रो खण्डमा आवधिक जिल्ला विकास योजना समावेश गर्नुपर्दछ। योजना तर्जुमाको क्रममा अगाडि बढ्दा पहिलो चरणमा जिल्ला वस्तुस्थिति चित्रण तयार गरी त्यसको विश्लेषणबाट प्राप्त सूचनाका आधारमा मात्र भाग २ अर्थात् आवधिक जिल्ला विकास योजनाको दस्तावेज तयार गर्नुपर्दछ। यी खण्ड १ र २ कसरी तयार गर्ने र यसमा के के विषयवस्तु कसरी समावेश गर्ने भन्नेबारेमा विस्तृत विवरण यस निर्देशिकाको खण्ड ग घ र ङ मा उल्लेख गरिएको छ।

चित्र नं. १.   विभिन्न तहका योजनाहरूबीच अन्तरसम्बन्ध र समन्वय



३

आवधिक जिल्ला विकास योजना तर्जुमा प्रक्रिया
(District Periodic Plan Formulation Process)

३.१ भूमिका

राष्ट्रको स्रोत तथा साधनलाई निश्चित समयभित्र तोकिएको लक्ष्य हासिल गर्न नियन्त्रित तथा निर्देशित गर्नुपर्ने आवश्यकतालाई महशुस गरी विगत ४।५ दशकदेखि आर्थिक तथा सामाजिक विकासलाई प्रवर्द्धन गर्ने नीतिगत अस्त्र (policy tools) को रूपमा योजनाको अवधारणा (concept of development planning) ले लोकप्रियता पाउँदै आएको छ। विगतमा योजना तर्जुमा गर्दा मुलुकको भविष्यको स्वरूप कस्तो हुनुपर्ने हो सोको परिकल्पना गरी सोको आधारमा लक्ष्य गरेर सुरु गरिने प्रचलन रहेको थियो। यसप्रकारको योजना बढी केन्द्रमुखी रहने तथा स्थानगत समस्याहरूप्रति बढी संवेदनशील नहुने हुँदा योजनालाई स्थानीय समस्याको समाधानमुखी बनाउनका लागि हालका वर्षहरूमा योजना तर्जुमा प्रक्रियालाई विकेन्द्रीत गरिएको छ। विकेन्द्रीत योजना तर्जुमा प्रक्रियामा स्थानीय समस्याहरूको विस्तृत विश्लेषण गरी विद्यमान अवस्थाको आंकलन गरेर भविष्यमा हामी कहाँ पुग्नुपर्ने हो सोको आधारमा लक्ष्य किटान गरिन्छ।

अतः आवधिक जिल्ला विकास योजना तर्जुमाको प्रारम्भ जिल्लाको विद्यमान अवस्था विश्लेषण गर्न आवश्यक पर्ने तथ्यांक संकलन गरेर सुरु गरिन्छ। आवश्यक तथ्यांक संकलन भएपछि त्यसलाई विश्लेषण गरी सूचनामा परिणत गर्नुपर्छ। यसबाट देखिएका **जिल्ला विकासका मौजुदा समस्या र सवालहरू (problems and issues) एवम् उपलब्ध अवसर र सम्भावनाहरू (opportunities and potentials) का आधारमा विगतको प्रवृत्ति (past trend) समेतलाई ध्यानमा राखी आगामी निश्चित अवधिमा जिल्लालाई कस्तो अवस्थामा पुऱ्याउने भन्ने कुरामा मस्तिष्क मन्थन गरी लक्ष्य (goal) निर्धारण गरिन्छ।** यो वस्तुगत/तथ्यगत रूपमा हाल विद्यमान अवस्थामा आधारित भई गरिन्छ। यो तरिकाले बढी मात्रामा विद्यमान समस्या समाधान र स्थानीय तहमा उपलब्ध अवसरहरूको उपयोग गर्नमा जोड दिन्छ।

आविजियो पूर्णतः स्थानगत आधार (spatial basis) मा तर्जुमा गरिने योजना भएकाले यो एकातिर विद्यमान अवस्था, विकासका समस्या/सवालहरू एवम् चुनौतीका आधारमा र अर्कोतर्फ स्थानीय स्तरमा उपलब्ध सीप, क्षमता एवम् अवसर र सम्भावनाहरूमा केन्द्रित भई अघि बढाइनु उपयुक्त हुन्छ। त्यसैले योजना तर्जुमाको पूर्वाधारको रूपमा यस्ता सम्पूर्ण पक्षहरू समेट्ने तथ्यांकहरू संकलनबाट यो प्रक्रिया सुरु हुन्छ। स्थानीय विकासका समग्र पक्षहरू (आर्थिक, सामाजिक आदि) र भौतिक आयाम (physical dimension) झल्किने गरी बढीभन्दा बढी मात्रामा भरपर्दो र स्रोत खुलेको तथ्यांक यसका लागि अत्यावश्यक पर्दछ। यस पद्धतिबाट गरिने योजना तर्जुमा प्रक्रियालाई तथ्यांक संकलन र विश्लेषणको चरणले दिशाबोध गर्नुका साथै योजनाको गुणस्तर समेत यही चरणले निर्धारण गर्दछ। त्यसैले यो सबैभन्दा महत्वपूर्ण चरण हो।

योजना (planning) समस्याको समाधानसँग प्रत्यक्ष सम्बन्धित भएकाले योजना तर्जुमा प्रक्रियामा समस्याको पहिचान गरी देहायका प्रश्नहरूको उत्तर तथा व्याख्या खोज्नुपर्ने हुन्छ ।

१. **जिल्लाको वर्तमान अवस्था के कस्तो छ ? अर्थात् हामी अहिले कहाँ छौं ? हामी कसरी अगाडि बढ्दैछौ ? हाम्रो अगाडि बढ्ने गति के छ (observation of trends) ?**

२. **हाम्रो वर्तमान अवस्था किन र कसरी भयो (explanation of observed trends) ?**

३. **हाम्रो वर्तमान अवस्थाले भविष्यमा हामीलाई कता डोऱ्याउँछ (implication of observed trends) ?**

४. **वर्तमान स्थिति तथा विकास गतिले सिर्जना गर्ने भविष्य अपेक्षित हो वा होइन (whether implications are desirable or not) ?**

५. **यदि अपेक्षित होइन भने, हाम्रो भविष्य कस्तो हुनुपर्ने हो ? अर्थात् हामी कहाँ जाने हो ? वर्तमान समस्याहरूको समाधान के के हुन् (goal and objectives) ?**

६. **हामी लक्ष्यमा कसरी पुग्ने हो ? लक्ष्यमा पुग्ने वैकल्पिक उपायहरू के के छन् (alternative analysis) ? सर्वोत्तम उपाय के हो ?**

७. **हामी लक्ष्यमा पुग्यौ भन्ने कसरी थाहा पाउने (indicators) ? र सो कसरी प्रमाणित गर्ने (means of verification) ?**

माथिका प्रश्नहरूको उत्तर वस्तुगत रूपमा क्रमशः खोज्दै जाँदा आजिवियो तर्जुमा प्रक्रिया पनि क्रमशः अघि बढ्दै जान्छ । निर्देशिकाको आउँदा भागहरूमा माथि उल्लेखित प्रश्नहरूको उत्तर कसरी खोज्ने तथा व्याख्या कसरी गर्ने हो सोको विधि तथा तरिकाहरूको वर्णन गरिएको छ ।

३.२ आजिवियो तर्जुमाका महत्वपूर्ण पक्षहरू

योजना भनेको मूलतः निर्दिष्ट लक्ष्य हासिल गर्नका लागि गर्नुपर्ने कार्यहरू बारे विस्तृत रूपले जारी गरिएको निर्देशन (elaboration of instructions) हो । यस्तो निर्देशन विगतमा गरिएका कार्यहरूको अनुभवबाट प्राप्त ज्ञान र सूचना (empirical information) तथा त्यसको व्यवस्थित व्याख्या (systematic reasoning) बाट सिर्जना गरिएको हुन्छ । अतः योजना प्रक्रियामा देहाय बमोजिमका तीन पक्षहरू महत्वपूर्ण छन् ।

- सूचना (information)
- वहस/छलफल (deliberation)
- निर्देशन (instruction)

योजना तर्जुमा प्रक्रियामा सूचना तथा छलफललाई के कसरी समेटिएको छ सो को आधारमा योजनाका निम्नलिखित चार अवस्था हुन सक्ने देखिन्छ ।

- सूचना विना नै छलफल गरी सो को आधारमा निर्देशन जारी गर्ने (अन्तरज्ञानमा आधारित योजना/planning by intuition)
- छलफल विना नै सूचनाको आधारमा निर्देशन जारी गर्ने (प्रेरणामा आधारित योजना/planning by inspiration)

- सूचना तथा विचार विमर्श विना नै निर्देशन जारी गर्ने (हचुवामा आधारित योजना/planning by speculation)
- पर्याप्त सूचना तथा सूचना उपर छलफल गरी सो को आधारमा निर्देशन जारी गर्ने (समग्रतामा आधारित योजना/comprehensive planning)

आजिवियोले चौथो अवस्था अर्थात् समग्रतामा आधारित योजनालाई अंगाल्नु पर्छ। तसर्थ, योजना निर्माण गर्दा हामी कहाँ छौ ? हाम्रो स्थिति के छ ? तथा हाम्रो अघि बढ्ने गति (trend) कस्तो छ ? भन्ने कुराको वस्तुगत जानकारी आवश्यक पर्छ। यसका लागि आवश्यक तथ्यांक संकलन गरी त्यसलाई विश्लेषण गरी सूचना (information) मा परिणत गर्नुपर्ने हुन्छ। उल्लेखित सूचना माथि सम्बन्धित सबै पक्षको सहभागितामा विचारविमर्श गरी विद्यमान स्थिति र अवस्था किन सिर्जना भयो तथा यस्तो स्थिति तथा अवस्थाले हामीलाई भविष्यमा कता लैजाने हो सो को गहन विश्लेषण गर्नुपर्ने हुन्छ। सूचनाको विश्लेषणबाट विकासका चुनौतीहरू तथा अवसरहरू निरुपण हुने र सोको आधारमा हाम्रो भविष्य कस्तो हुनुपर्ने ? तथा सो अवस्था प्राप्त गर्न के कस्तो नीति वा सिद्धान्त अवलम्वन गर्नुपर्ने ? भन्ने विषयमा तय गर्नुपर्दछ। अतः आवधिक जिल्ला विकास योजनामा जिल्लाको स्थिति झल्कने भरपर्दा सूचनाहरू हुनुपर्दछ। यसका लागि जिल्लाको समस्या तथा सम्भावना (problems and potentials) स्पष्ट हुने गरी जिल्ला वस्तुस्थिति विश्लेषण (district profile analysis) गर्नुपर्ने हुन्छ। साथै विश्लेषणको आधारमा जिल्ला विकासको लक्ष्य, नीति, रणनीति तथा प्राथमिकताहरू निर्धारण गर्नुपर्दछ। माथि उल्लेखित कुराहरू र तिनीहरूबीचको अन्तरसम्बन्धलाई तलको तालिकामा देखाइएको छ।

तालिका नं. १ तथ्यांक र योजनाबीचको सम्वन्ध

विवरण (Description)	सूचना (Information)	विचारविमर्श (Deliberation)	निर्देशन (Instruction)
बितेको समय (past time)	-	-	-
तथ्यांक (statistics)	✓	-	-
विश्लेषण (information)	✓	✓	-
अनुमान (हचुवा) मा आधारित योजना (planning by speculation)	-	-	✓
प्रेरणामा आधारित योजना (planning by inspiration)	✓	-	✓
अन्तरज्ञानमा आधारित योजना (Planning by Intuition)	-	✓	✓
समग्रतामा आधारित विस्तृत योजना (comprehensive planning)	✓	✓	✓

३.३ योजना तर्जुमा प्रक्रिया

योजना निरन्तर चलिरहने प्रक्रिया हो। योजना तर्जुमा प्रक्रियालाई देहायबमोजिम चार चरणमा विभाजन गर्न सकिन्छ।

१. तथ्यांक तथा सूचना संकलन (data, information collection)
२. सूचना विश्लेषण (information analysis)
३. योजना तथा कार्यक्रम तर्जुमा (planning and programming)
४. कार्यान्वयन योजना (implementation design)

माथि उल्लेख भए अनुसार सर्वप्रथमतः तथ्यांकको तयारी गरिसकेपछि त्यसलाई विश्लेषण गरी सूचनामा परिणत गर्नुपर्दछ। आवधिक योजना तर्जुमा प्रक्रियामा प्रवेश गर्ने प्रमुख आधार तथ्यांक विश्लेषणबाट देखिएको सूचना हो। यसप्रकारको सूचनामा प्रमुख रूपमा जिल्ला विकासका सवाल र समस्याहरू, चुनौतीहरू, उपलब्ध अवसर र विकासका सम्भावनाहरू पर्दछन्। आजिवियो तर्जुमाको सम्पूर्ण चरण र यसको विस्तृत स्वरूपलाई देहायका चित्र नं. २ मा देखाइएको छ।

चित्र नं. २. योजना तर्जुमा प्रक्रिया



माथि देखाइएझैं योजना तर्जुमा निरन्तर चलिरहने प्रक्रिया हो। यो प्रक्रियामा एकपछि अर्को चरण आपसमा अन्यन्त निकट रूपमा आबद्ध रहेको छ। विश्लेषणबाट यो प्रक्रिया शुरु भई निरन्तर रूपमा अघि बढिरहन्छ।

३.४ अवलम्वन गरिएका आधारभूत कुराहरू

यो निर्देशिकाका प्रावधानहरु मूलत नवौं योजनामा लिइएका नीतिगत व्यवस्था एवं प्रचलित कानुनी व्यवस्थालाई ध्यानमा राखी तयार गरिएको छ। निर्देशिका तयार गर्दा देहाय बमोजिमका तथ्यहरूलाई हृदयंगम गरिएको छ।

- समग्र जिल्ला विकासका लागि जिल्ला विकास समितिको अग्रणी भूमिका (lead role) रहेको छ।
- प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि जिल्ला विकास समितिको संस्थागत दक्षता अभिवृद्धि गर्नु अपरिहार्य छ। यस परिप्रेक्षमा आवधिक जिल्ला विकास योजना तर्जुमा प्रक्रियामा पनि जि. वि. स. का विषयगत योजना तर्जुमा समितिहरुले नै अग्रणी भूमिका निर्वाह गर्नु पर्दछ। नभै नहुने अवस्थामा र प्राविधिक विषयमा मात्र वाह्य परामर्श सेवा लिनु पर्दछ। यहांनेर विचार गर्नु पर्ने कुरा के छ भने परामर्श सेवा प्राप्त गरेका वखत पनि विषयगत योजना तर्जुमा समितिहरुको भूमिका गौण नभई अग्रणी नै रहनु पर्दछ।

- योजना तर्जुका क्रममा प्राविधिक पक्ष र सहभागितात्मक प्रक्रियाबीचको उचित सम्मिश्रण र सन्तुलन आवश्यक छ ।
- जिल्ला विकास समितिको भूमिका खासगरी जिल्ला तहमा योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन र मूल्यांकनमा केन्द्रित (focus) रहनु पर्दछ । कार्यान्वयनको जिम्मेवारी विशेषज्ञता प्राप्त गरेका संघ संस्था (specialized agency) हरुलाई दिइनु पर्दछ ।
- योजना तर्जुका गर्दा सकेसम्म अरु माथिको पर निर्भरता क्रमश कम गर्दै लैजानुपर्दछ ।

४

जिल्ला वस्तुस्थिति चित्रण तथा विश्लेषण

(District Profile Analysis)

४.१ भूमिका

जिल्लाको समष्टिगत विकासका लागि जिल्लामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र दातृ संस्थाहरू कार्यरत रहेका छन् । यी सबै निकायहरूको विकास प्रयासहरूलाई निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि आवधिक जिल्ला विकास योजना (**आजिवियो**) **ले निर्देशन, समन्वय तथा पथप्रदर्शन गर्नुपर्ने हुन्छ ।** अतः बहुविषयगत मुद्दाहरू (multi-sectoral issues) को विस्तृत विवेचना र विश्लेषण गरी बहुविषयगत एकीकृत विकास योजना (multi-sectoral integrated development plan) का रूपमा आजिवियोको तर्जुमा गर्नुपर्ने हुँदा यो प्रक्रिया जटिल, समयलाग्दो तथा खर्चिलो समेत हुन सक्छ ।

विषयगत तथा क्षेत्रगत समस्या (sectoral and regional problem) को जटिलतालाई हेर्दा कार्यशाला गोष्ठीहरूमा व्यापक छलफल गराई प्रक्रियागत ढाँचा (process orientation) बाट मात्र आजिवियोको तर्जुमा गर्ने हो भने विषयगत क्षेत्रको गहन विश्लेषण नहुने, योजना बढी महत्वाकांक्षी भई तत्कालीन समस्या समाधानमुखी तथा बढी भौतिक पूर्वाधारमुखी हुने, योजनाको विस्तारित खाका निकाल्न बढी समय लाग्नेजस्ता कमजोरीहरू देखिन सक्छ । विशेषज्ञहरूको संलग्नतामा मात्र आजिवियोको तर्जुमा (technical orientation) गर्दा यो बढी सिद्धान्तमुखी हुने, स्थानीय चाहनाभन्दा टाढा हुने, आफ्नोपन (ownership) को भावना कम हुने जस्ता कमजोरीहरू देखिन सक्छन् । अतः प्रक्रियागत तथा विशेषज्ञता दुवैको उपयुक्त सम्मिश्रणबाट आजिवियोको तर्जुमा गर्न आवश्यक छ । यो निर्देशिकामा यी दुवैको उपयुक्त सम्मिश्रणका आधारमा आजिवियो तर्जुमा प्रक्रियालाई निर्दिष्ट गरिएको छ । यसलाई तलको तालिकाले स्पष्ट गर्दछ ।

तालिका नं. २ सहभागितामूलक पद्धति र प्राविधिक पक्ष बीचको सन्तुलित क्रियाकलाप

योजनाकार/प्राविधिक पक्षको भूमिका (विषयगत कार्यालय लगायत)	योजना प्रक्रिया	समुदाय तथा लाभग्राहीको भूमिका (सहभागितामूलक पद्धति)
• विभिन्न श्रोतबाट तथ्यांक संकलन र विश्लेषण • विकासका समस्या/सवालहरूको विश्लेषण • विकासका अवसर/सम्भावनाहरूको पहिचान र विश्लेषण • विश्लेषणको प्रतिवेदन तयारी • प्रस्तुति, छलफल र अद्यावधिक	**विश्लेषण (Analysis)**	• तथ्यांक संकलनमा चासो र सहयोग • प्रक्रियामा सहभागी हुने, योजना बाट प्रभावित हुने समूह (interest group) को पहिचान • जनसम्पर्कको क्रममा सक्रिय सहभागी भई सहयोग • योजनाकारको धारणामा टिका टिप्पणी/सुझाव
• विकासमा प्रभाव पार्ने तत्वहरू (dev't variables) को प्रक्षेपण जस्तै-जनसंख्या, रोजगारी आदि • वैकल्पिक विकासको परिदृष्य तयारी (alternative dev't scenarios) • लक्ष्य र उद्देश्यहरूको प्रस्ताव तयारी • निर्णयकर्ता र समुदाय समक्ष निर्णयार्थ प्रस्तुति	**बृहत् दृष्टिकोण निर्माण (Prospects)**	• भविष्यको परिदृष्य (prospects) मा टिका टिप्पणी र सुझाव दिने • दीर्घकालिन सोच निर्माण • जिल्ला विकासका अवसर/सम्भावनाहरूको पहिचान • योजनाकारबाट प्रस्तुत लक्ष्य र उद्देश्यहरू माथि छलफल, स्वीकार/अस्वीकार गर्ने वा सुझाव दिने
• मौजुदा कठिनाई, समस्या र सम्भावनाका आधारमा विषयगत लक्ष्य र उद्देश्यहरूको तयारी • योजना र कार्यक्रम तर्जुमा • प्रस्तावका रूपमा समुदाय र निर्णयकर्ता समक्ष प्रस्तुति	**योजना र कार्यक्रम तर्जुमा (Planning & Programming)**	• लक्ष्य, उद्देश्य, र कार्यक्रमहरू सहितको योजना र कार्यक्रमको प्रस्ताव माथि छलफल • संशोधन, स्वीकार वा अस्वीकार
• प्रमुख कार्यक्रम र परियोजनाको प्राथमिकताको क्रम तयारी • लगानी योजना तयारी • कार्यान्वयन र अनुगमन • मूल्यांकन र पुनर्योजना	**कार्यान्वयन र व्यवस्थापन (Implementation & Mgmt.)**	• कार्यक्रम र परियोजना स्वीकृति र बजेट व्यवस्था • जिम्मेवारी वहन गर्ने गराउने • अनुभव आदानप्रदान र विवेचना • प्रगति, समीक्षा, सुझाव र निर्देशन

४.२ पूर्वतयारी कार्यशाला गोष्ठी

आजिवियो तर्जुमा गर्नको लागि सम्बन्धित सबै पक्षबीच आपसी सरसल्लाह, समझदारी कायम गरी के कसरी योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाउने हो सोको लागि पूर्वयोजना तयारी कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्छ। यसको उद्देश्यहरू, प्रक्रिया, सहभागी संख्या र यस सम्वन्धि विस्तृत विवरण अनुसूचि-२ मा दिइएको छ। यस गोष्ठिबाट अन्य कुराका अतिरिक्त आजिवियो तयारीका लागि कार्ययोजना तर्जुमा गर्नुपर्नेछ। यसको नमूना अनुसूची-३ मा दिइएको छ।

४.३ तथ्यांक संकलन तथा विश्लेषण

आवधिक जिल्ला विकास योजना तर्जुमा प्रक्रियाको प्रारम्भ सूचना संकलन तथा विश्लेषण गरिन्छ। यस सन्दर्भमा जिल्लाको विद्यमान अवस्था कस्तो छ ? जिल्लाको सो अवस्था किन र कसरी भयो तथा यस्तो अवस्थाले भविष्यमा जिल्लालाई कता पुऱ्याउँछ भन्ने प्रश्नहरूको स्पष्ट रूपले उत्तर खोज्नु पर्दछ। योजना तर्जुमा प्रक्रिया र तथ्यांक संकलन व्यवस्थित तथा विश्लेषण गर्ने तौरतरिकाहरू तलका परिच्छेदहरूमा व्याख्या गरिएको छ।

जिल्लाका विविध समस्याहरूको समाधानको खोजी गर्न तथा सीमित स्रोत तथा उपलब्ध साधनहरूको सर्वोत्तम उपयोग गर्नका लागि जिल्लाको समस्या तथा सबलताको गहन विश्लेषण आवश्यक हुन्छ। एक वा दुई दिनको सहभागितात्मक कार्यशाला गोष्ठीबाट समस्या तथा सबलता विश्लेषण गर्न सकिन्छ। तर यो प्रक्रियामा जानुअघि विषयगत योजना तर्जुमा समितिहरूले जिल्लाको हालको स्थिति र विकास प्रवृत्ति (development trend) लाई आफ्नै तहबाट समीक्षा एवम् विश्लेषण गरी प्राप्त नतिजा (समस्या तथा सबलता) लाई कार्यशाला गोष्ठीमा प्रस्तुत गर्दा जिल्लाको समस्या तथा सबलता विश्लेषणमा प्रभावकारिता आउने हुन्छ। अतः विषयगत योजना तर्जुमा समितिहरूले आ-आफ्नो विषयक्षेत्रमा अगाडि अनुच्छेद ३.१ मा उल्लेखित बुँदा १, २, ३ र ४ मा समावेश गरिएका प्रश्नहरूको उत्तर तथा व्याख्या खोज्नुपर्ने हुन्छ। यसका लागि प्रत्येक विषयगत योजना तर्जुमा समितिहरूले दुई चरणमा विश्लेषण गर्नुपर्दछ। आवश्यक परेमा विस्तृत अध्ययन तथा विश्लेषणका लागि विशेषज्ञको सेवा समेत लिन सकिन्छ।

- प्रारम्भिक विषयगत विश्लेषण (Preliminary Sectoral Analysis)
- विस्तृत अध्ययन तथा विश्लेषण (Detailed Studies & District Analysis)

४.३.१ प्रारम्भिक विषयगत विश्लेषण

प्रत्येक विषयगत योजना तर्जुमा समितिहरूले आ-आफ्नो विषयगत क्षेत्रको कम्तिमा विगत ५ वर्षको अवधिमा कार्यान्वयन गरिएको नीति, रणनीति, कार्यक्रम तथा आयोजनाहरूको आम्दानी खर्च लगायतको लेखाजोखा तथा प्रगति समीक्षा गर्नुपर्ने र मुख्यमुख्य विकास सूचकहरू निर्धारण गरी त्यो ५ वर्षको अवधिमा जिल्ला विकासका सूचकहरूमा आएको परिवर्तनको विवेचना, व्याख्या र वर्णन गर्नुपर्दछ। यसको लागि समितिहरूले जिल्लामा आफूले गरेका अध्ययन अनुसन्धान, कार्यालय अभिलेख, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रकाशनहरू समेतबाट तथ्यांकहरू संकलन गरी प्रारम्भिक विषयगत विश्लेषण गर्नुपर्ने हुन्छ। यस विश्लेषणका लागि विषयगत कार्यालयका तथा

साझेदार संस्थाका प्रमुखहरूले विशेषज्ञको भूमिका निर्वाह गर्नुपर्छ। यसप्रकार प्रारम्भिक विश्लेषणबाट जिल्लाका समस्याहरू, प्रमुख विकास मुद्दाहरू, जिल्लाको विशिष्टीकरण (specialization) तथा स्थानीय तहमा उपलब्ध साधन स्रोत एवम् सबलताहरू (potentials) तथ्यगतरूपमा झल्कनेछन्। यसका साथै उपलब्ध नभएका तर आवश्यक पर्ने थप तथ्यांकहरू समेत के के रहेछन् भन्ने समेत पत्ता लाग्ने छन् (data gaps)। साथै यसबाट आजिवियो तर्जुमाका लागि तथ्यांकहरू कुन तहसम्मको आवश्यक पर्ने हुन्छ सो समेत निर्क्योल हुन्छ (जस्तैः जिल्लास्तर, इलाकास्तर, निर्वाचन क्षेत्रस्तर, नगरस्तर, गाउँस्तर, वडास्तर, वस्तीस्तर आदि)।

प्रारम्भिक विश्लेषण गर्दा आवश्यक पर्न सक्ने सूचकहरूको आधारमा आवश्यक पर्ने तथ्यांकहरूको सूची (checklist) अनुसूची-४ मा उल्लेख गरिएको छ। समितिहरूले यो सूचीमाथि छलफल गरी थपघट गर्ने, आवश्यक पर्ने सूचकहरू छनौट गर्नुपर्दछ। साथै लैंगिक हिसाबले समेत अलग अलग तथ्यांकहरू लिनुपर्छ।

४.३.२ विस्तृत अध्ययन तथा विश्लेषण

प्रारम्भिक विश्लेषणबाट सृजना गर्नुपर्ने महत्वपूर्ण सूचना तथा आवश्यक तथ्यांकहरू पत्ता लाग्नेछन्। साथै यसबाट विस्तृत अध्ययन गर्ने क्षेत्रहरू समेत पहिचान हुनेछन्। योजना तर्जुमा समितिहरूले सूचनाको महत्व, जिल्लाको क्षमता, समयको उपलब्धता तथा साधनस्रोत समेतलाई दृष्टिगत गरी विस्तृत अध्ययन तथा विश्लेषणको कार्य गर्नुपर्नेछ।

प्रारम्भिक तथा विस्तृत विश्लेषणमा ३ महिनाभन्दा बढी समय दिनु उपयुक्त हुँदैन। विश्लेषणको नतिजालाई उल्लेखित आजिवियोको विषयसूची (अनुसूची-१ मा उल्लेखित) को भाग १ मा उल्लेखित शिर्षक, उपशीर्षकमा लिपिबद्ध गर्नुपर्दछ।

४.३.३ तथ्यांक तथा सूचनाको विखण्डन

जिल्लाको समष्टिगत सूचना तथा तथ्यांकले जिल्लाको बृहत् वस्तुस्थिति चित्रण गर्छ तर जिल्ला भित्र विभिन्न क्षेत्रको तुलनात्मक विश्लेषणको लागि सूचना तथा तथ्यांकलाई इलाका तहमा विखण्डन गर्नु पर्नेछ। जिल्ला भित्रको विभिन्न समस्या तथा सम्भावनाहरूबीच तुलना गरी स्थानगत (spatial) लक्ष तथा कार्यक्रम छनौट गर्न तथा स्थानगत सन्तुलन कायम गर्न मद्दत पुग्ने हुन्छ।

४.४ जिल्ला वस्तुस्थिति विश्लेषणमा समावेश हुने विषयहरूको रूपरेखा

विश्लेषणको आधारमा योजनाको लक्ष्य तथा उद्देश्य किटान गर्नुपर्ने हुँदा विश्लेषण तथा योजना तर्जुमालाई छुट्टाछुट्टै दुई भागमा प्रस्तुत गर्नुपर्छ। पहिलो भागमा जिल्ला वस्तुस्थिति चित्रण/ विश्लेषण प्रस्तुत गर्नुपर्छ। यो भाग आजिवियोको आधार (basis of the plan) हो। यसमा जिल्ला तथा जिल्लाभित्रका क्षेत्रहरू तथा विषयहरूको विस्तृत चित्रण (comprehensive characterization) गरिन्छ। दोस्रो भाग मूलतः योजना दस्तावेज हो।

आजिवियोको दस्तावेजको भाग १ को रूपमा तयार हुने जिल्ला वस्तुस्थिति विश्लेषणमा तल उल्लेखित विषयहरू समावेश गर्नुपर्ने हुन्छ। यी विषयहरूको विश्लेषण गर्दा यथासम्भव जिल्लाको विभिन्न इलाका, गाउँ विकास समिति क्षेत्र/नगरपालिका क्षेत्र वा निर्वाचन क्षेत्र तहसम्मको तथ्यांक तथा सूचनालाई लैंगिक हिसाब (महिला र पुरुषको छुट्टाछुट्टै बालबालिका, प्रौढ, वृद्ध आदि) ले टुक्र्याउन सकियो (disaggregation) भने विश्लेषण बढी अर्थपूर्ण हुन्छ। सामाजिक विकासका लागि यो अत्यन्त जरुरी छ। विश्लेषणको क्रममा नक्शाहरूको उपयोग बढीभन्दा बढी गर्नुपर्दछ। उपलब्ध तथ्यांक सकेसम्म नक्सामा अंकित गर्नुपर्छ। यसमा भौगोलिक सूचना प्रणालीका नक्साहरू बढी उपयोगी हुन्छन्। स्थानीय स्वायत्त शासन ऐन तथा नियमले समेत योजना तर्जुमा गर्दा स्रोत नक्सा र वस्तुगत विवरण तयार गर्नुपर्ने भनी निर्दिष्ट गरेको छ। (अनुच्छेद २.२ख)

४.४.१ जिल्लाको भौगोलिक तथा भौतिक स्थिति चित्रण

(District Geo-Physical Characteristics)

यस शिर्षकमा जिल्ला तथा जिल्लाभित्रको नगरपालिका/गाउँ विकास समिति/इलाका/निर्वाचन क्षेत्रगत प्राकृतिक स्वरूप (natural features) को वर्णन सान्दर्भिक नक्शा (relevant maps) को मद्दतले गर्नुपर्दछ। जिल्ला तथा अन्तर्गतका क्षेत्रको क्षेत्रफल, अवस्थिति (location), स्थलरूप (topography), माटोको विशेषता (soil characteristics), जलवायु तथा जलभण्डार (hydrology) तथा पर्यावरणीय स्वरूप (ecological features) को सङ्क्षिप्त रूपमा चर्चा गर्नुपर्छ। जिल्लाको भौगोलिक तथा भौतिक चित्रणको उपसंहार (conclusion) मा जिल्लाको भू-भौतिक स्थितिले सृजना गरेको समस्या तथा सम्भावनााहरूको सङ्क्षेपमा वर्णन (summary of findings) गर्नुपर्दछ।

४.४.२ जनसङ्ख्या विवरण तथा प्रक्षेपण (Population Profile and Projections)

यस शिर्षकअन्तर्गत जनसङ्ख्या तथा बसाइँसराइ सम्बन्धी विवरण जिल्ला तथा जिल्लाभित्रको नगरपालिका/गाउँ विकास समिति, इलाका तथा निर्वाचन क्षेत्रगत रूपमा विश्लेषण गर्नुपर्छ। विगतमा गरिएको जनगणना तथा जिल्लामा सङ्कलित जनसङ्ख्या वितरणको तुलनात्मक अध्ययनबाट जनसङ्ख्या वृद्धिसम्बन्धी विगतको प्रवृत्ति (past trends) तथा भविष्यको वृद्धि (future growth) को विश्लेषण गरी ५ वर्षको जनसङ्ख्याको प्रक्षेपण गर्नुपर्दछ। जनसङ्ख्यासम्बन्धी हालको स्थितिको विश्लेषण गर्दा निम्नलिखित सूचनाहरू उल्लेख गर्नुपर्ने हुन्छ।

१. आकार (size) - कूल जनसंख्या

२. वृद्धिदर (growth rate)

३. जनसङ्ख्याको अवयव विश्लेषण (component analysis)
   - ३.१ प्रजनन (fertility)
   - ३.२ जन्म (birth)
   - ३.३ मृत्यु (death)
   - ३.४ बसाइँसराइ (in-and out-migration)

४. जनसङ्ख्याको बनावट (composition of population)
   - उमेर (age)
   - लिङ्ग (sex)
   - उमेर समूह (age cohorts) जस्तै शिशु, बालबालिका, प्राथमिक/माध्यमिक/उच्च माध्यमिक विद्यालय जाने विद्यार्थी समूह/युवा/श्रमशक्ति आदि।

५. जनसङ्ख्या वितरण (distribution of population)
   - ५.१ शहरी तथा ग्रामीण (urban and rural)
   - ५.२ भौगोलिक वितरण (geographic concentration)
     - जनघनत्व/घनाबस्ती/शहरीकरण
     - धर्म, जनजाति तथा भाषा
   - ५.३ वस्तीहरू (settlements)

जिल्लाको जनसंख्याको वृद्धिदरबाट जिल्लाको जनसंख्या कति अवधिमा दोब्बर हुन्छ भन्ने कुरा देहायको सूत्रबाट निकाल्न सकिन्छ ।

$$\text{जनसंख्या दोब्बर हुने अवधि (वर्षमा)} = \frac{६९}{\text{वार्षिक जनसंख्या वृद्धिदर}}$$

जनसङ्ख्या सम्बन्धी विश्लेषणको उपसंहार (conclusion) मा यस क्षेत्रमा देखिएका समस्या तथा सबलताको सङ्क्षिप्त विवरण (summary of findings) उल्लेख गर्नुपर्दछ ।

४.४.३ भू–उपयोग (Land Use)

यस शिर्षकअन्तर्गत जिल्लाभित्रको भूमिको उपयोगको मूल्यांकन, विभिन्न किसिमको भू-उपयोग नक्शाको माध्यमबाट गर्नुपर्नेछ । विद्यमान भू-उपयोगको विश्लेषणबाट उपयुक्त व्यवस्थापन तथा संरक्षण गर्नुपर्ने भूमि तथा स्रोतहरूको पहिचान हुनेछ । भू-उपयोगको मूल्यांकनका लागि निम्नबमोजिमको नक्शा तथा सूचनाको सृजना गर्न आवश्यक हुन्छ ।

भूवर्गीकरण नक्सा (Land Classification Maps)

जिल्लाभित्रको भूभागलाई गाउँ विकास समिति/नगरपालिकाअनुसार देहायको वर्गमा के कति क्षेत्रफल रहेको छ सोको सूचना संकलन गरी नक्सामा देखाउनुपर्नेछ ।

(**क**) **वन क्षेत्र** (Forest Land)

- क.१ सुरक्षित वन (forest reserves)
- क.२ पार्क (parks)
- क.३ सामुदायिक वन (community forest)
- क.४ जलीय क्षेत्र/water bodies (पोखरी, ताल, नदी)
- क.५ शाहीसेना क्षेत्र (royal army reserves)
- क.६ नागरिक क्षेत्र (civil reserves)
- क.७ चरन क्षेत्र (grasslands)
- क.८ अनधिकृत उपयोग क्षेत्र (illegally occupied areas)
- क.९ व्यक्तिको स्वामित्वमा रहेको वन (निजी वन)
- क.१० कवुलियती वन (लिज वन)

(**ख**) **वनबाहिरको क्षेत्र** (Alienable and Disposable Land)

- ख.१ व्यक्तिको स्वामित्वमा रहेको तथा संस्था वा सरकारी निकायले उपयोग गरेका क्षेत्र (titled land)
  - ख.१.१ कृषि (agricultural)
  - ख.१.२ बसोबास (residential)
  - ख.१.३ औद्योगिक (industrial)
  - ख.१.४ माछापोखरी (fish ponds)
  - ख.१.५ चरन (pasture land)

ख.१.६ बाँझो (idle)

ख.१.७ अन्य (others)

ख.२ ऐलानी क्षेत्र (untitled land)

ख.२.१ सार्वजनिक उपयोगको लागि खुला क्षेत्र तथा पार्क (open space)

ख.२.२ अनधिकृत उपयोग क्षेत्र (illegally occupied areas)

ख.२.३ खेलमैदान (playing field)

ख.२.४ चरन (pasture land)

ख.२.५ बाँझो (idle)

ख.२.६ घाट (दाहसंस्कार गर्ने ठाउँ)

भिरालोपन नक्शा (Slope Map)

जमिनको भिरालोपन जति बढी हुन्छ भू-क्षयको सम्भावना त्यति नै बढी हुन्छ। जमिनको भिरालोपनअनुसार भू-उपयोगलाई नियन्त्रण गर्न आवश्यक रहन्छ। पर्यावरणीय दृष्टिकोणले १८% सम्मको भिरालोपन जमिनमा (९० डिग्रीलाई शत प्रतिशत भिरालोपन मान्दा) न्यूनतम भू-क्षय (soil erosion) हुने तथ्यलाई दृष्टिगत गरी कतिपय मुलुकले १८% भन्दा माथिको भिरालोपन जमिनको भू-उपयोगलाई नियन्त्रण गरेको तथा ५०% भन्दा माथिको भिरालो जमिनलाई पूर्ण रूपले संरक्षित भूमी (protected land) को रूपमा राखेको पाइन्छ। जिल्लाको भूमिको भिरालोपन तथा भू-उपयोगलाई तुलना गरी भू-उपयोग द्वन्द्व (land use conflit) लाई पहिचान गर्न देहायबमोजिम गाउँ विकास समिति/नगरपालिकाको छुट्टाछुट्टै रूपमा भिरालोपन तथ्यांक तथा नक्शा तयार गर्दा विश्लेषण कार्यमा सहजता आउनेछ।

तालिका नं. ३ भिरालोपन वर्गीकरण गर्ने आधार

भिरालोपन Slope range %	**विवरण** Description	**क्षेत्रफल हे. वा वर्ग कि.मि.मा (गाउँ विकास समिति/नगरपालिकाको नाम)**				**जिल्लाको कूल क्षेत्रफल**
		१	२	३	४	
०-३	लगभगसम्म परेको भूमि Level to nearly level					
३-८	अलिअलि उतारचढाव भएको भूमि Gentle sloping to undulating					
८-१८	बढी उतारचढाव भएको Undulating to rolling					
१८-३०	मध्यम भिरालोपन भएको Rolling to moderately steep					
३०-५०	भिरालो पहाडी क्षेत्र Steep hills & mountains					
५० प्रतिशत भन्दा बढी	अति भिरालो क्षेत्र Very steep hills and mountains					

जिल्लाको contour नक्शा उपलब्ध भएको खण्डमा भिरालोपन नक्शा तयार गर्न सकिन्छ। contour line प्रत्येक १०० मिटर उचाइ (verticle) को लागि खिचिने हुँदा दुई contour line

को बीचको दुरी (horizontal) लाई स्केलले नापी १०० मिटरलाई भाग गरेर भिरालोपन निकाल्न सकिन्छ । ($\tan\theta = p/b$)

$$\text{भिरालोपन (slope) (डिग्रीमा)} = \frac{\text{उचाइ (verticle) = १०० मिटर}}{\text{दुई कन्टुरलाइनबीचको दुरी मिटरमा (horizontal)}}$$

कृषि उपयोग नक्शा (Agricultural Land Use Map)

कृषिले मानवको आधारभूत आवश्यकता परिपूर्ति गर्ने हुँदा कृषि उत्पादन अभिवृद्धिको लागि सिंचाइ तथा अन्य कृषि पूर्वाधारमा ठूलो लगानी भइरहेको हुन्छ भने विकासको क्रममा अन्य उपयोगका लागि भूमिको बढ्दो मागलाई पनि कृषि भूमिले पूरा गरिरहेको हुन्छ। मुलुकलाई खाद्यान्न उत्पादनमा आत्मनिर्भर बनाउनका लागि कतिपय मुलुकले कृषि भूमिलाई वर्गीकरण गरी अन्य उपयोगमा जान नदिने गरी नियन्त्रण तथा प्रतिबन्धसमेत लगाइएको पाइन्छ। सिंचाइ सुविधा पुगेको तथा सिंचाइ सुविधा पुऱ्याउन सकिने धनहर खेतलाई अन्य उपयोगमा जान नदिने गरी रोक्नुपर्ने तथा अन्य खेतहरूलाई विभिन्न तहको नियन्त्रण (highly/moderately/conditionally restricted) गरी कृषिभूमिको क्षेत्रफललाई घट्नबाट रोक्न अति आवश्यक पनि छ। अतः जिल्लाभित्र कृषि भू-उपयोगमा भइरहेको परिवर्तनलाई विश्लेषण गर्न देहायबमोजिमको वर्तमान भू-उपयोगको अभिलेख राखी बितेको अवधिको भू-उपयोगसम्बन्धी विवरण अन्तर्वार्ता विधिबाट तयार गरी भू-उपयोग समस्याको चित्रण गर्नु आवश्यक पर्दछ ।

तालिका नं. ४ कृषि भू–उपयोग किसिम (Agriculture Land Use Type)

विवरण (दुई वाली हुनेमा एक वाली उल्लेख भएपछि अर्को बाली उल्लेख नगर्ने)	कृषि भूमिको क्षेत्रफल				
	गाविस (क)	गाविस (ख)	न.पा. (क)	....	कूल क्षेत्रफल
१. बाली क्षेत्र					
१.१ धनहर खेत (rice field)					
<u>समथर भूमि (plain land)</u>					
१.१.१ सिंचित (कुलो, नहर लाग्ने)					
१.१.२ असिंचित (वर्षातमा भर पर्नुपर्ने)					
<u>पहाडी भूमि (high land)</u>					
१.१.३ गरा (terrace)					
- सिंचित					
- असिंचित					
१,१,४ अन्य					
१.२ मकै					
१.३ कोदो					
१.४ फापर/जौ					
१.५ अन्य खाद्यबाली					
१.६ नगदे बाली					
१.६.१ उखु					
१.६.२ सूर्ती					
१.६.३ कपास					
१.६.४ सूर्यमुखी					
१.६.५ अन्य					

२. फलफूल
  १.
  २.
  ३.
३. तरकारी					

वातावरण संवेदनशील क्षेत्र नक्शा
(Maps showing environmentally constrained areas)

देहायबमोजिमको सूचना संकलन गरी सो सूचनाको आधारमा वातावरणीय दृष्टिकोणले संवेदनशील रहेको क्षेत्र तथा सो क्षेत्रमा भइरहेको मानव गतिविधि तथा वस्तीविकासलाई विश्लेषण गरी समस्या तथा सम्भावनाको वर्णन गर्न आवश्यक छ। वातावरणीय संवेदन क्षेत्रलाई अत्यधिक, मध्यम तथा न्यून (severely, moderately, slightly) गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ।

१. बाढीबाट प्रभावित क्षेत्र, डुबान क्षेत्र
२. भू-क्षय पहिरोबाट प्रभावित क्षेत्र वा भू-क्षय/पहिरो जान सक्ने क्षेत्र
३. अन्य दैवीप्रकोप घटना हुन सक्ने क्षेत्र (हिमनदी/ताल फुट्ने)
४. भुँइचालोबाट प्रभावित हुन सक्ने क्षेत्र

शहरी भू–उपयोग नक्शा (Urban Land Use Maps)

वस्तीहरूको आकार तथा घनत्व बढ्दै जाँदा त्यसले विभिन्न समस्याहरू समेत निम्त्याउँछ। शहरी विकासलाई यथासमयमा नै नियोजन (planning) गरिएन भने शहरी समस्या झन् झन् जटिल हुँदै जान्छ। नगरवासीमा प्रदुषणको प्रभाव कम गर्न उद्योगहरूलाई प्रदुषण गर्ने तथा नगर्ने गरी दुई वर्गमा विभक्त गरी तिनीहरूको स्थापना निश्चित स्थलहरूमा गर्ने; व्यापारिक स्थलहरूमा मानव तथा सवारी साधनको चाप अत्यधिक हुने भएकाले ती स्थलहरूमा सडक फराकिलो राख्नुपर्ने; यातायात, पार्किङ् तथा अन्य सुविधाहरू समेत सृजना गर्नुपर्ने हुँदा निश्चित स्थलहरूलाई व्यापारिक क्षेत्रको रूपमा विकास गर्नुपर्ने; वस्तीको घनत्व बढ्दै जाँदा खुला ठाउँ (open space) तथा खेल मैदानहरूको माग बढ्दै जाने भएकोले वस्तीको आकार हेरी खुला ठाउँ तथा खेल मैदानको लागि निश्चित क्षेत्रहरू छुट्याउनुपर्ने तथा आवासीय क्षेत्रमा जनघनत्वको आधारमा विभिन्न सुविधाहरू जुटाउनुपर्ने भएकोले अत्यधिक, मध्यम तथा न्यून घनत्व भएको आवासीय क्षेत्रको वर्गीकरण गरी निश्चित स्थलहरू आवासीय क्षेत्रको रूपमा छुट्याउनुपर्ने हुन्छ। यसका लागि कतिपय मुलुकहरूमा शहरी भू-उपयोग योजना (urban land use planning) कार्यान्वयन गरिएको पाइन्छ। शहरी उपयोगको लागि देहायबमोजिमको भूमि उपयोगको आवश्यकता रहन्छ।

जमीनको प्रयोग		**प्रतिशत**
• आवासीय (residential)	-	५०%
• व्यापारिक (commercial)	-	१०%
• औद्योगिक (industrial)	-	५%
• संस्थागत (institutional)	-	५%
• खुला क्षेत्र तथा अन्य (open space & others)	-	३०%
	कूल	१००%

व्यापारिक तथा खुला क्षेत्रको विकासले शहरी क्षेत्रको सुन्दरता तथा आकर्षणमा अभिवृद्धि गर्ने भएकोले व्यापारिक क्षेत्र तथा खुला क्षेत्रको सृजना तथा विकासमा स्थानीय निकायहरूले प्रमुख भूमिका खेल्नुपर्ने हुन्छ। विश्व खाद्य सङ्गठनले निर्धारण गरेको स्तर (FAO standard) अनुसार प्रति १००० जनसङ्ख्याको लागि ०.५ देखि ३ हेक्टरसम्मको खुला ठाउँ आवश्यक पर्छ।

स्थानीय विकासका सन्दर्भमा भू-उपयोग योजना महत्वपूर्ण भएकाले नै स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा गाउँ विकास समिति तथा नगरपालिकाहरूले आ-आफ्नो क्षेत्रको भू-उपयोग योजना तयार गर्नुपर्ने प्रावधान राखिएको छ। नगरपालिकाहरू तथा ५,००० भन्दा बढी जनसङ्ख्याको कम्तीमा एउटा सिङ्गो वस्ती (nucleated settlement) भएको गाउँ विकास समितिहरूका लागि देहायको भू-उपयोग क्षेत्रको क्षेत्रफल खुल्ने गरी नक्शा तयार गरी शहरी भू-उपयोगको समस्या तथा सबलताको वर्णन गर्नुपर्दछ।

१. आवासीय क्षेत्र (residential zones)
   - न्यून घनत्व (low density)
   - मध्यम घनत्व (medium density)
   - उच्च घनत्व (high density)

२. व्यापारिक क्षेत्र (commercial zones)
   - सानो (minor)
   - प्रमुख (major)
   - ठूलो केन्द्र (matropolitan malls)

३. औद्योगिक क्षेत्र (industrial zones)
   - प्रदुषणरहित/खतरायुक्त (light/non-pollutive/non hazardous)
   - प्रदुषणयुक्त/खतराजनक (medium/pollutive/hazardous)

४. पार्क तथा मनोरञ्जन क्षेत्र (parks and recreation zones)

५. शैक्षिक क्षेत्र (educational zones): (माध्यमिक विद्यालय र सोभन्दा माथिका)

६. संस्थागत (institutional) क्षेत्र

७. फोहरमैला संकलन र थान्को लगाउने क्षेत्र (solid waste disposal areas)

माथि उल्लेख गरिएका सबैप्रकारका भू-उपयोग नक्शा तथा सूचनाहरूका आधारमा जिल्लाभित्रको भू-उपयोगसम्बन्धी समस्या, भूमी बीचको द्वन्द्व तथा सबल पक्षको विश्लेषण गर्नुपर्दछ।

४.४.४ शहरीकरण तथा वस्ती विकासको स्वरूप (Urbanization and Settlement Pattern)

यस शिर्षकअन्तर्गत जिल्ला भित्र शहरीकरण तथा वस्तीविकासको स्वरूपको विश्लेषण गर्नुपर्दछ। जिल्लाभित्र जनसङ्ख्या के कति वस्तीमा छरिएर रहेको छ ? वस्तीको आकार कस्तो छ ? ठूला, मझौला तथा साना वस्तीहरू के कति दूरीमा अवस्थित छन् ? कुनकुन वस्तीहरूले बजार केन्द्र तथा विभिन्न सेवा प्रदान गर्ने केन्द्र (market centers/service centers) को भूमिका खेलिरहेका छन् भन्ने सम्बन्धी विश्लेषण गर्नुपर्दछ। यसको लागि वस्ती विश्लेषण गर्ने केही औजारहरू (settlement pattern analysis/scalogram analysis) को प्रयोग गर्न सकिन्छ। वस्ती विश्लेषणका लागि वस्तीहरूको सूची (inventory) तयार गर्दा सबैभन्दा पहिले मूल वस्तीहरू

(nucleated settlement) पहिचान गरी मूल वस्तीको १ किलोमिटर परिधिमा रहेका अन्य वस्तीहरूलाई एउटै वस्ती मानेर वस्तीको सूची तयार गर्नुपर्दछ। सूचीकृत वस्तीहरूलाई जनसङ्ख्याको आधारमा ६ तहमा वर्गीकृत गर्नुपर्छ। वस्तीहरूलाई शहरी तथा ग्रामीण क्षेत्रमा छुट्याउनुपर्ने र तिनीहरूलाई ठूलो, मध्यम, सानो वा अति सानोमा वर्गीकरण गर्नुपर्छ । कतिपय घोषित नगरपालिकाहरूलाई शहरी क्षेत्र भन्न नसकिने स्थिति रहेको छ । साथै गाउँ विकास समितिका कतिपय वस्तीहरूले शहरी क्षेत्रको स्वरूप लिइसकेको छ । तथापि विश्लेषणको क्रममा नगरपालिकाहरूलाई हालको व्यवस्था अनुरूप शहरी क्षेत्रको रूपमा वर्गीकृत गर्नुपर्ने देखिन्छ । वस्तीहरूलाई देहाय बमोजिम जनसंख्याको आधारमा विभिन्न आकारमा वर्गीकरण गर्न सुझाव गरिएको छ ।

तालिका नं. ५ वस्तीहरूको वर्गीकरण

तह/Rank		जनसङ्ख्या		
		तराइ क्षेत्र	**पहाडी क्षेत्र**	**हिमाली क्षेत्र**
शहरी क्षेत्र (Urban)	ठूलो	२ लाखभन्दा बढी	२ लाखभन्दा बढी	२ लाखभन्दा बढी
	मध्यम	५०,०००-२ लाख	५०,०००-२ लाख	५०,०००-२ लाख
	सानो	२०,००० - ५०,०००	२०,००० - ५०,०००	२०,००० - ५०,०००
ग्रामीण (Rural)	ठूलो	५,००० - २०,०००	२,५०० - २०,०००	२,००० - २०,०००
	मध्यम	२,५०० - ५,०००	१,००० - २,५००	५०० - २,०००
	सानो	१,००० - २,५००	५०० - १,०००	१०० - ५००
	अति सानो	१००० भन्दा कम	५०० भन्दा कम	१०० भन्दा कम

स्रोतः ESCAP को Guidelines for Rural Center Planning र स्वायत्त शासन ऐन तथा नियमावलीको आधारमा तयार गरेको ।

वस्तीको आकार तथा प्रकारअनुसार वस्तीहरूमा आर्थिक गतिविधि केन्द्रीत रहने तथा आफ्नो वरिपरिको क्षेत्र (hinter land) मा सेवा तथा सुविधाहरू प्रदान गर्ने हुँदा वस्तीहरूको वर्गीकरणपश्चात् बजार तथा सेवा केन्द्रको रूपमा रहेका बस्तीहरू पहिचान गरी ती वस्तीहरूमा निम्नबमोजिमका सेवा/सुविधा तथा संस्थाहरू के कति सङ्ख्यामा रहेको छ सो यकिन गर्नुपर्दछ।

तालिका नं. ६ वस्ती वर्गीकरणका लागि आधारका रूपमा लिइने सेवाको किसिम र प्रकार

सेवाको किसिम Category	**सेवाको प्रकार** (Functions) (**सङ्ख्यामा**)	
सामाजिक सेवा तथा सुविधा Social Services and Facilities	१. माध्यमिक विद्यालय ३. विश्वविद्यालय ५. अस्पताल ७. स्वास्थ्य चौकी ९. निजी क्लिनिक (डाक्टर भएको) ११. कम्प्युटर प्रशिक्षण केन्द्र	२. क्याम्पस/१० + २ ४. व्यावसायिक स्कूल ६. स्वास्थ्य केन्द्र ८. स्वास्थ्य उपचौकी १०. औषधि पसल १२. आयुर्वेदिक औषधालय
यातायात तथा सञ्चार सुविधा Transport and Communication Services & Facilities	१. टेलिफोन वुथ/PCO २. बस स्टप ३. हुलाक घर ४. कुरियर सर्भिस	

सेवाको किसिम Category	सेवाको प्रकार (Functions) (सङ्ख्यामा)
पूर्वाधार तथा मर्मत सेवा सुविधा Infrastructure and Maintainance Services	१. पाइपबाट घरघरमा पानी वितरण प्रणाली (Piped Water System) २. निर्माणसामग्री विक्री पसल ३. विद्युत् आपूर्ति ४. गाडी मर्मत पसल ५. रजिष्टर्ड निर्माण सेवा तथा ठेकेदार
मनोरञ्जन गतिविधि Recreational Activities	१. सिनेमा हल, थिएटर २. पार्क ३. खेलमैदान (indoor stadium) आदि
आर्थिक गतिविधि Economic Activities	१. कृषि सामग्री विक्री पसल २. थोक सामग्री विक्री पसल ३. कपडा पसल ४. किराना पसल ५. होटल तथा रेष्टुरेण्ट (चियापसल बाहेक) ६. घरेलु तथा साना उद्योग ७. मझौला तथा ठूला उद्योग (गैरकृषि) ८. बैङ्कहरू ९. ऋण तथा बचत सहकारी संस्थाहरू १०. कृषिजन्य वस्तुको प्रशोधन र बिक्री केन्द्र (माछा, मासु समेत) ११. सहकारी संस्थाहरू १२. हितकोष जम्मा गर्ने कृषक तथा अन्य सामुदायिक समूह
सामुदायिक सङ्गठन गतिविधि Community Organization Activities	१. वन उपभोक्ता समूह संस्था २. स्वावलम्वी समूहहरू (self-help groups/saving and credit groups) ३. स्थानीय गैरसरकारी संस्थाहरू
प्रसार तथा सुरक्षात्मक सेवाहरू Extension and Protective Services	१. जिल्ला कृषि/पशु विकास कार्यालय र २. कृषि सेवा केन्द्र/उपकेन्द्र ३. पशु सेवा केन्द्र/उपकेन्द्र ४. जिल्ला प्रहरी कार्यालय ५. इलाका प्रहरी कार्यालय ६. प्रहरी चौकी ७. गाउँ विकास समिति/नगरपालिका कार्यालय ८. शाही नेपाली सेनाको ब्यारेक (गण वा गुलमा)

माथि उल्लेखित सेवाहरू छनौट गरिएको वस्तीहरूमा के कति सङ्ख्यात्मक रूपमा रहेका छन् सोको आधारमा बजारकेन्द्रको रूपमा पहिचान गरिएको वस्तीहरूलाई ५/६ तहमा वर्गीकरण गरी वस्ती श्रृङ्खला (settlement hierarchy) निर्धारण गर्नुपर्दछ। यी वस्तीहरूको जनसङ्ख्या तथा उक्त वस्तीहरूबाट सेवासुविधा पाउने क्षेत्र (influence area) को जनसङ्ख्या (hinterland population) समेतलाई दृष्टिगत गरी वस्ती श्रृङ्खलाको उच्च, मध्यम तथा निम्न तह (level) मा रहेका वस्तीहरूको विकासको समस्या तथा समाधानको विश्लेषण गर्नुपर्छ। यसबाट सेवा र सुविधाको स्थानगत वितरण स्थिति एवम् त्यसमा सर्वसाधारणको पहुँचको स्थिति पत्ता लगाउन

सकिन्छ। साथै जिल्लाभित्र सेवा र सुविधा कत्तिको सन्तुलित रूपमा वितरण भएको रहेछ भन्ने कुरा समेत स्पष्ट हुन्छ।

वस्तीहरू अत्यधिक छरिएर रहेको कारण विभिन्न सेवा तथा सुविधा प्रदान गर्दा प्रतिव्यक्ति लागत खर्च अत्यधिक रहने, साधन स्रोतको उच्चतम प्रयोग नहुने, सेवासुविधाको स्तर न्यून रहने तथा लगानी पनि छरिएर खास प्रभाव नदेखिने हुँदा वस्ती श्रृङ्खलाको विश्लेषणबाट वृद्धिको राम्रो सम्भावना रहेका वस्तीहरूमा सेवा, सुविधाहरू तथा लगानी केन्द्रीत गरी जनसङ्ख्याको वितरणलाई निश्चित स्थलहरूमा केन्द्रीत गरी शहरीकरणको गतिमा नियोजित रूपमा तिव्रता दिन सकिने सम्भावनाको विश्लेषण यस शिर्षकमा गर्न सकिन्छ।

४.४.५ जिल्लाको आर्थिक तथा रोजगारी स्थिति

(District Economy and Employment Situation)

योजनाले आर्थिक वृद्धि तथा पूर्ण रोजगारीलाई सुनिश्चित गर्ने उद्देश्य राख्ने हुँदा यस शिर्षक अन्तर्गत जिल्लाको आर्थिक तथा रोजगारीको स्थितिलाई विश्लेषण गर्नुपर्छ। यसका लागि उपलब्ध तथ्यांकहरूको आधारमा देहायको सूचनाहरूको सृजना, विवेचना तथा व्याख्या गर्न सकिन्छ।

जिल्ला अर्थतन्त्रको संरचनात्मक स्वरूप (Sectoral Share)

जिल्लाको अर्थतन्त्रको संरचनालाई विभिन्न विषयगत क्षेत्रले प्रदान गरेको रोजगारी (sectoral employment) को तथ्यांकको आधारमा कुन क्षेत्र (sector) ले कति योगदान गरिरहेको छ भन्ने व्याख्या गर्न सकिन्छ। यसका लागि कम्तीमा १९७१, १९८१, १९९१ तथा त्यसपछिको राष्ट्रिय जनगणनाबाट देहायबमोजिमको क्षेत्र (sector) ले कति रोजगारी राष्ट्रियस्तर, क्षेत्रीयस्तर तथा जिल्लास्तरमा प्रदान गरेको छ भन्ने जानकारी लिन सकिन्छ।

१. प्राथमिक क्षेत्र (primary sector)
   - १.१ कृषि, पशुपालन, मत्स्यपालन तथा वन (agriculture, livestock, fishery and forest)

२. दोस्रो क्षेत्र (secondary sector)
   - २.१ खानी (mining and quarrying)
   - २.२ उत्पादन उद्योग (manufacturing)
   - २.३ निर्माण (construction)
   - २.४ विद्युत्, पानी तथा ग्याँस (electricity, water and gas)

३. तेस्रो क्षेत्र (tertiary sector)
   - ३.१ व्यापार (wholesale and retail trade/commerce)
   - ३.२ यातायात, भण्डार तथा सञ्चार (transportation, storage and communications)
   - ३.३ वित्त, रियलस्टेट तथा व्यावसाय सेवा (finance, real state and business services)
   - ३.४ सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा (community, social and personal services)

माथि उल्लेखित क्षेत्रगत रोजगारीको तथ्यांकलाई देहायबमोजिम विश्लेषण गर्न सकिन्छः

१. जिल्लाको क्षेत्रगत रोजगारी स्थितिलाई राष्ट्रिय तथा क्षेत्रीय (विकास क्षेत्र, हिमाली/पहाडी/ तराई) रोजगारी स्थितिसँग तुलना गरी सो को कारणहरूको विश्लेषणात्मक रूपमा व्याख्या गर्ने ।

२. जिल्लाको क्षेत्रगत रोजगारी स्थितिलाई आधार वर्ष (base year) (उदाहरण १९७१ को जनगणना) र अन्य वर्षहरूको स्थितिसँग तुलना गरी क्षेत्रगत रोजगारीको परिवर्तन (sectoral shift/structural change) को व्याख्या गर्ने ।

३. क्षेत्रगत रोजगारीमा महिलाहरूको स्थितिलाई माथि बुँदा १ र २ बमोजिम छुट्टाछुट्टै विश्लेषण गर्ने ।

यस सम्बन्धी जिल्ला तहको जानकारी जनगणनाको मूल प्रतिवेदनको सम्बन्धित खण्डबाट लिन सकिन्छ ।

जिल्लाको अर्थतन्त्रको विशिष्टिकरण (Specialization)

जिल्लाको औद्योगिक उत्पादनलाई राष्ट्र वा क्षेत्रको औद्योगिक उत्पादनसँग तुलना गरेर (local quotient) जिल्लाको अर्थतन्त्रको विशिष्टीकरणलाई विश्लेषण गर्न सकिन्छ । यसको लागि जिल्ला, क्षेत्र र राष्ट्रिय तहमा कूल मूल्य अभिवृद्धि (gross value added) को तथ्यांक आवश्यक पर्दछ । उक्त तथ्यांक उपलब्ध नभएमा उत्पादनको अप्रत्यक्ष सूचक (proxy indicator) को रूपमा औद्योगिक रोजगारीको तथ्यांकलाई पनि उपयोग गर्न सकिन्छ । यसमा विभिन्न किसिमको रोजगारी, जनशक्ति वा उत्पादन (कृषिसमेत) समेतलाई विश्लेषण गर्न सकिन्छ । यसको लागि निम्नलिखित सूत्रको प्रयोग गर्न सकिन्छ ।

$$\text{स्थानीय विशिष्टीकरण (location quotient/LQ)} = \frac{Ri/R}{Ni/NR}$$

Ri = जिल्लामा i नामक उद्योगले प्रदान गरेको रोजगारी (उद्योग विशेष वा विषयगत उद्योग)

R = जिल्लाको कुल औद्योगिक रोजगारी

Ni = राष्ट्रमा i नामक उद्योगले प्रदान गरेको रोजगारी

NR = राष्ट्रको कुल औद्योगिक रोजगारी

उपरोक्त सुत्रको प्रयोगबाट आउने नतिजालाई निम्नबमोजिम व्याख्या गर्न सकिन्छः

(i) स्थानीय विशिष्टीकरण अर्थात् LQ value एकभन्दा ठूलो भयो भने उल्लेखित उद्योगमा राष्ट्रको तुलनामा जिल्लाको विशिष्टता बढी देखिन्छ तथा उल्लेखित औद्योगिक उत्पादनमा निर्यात वचत (export-orientation) रहेको स्पष्ट हुन्छ ।

(ii) LQ value एक बराबर भयो भने जिल्लाको आवश्यकतालाई मात्र पुग्ने गरी उल्लेखित उद्योगले उत्पादन गरेको देखिन्छ ।

(iii) LQ value एकभन्दा कम भयो भने उल्लेखित औद्योगिक उत्पादनमा राष्ट्रको तुलनामा सम्बन्धित जिल्ला पछाडि परेको (under specizliation) कुरा जनाउँछ । यसबाट उल्लेखित उत्पादनका लागि स्थानीय आवश्यकता पूर्ति गर्न बाहिरबाट आयात हुने गरेको देखाउँछ ।

आर्थिक अन्तरसम्बन्ध तथा लगानी–उत्पादन विश्लेषण
(Economic Linkages and Input-Output Analysis)

जिल्ला तहमा तथ्यांकको कमीले गर्दा लगानी-नतिजा विश्लेषण (input-output analysis) गर्न निकै कठिनाइ हुन्छ। जिल्लाको अर्थतन्त्रको वर्णन गर्दा जिल्लाभित्र कति रकम प्रवेश गर्दछ (inflow) तथा कति रकम बाहिर जान्छ (outflow) सो कुराको मोटामोटी अनुमान मात्र हुन सक्यो भने पनि जिल्लाको अर्थतन्त्रको चित्रण अर्थपूर्ण ढङ्गले गर्न सकिन्छ। जिल्लामा प्रवेश गर्ने रकम (inflow) तथा बाहिर जाने रकम (outflow) बाट स्थानीय अर्थतन्त्रमा सञ्चालन भइरहेको रकम (money incirculation) मोटामोटी रूपमा गणना गर्न सकिन्छ। स्थानीय अर्थतन्त्रमा यस्तो बचत रकमबाट त्यो ठाउँको विकास गति मन्द वा तीव्र कस्तो हुन्छ भन्ने निर्धारण गर्न सकिन्छ। स्थानीय अर्थतन्त्रमा यस्तो बचतलाई बढाउन तथा बढी समयको लागि स्थानीय स्तरमै राखी राख्नका लागि विभिन्न विश्लेषण गरी जिल्ला तहबाट आवश्यकता अनुसार रणनीतिहरू अख्तियार गर्न सकिने हुँदा यस्तो विश्लेषण निकै महत्वपूर्ण हुन्छ। जिल्लाभित्र प्रवेश गर्ने र बाहिर जाने रकमको आकार मोटामोटी रूपमा देहायको सूचनाको आधारमा विश्लेषण गर्न सकिन्छ।

(i) **जिल्लामा भित्रिने रकमका स्रोतहरू** (contributors of money in flow)

- कूल निर्यात (सामग्री तथा सेवा दुवैको)
- स्थानीय निकायलाई सरकारले दिएको अनुदान रकम
- जिल्लाबाहिर काम गर्ने कामदारले पठाएको रकम (remittances)
- बाह्य स्रोतबाट स्थानीय बासिन्दाले लिएको ऋण रकम
- पर्यटन क्षेत्रबाट भएको आम्दानी
- जिल्लावासीले जिल्ला वा देश बाहिर गरेको लगानीबाट भएको आम्दानी
- वैदेशिक सहयोग प्राप्त आयोजनाहरू (foreign funded project) बाट स्थानीय तहमा हुने लगानी
- कर्मचारीहरूको तलव रकम
- सहयोगी संस्थाले दिएको चन्दा, दान, दातव्य, उपहार र सहयोग (donation of charity organization)
- जिल्लास्थित कार्यालयको विकास बजेट (जिल्ला भित्र खर्च हुने)
- गैरसरकारी संस्थाहरू मार्फत खर्च हुने रकम

(ii) **जिल्लाबाहिर जाने रकमका स्रोतहरू** (contributors of money out-flow)

- आयात (जिल्लावासी बाहिर गई वा बाहिरबाट आयात गरेको खरिददारी) को लागि हुने खर्च (लत्ताकपडा, औषधि, कृषि सामग्री आदि समेत)
- भन्सार, आयकर, मूल्य अभिवृद्धिकरबापत सरकारलाई जिल्ला भित्रबाट तिर्नुपर्ने रकम
- अन्य कर तथा शुल्कहरू बापतको रकम
- ऋण तथा ब्याज भुक्तानी रकम
- बाहिर लगिएको नाफा (profit repartiated) रकम
- जिल्लाबाहिर घर हुने कर्मचारीको तलव (स्थानीय तहमा हुने अनुमानित खर्च कटाई)
- जिल्लाबाहिर लगानी हुने स्थानीय बचत रकम

घरपरिवारको आयस्तर तथा गरिवीको स्थिति

जिल्लाको आर्थिक स्थितिको चित्रण गर्दा जिल्लाको प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन प्रतिव्यक्ति कति छ, बेरोजगार तथा अर्धबेरोजगारको दर कति छ, सरदर पारिवारिक आय कति छ आदिको विश्लेषण गर्नु आवश्यक छ। सामान्यतया योजनाको बृहत् लक्ष्य/उद्देश्य जनताको सरदर आयवृद्धि गरी निरपेक्ष गरिवी रेखामुनि रहेको जनसङ्ख्याको प्रतिशतलाई घटाउनु रहने हुँदा यससम्बन्धी सूचना तथा तथ्यांकको संकलन र व्याख्या आवश्यक हुन्छ। जिल्लाभित्र गरिवीको स्थितिको चित्रण घरपरिवारले खानाको लागि पर्ने व्यय (expenditure) वा आम्दानी (income) को आधारमा पनि गर्न सकिन्छ।

२०५३ (१९९६) मा केन्द्रीय तथ्यांक विभागबाट भएको नेपाल जीवनस्तर सर्वेक्षणबाट प्रतिव्यक्ति प्रतिदिन २१२४ क्यालोरी आवश्यक हुने अनुमान गरेअनुरूप उक्त क्यालोरी बराबरको खाद्यवस्तुहरूका लागि प्रतिव्यक्ति वार्षिक रू. २,६३७ उपभोग खर्चका रूपमा निर्धारण गरेको पाइन्छ। यसमा गैरखाद्य वस्तुको खर्च समेत जोड्दा प्रतिव्यक्ति वार्षिक रू. ४,४०४ आवश्यक हुने अनुमान गरिएको छ। यस आधारमा नेपाल अधिराज्यमा गरिवीको रेखामुनि परेका जनसङ्ख्या २०५३ सालमा ४२% रहेको अनुमान गरिएको थियो। यसै बमोजिम जिल्लाभित्र रहेका गाउँ विकास समिति तथा नगरपालिकामा छुट्टाछुट्टै रूपमा के कति गरिव परिवार छन् सो को सूचना संकलन गर्नुपर्छ। यसको लागि आधार वर्ष २०५२ को न्यूनतम आयको रकममा सरदर वार्षिक १०% ले वृद्धि गरी हालको न्यूनतम आयको मोटामोटी रकम निर्धारण गर्न सकिन्छ।

आयस्तरको सर्वेक्षण गर्दा वास्तविक आयको जानकारी प्राप्त गर्नमा हुने कठिनाइलाई मनन गरेर कतिपय मुलुकले खाद्यान्नमा हुने व्ययको अनुपातमा गरिवीलाई परिभाषित गरेका छन्। पारिवारिक कूल आयको कति प्रतिशत खाद्यवस्तुमा तथा कति प्रतिशत गैरखाद्य वस्तुमा खर्च हुने भन्ने जानकारीको आधारमा पारिवारिक सम्पन्नताको व्याख्या देहायअनुसार गर्न सकिन्छ।

तालिका नं. ७ पारिवारिक सम्पन्नताको स्तर

खाद्यवस्तुमा खर्च हुने कूल पारिवारिक आयको हिस्सा	पारिवारिक सम्पन्नताको स्तर
३० प्रतिशतभन्दा कम	सम्पन्न (well-off)
३०-४९ प्रतिशत	मध्यम (middle)
५०-६९ प्रतिशत	गरीव (poor)
७० प्रतिशतभन्दा बढी	अति गरीव (ultra poor)

गरिवीको चित्रण तथा विश्लेषण गर्दा आर्थिक रूपले गरिब समूह (economically deprived group) को माथि उल्लेख गरिएबमोजिम आयस्तरबाट गर्न सकिन्छ भने सामाजिक रूपले गरिव (socially deprived group) वर्गको पनि विश्लेषण आवश्यक हुन्छ। सामाजिक संरचनाभित्र जातिगत रूपले पिछडिएको वर्ग (दलित तथा अन्य जनजाति) को वितरण तथा आर्थिक स्थितिको अलग्गै विवेचना गर्नुपर्छ।

४.४.६ कृषि तथा सिंचाइ क्षेत्र

यस शिर्षकअन्तर्गत जिल्लाको कृषिक्षेत्रको उपलब्धि (performance) तथा समस्याहरूको लेखाजोखा गर्नुपर्छ। साथै कृषि तथा सिंचाइ क्षेत्रतर्फ विगत ५ वर्षमा संचालित कार्यक्रम समीक्षा

गरी उपलब्धि, समस्या तथा संभावनाको समेत विश्लेषण गर्नुपर्नेछ। कृषि विकास योजना (agriculture development planning) को उद्देश्यहरूमध्ये कृषि उत्पादन तथा उत्पादकत्वको स्थिति (status) के छ र उत्पादन तथा उत्पादकत्वको वृद्धिदरको प्रवृत्ति (trend) कस्तो छ सोको विश्लेषण आवश्यक रहन्छ। यसप्रकारको विश्लेषणबाट योजना अवधिमा कृषि उत्पादनको वृद्धिदर के कति रहने हो सोको अनुमान गर्न सकिन्छ। कृषि उत्पादनको सामान्य वृद्धि (trend scenario) लाई थप प्रयासद्वारा तीव्र वृद्धिमा परिणत (development scenario) गर्न सकिने हुँदा कृषि उत्पादनको वृद्धि दर तोकिएबमोजिम हासिल गर्न सकिन्छ वा सकिँदैन भन्ने कुरा निर्धारण गर्नका लागि निम्नलिखित प्रश्नहरूको उत्तर खोज्नुपर्ने हुन्छः

- कृषि उत्पादन वृद्धि गर्न बढी जग्गा उपलब्ध हुन्छ/हुँदैन ?
- पर्याप्त कृषि कर्जा उपलब्ध हुन्छ/हुँदैन ?
- कृषि उत्पादनलाई हालको वृद्धिदरभन्दा बढाएर लैजान सोही अनुपातमा कृषि सामग्री : मलखाद, उन्नत विउ, आदिको आपूर्तिमा वृद्धि हुन्छ/हुँदैन ? यी सामग्री समयमै उपलब्ध गराउने संस्थागत व्यवस्था कस्तो छ ?
- सिंचित क्षेत्रको प्रतिशत वृद्धि हुन्छ/हुँदैन ?
- उत्पादन वृद्धि गर्नका लागि आवश्यक पर्ने उन्नत विउ, खेती गर्ने तौरतरिकामा सुधार (better cultivation practices), कृषि औजार तथा मेसिनरी आदिको क्षेत्रमा नयाँ प्रविधिको विकास हुन्छ/हुँदैन ? नयाँ प्रविधि किसानसम्म पुऱ्याउने प्रसार सेवा प्रभावकारी हुन्छ/हुँदैन तथा किसानहरूलाई तालिम दिइन्छ/दिइँदैन ?
- कृषिको लागि थप मजदुरहरू उपलब्ध हुन्छ/हुँदैन ?
- बचत उत्पादन गर्नेको कृषि उपजले बजार पाउन सक्छन् सक्दैनन् ?

कृषि प्रसार तीन तरिकाबाट गर्न सकिन्छः व्यक्तिगत (individual approach), समूहगत (group appraoch) तथा सबैलाई समेट्ने गरी (mass approach)। उल्लेखित तरिकाहरूमध्ये हालका वर्षहरूमा समूहगत (group approach) माध्यम सबैभन्दा प्रभावकारी पाइएको हुँदा समूहगत तरिकाबाट भइरहेको कृषिप्रसारको प्रगति स्थिति तथा समस्याको विवेचना गर्नुपर्छ।

कृषि क्षेत्रको उद्देश्य समग्र कृषकहरूको आयस्तरमा वृद्धि गर्नुपर्ने समेत रहने हुँदा कृषि प्रसार सेवा उत्पादन वृद्धिमुखी मात्र हुनु हुँदैन। यसले विशेष गरी साना कृषकहरूलाई तुलनात्मक रूपमा बढी नाफा हुने वाली लगाउने निर्णयमा पुग्न मद्दत दिने, फार्म व्यवस्थापन (farm management) मा सुधार ल्याउने, कृषि उत्पादन भित्र्याउने समयमा हुने नोक्सानीहरू (post harvesting losses) कम गर्न मद्दत पुऱ्याउने आदि कार्यहरू गर्नुपर्ने हुन्छ। अतः यस विषयमा कृषि प्रसार कार्यहरूको मूल्यांकन आवश्यक छ।

देशमा ससाना कृषकको बाहुल्यता भएको र ससाना कृषक परिवारको उत्पादन घरायसी खपतको लागि मात्र हुने भएकोले कृषि क्षेत्र निर्वाह मुखी रहेको छ। निर्वाहमुखी कृषिलाई व्यापार मुखी बनाउन आवश्यक छ। यसको लागि परिवार तह (Farm household level) मा रहेको समस्याको पहिचान गर्नु पर्छ। कृषि परिवार तहमा विभिन्न प्रकारको बाली तथा पशु उत्पादनबाट के कस्तो फाईदा भइरहेको छ र तुलनात्मक रुपमा बढी फाइदा के मा हुन्छ सो को विश्लेषणबाट कृषि परिवार तहमा निर्णयमा सघाउन तथा कृषि उत्पादकत्व बढाउन अन्य तरिकाहरूका अतिरिक्त कूल सिमान्त विश्लेषण (gross margin analysis) गर्न सकिन्छ।

कूल सिमान्त विश्लेषण (gross margin) भनेको कूल फार्म आय (gross farm income) तथा उत्पादन खर्च (variable cost) बीचको फरक हो। यो (gross margin) प्रति हेक्टर वा प्रति

पशु (per head of live stock) का लागि निकालिन्छ। सम्बन्धित गतिविधि (बाली/पशु पालन) को कूल आय गणना गर्दा घरायसी प्रयोजनका लागि खपत हुने परिणामको समेत गणना गरिन्छ। पशु वा गाइवस्तुको कूल उत्पादन मूल्य गणना कार्य बाली उत्पादनको तुलनामा जटिल हुन्छ। यसमा पशु वस्तुको हालको मूल्याङ्कन तथा शुरुको मूल्याङ्कन र खर्चको फरकलाई समेत (closing valuation minus opening valuation minus expenditure) समावेश गरिन्छ।

सम्बन्धित गतिविधि (बाली/पशु पालन) को उत्पादन लागत (variable cost) प्रति हेक्टर वा प्रति पशुको लागि देहायका विषयको लागत तथा खर्चबाट निकाल्नुपर्छ।

- बिउ विजन (seeds and seedlings)
- मलखाद (fertilizers)
- किटनाशक औषधि (pesticides)
- सिंचाइ
- पशु स्वास्थ्य खर्च (veterinary service & drugs)
- बोरा (bags)
- मेशिनरी तथा जोत्ने/ दाइँ गर्ने प्रयोजनका पशुहरु
- मानव श्रम
- तेल, इन्धन, मोबिल आदि
- यातायात खर्च
- कार्यगत पूँजीमा लाग्ने ब्याज
- बजारमा बेच बिखन गर्दाको खर्च

मानव श्रमको गणना गर्दा परिवार सदस्यले गरेको कामको पनि गणना गरिन्छ। कार्यगत पूँजी (working capital) को ब्याजको गणना सबै उत्पादन लागत (variable cost) लाई जोडी दुईले भाग गर्ने र बजारमा प्रचलनमा रहेको ब्याज दरले गुणा गरी निकालिन्छ।

कूल सिमान्त विश्लेषण (gross margin analysis) को नमूना देहाय बमोजिम रहेको छ।

तालिका नं. ८ कूल सीमान्त विश्लेषण (gross margin) (नमूना १)

विवरण	बदाम प्रति हेक्टर (रु.)	कपास प्रति हेक्टर (रु.)
कूल उत्पादन मूल्य		
मूख्य उत्पादन (रू.)	७२,०००	१,३५,०००
सहायक उत्पादन (रू.)	५,०००*	-
जम्मा	७७,०००	१,३५,०००
उत्पादन लागत		
बिउ	२,१००	१,०००
मलखाद	१२,०००	२८,०००
किटनाशक औषधि	-	-
स्प्रेयर	-	-
श्रम मजदूर	२,२५०	१,१२५०
बोरा/पेकिङ सामग्री	१,२००	१,८००
कार्य पूँजीको ब्याज	७०२	२,६१४

जम्मा	१८,२५२	६७,९६४
कूल मिश्रित आय (gross margin)	५८,७४८	६७,०३६

* बदाम खेतीको बोट (hay) गाइ बाखालाई खुवाउन काम लाग्ने ।

तालिका नं. ९ प्रमुख उत्पादनको कूल सीमान्त विश्लेषण (gross margin calculation) (नमूना २)

उपज	उत्पादन/ हेक्टर किलो	बजार मूल्य (Fargale price) प्रति किलो	कूल आय Gross output (रु.)	उत्पादन लागत (रु.)	Gross margin प्रति हेक्टर (रु.)
१ मकै मात्र (maize mono)	२,०००	५	१०,०००	१,०००	९,०००
२ मकै र केराउ - मकै - मटर	 १,५०० ७५०	 ५ १३	 ७,५०० ७५० १७,२५०	१,५००	१५,७५०
३ केराउ	१,०००	१३	१३,०००	५००	१२,५००
४ कपास - गुणस्तरीय - कमसल	 ५०० ५०	 १७.० .०	 ८,५०० ४५० ०५०	१,०००	७५०
५ धान	१,५००	८.०	१२,०००	१,२५०	१०,७५०

४.४.७ उद्योग तथा खानी क्षेत्रको स्थिति

देशमा उद्योग क्षेत्रको योगदान न्यूनतम रहेको छ । कूल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योग (manufacturing industries) को योगदान केवल १० प्रतिशत मात्र छ भने यसले लगभग तीन प्रतिशत मात्र रोजगारी प्रदान गरेको छ ।

औद्योगिक उत्पादन तथा रोजगारीमा अधिकांश हिस्सा साना तथा घरेलु उद्योगको रहेको छ । उद्योग क्षेत्रको विकासमा आशातित विकास नहुनुको मुख्य एक कारण देशमा शहरीकरणको गति मन्द हुनु पनि एक हो । देशको ९० प्रतिशत जनता अझै पनि ग्रामीण क्षेत्रमा रहेको तथा ग्रामीण अर्थतन्त्र कृषिमा बढी निर्भर रहेको छ । ग्रामीण क्षेत्रमा स-साना कृषकहरुको बाहुल्यता रहेको र कृषि क्षेत्र बढी निर्वाहमुखी भएकोले गर्दा ग्रामीण क्षेत्रमा जनसंख्या बढी छरिएर रहेको छ । ससाना असंख्य वस्तीहरुमा जनसंख्या छरिएर रहेको कारण उद्योग स्थापनाको लागि न्यूनतम जनसंख्या (threshold population) को कमीले गर्दा ग्रामीण क्षेत्रमा औद्योगिक विकासको गति समेत मन्द रहेको छ । शहरीकरण तथा औद्योगिकरण बिच गहिरो अन्तरसम्बन्ध रहेकोले जिल्ला भित्र विकासका सम्भावना भएका मुख्य मुख्य बजार केन्द्रहरु (potential rural market centres) छनौट गरी त्यस्ता केन्द्रहरुमा श्रोत तथा लगानी केन्द्रीत गरी ग्रामीण औद्योगिकरण (rural industrialization) लाई गति दिनु पर्ने हुन्छ । यस्तो रणनीतिले जिल्ला भित्र निश्चित स्थलहरुमा जनसंख्या केन्द्रित हुने, उद्योग धन्धाको विकास तिब्र हुने र सो को प्रभाव विस्तारै छेउ छाउको गाउँ (hinterland) मा क्रमशः पर्दै जाने हुन्छ ।

यस सन्दर्भमा औद्योगिक क्षेत्रको विकासको वर्तमान प्रयासहरु स्थलगत सम्भावना (location potential) को आधारमा केन्द्रित छन् कि छैनन् भन्ने कुरा विवेचना आवश्यक रहन्छ । अधिकांश

जिल्लाहरु ग्रामीण प्रकृतिका रहेकोले ग्रामीण क्षेत्रमा मझौला वा ठूला उद्योगहरुको स्थापनाको अवसर तथा सम्भावना न्यून रहेको हुन्छ । तथापि स्थानीय कच्चा पदार्थको नजिक (Proximity to local raw material) कलकारखाना खोल्नु पर्ने स्थिति भयो भने मात्र ग्रामीण क्षेत्रमा मझौला वा ठूला उद्योग खुल्न सक्ने हुँदा ग्रामीण क्षेत्रमा साना, घरेलु तथा लघु उद्योगहरु खुल्न सक्ने सम्भावना बढी रहेको हुन्छ। साना तथा घरेलु उद्योगहरु श्रममुखी (labor-intensive) हुने, स्थानीय मागलाई पूरा गर्ने तथा स्थानीय सुशुप्त पूँजी (dormant capital) लाई परिचालन र प्रयोग गर्ने भएकोले आवधिक जिल्ला विकास योजनाले लघु, साना तथा घरेलु उद्योगको योजना (micro, small and cottage industries planning) मा जोड दिनु पर्छ । यसका लागि निम्न क्षेत्रको सूचना, समस्या तथा सम्भावनाको संकलन र विश्लेषण गरिनु पर्छ ।

- ग्रामीण औद्योगिकरणको लागि जिल्ला भित्र बढी सम्भावना रहेका स्थलहरु कुन कुन छन् ? (settlement pattern analysis), जुन पहिले नै वस्ती विकासको स्वरूप र श्रृङ्खला अन्तर्गत चर्चा भइसकेको छ ।
- औद्योगिक उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ (कृषि, बनजन्य, पशुजन्य, खानी) कहाँ कहाँ के कति परिमाणमा उपलब्ध छ ?
- कच्चापदार्थको रूपमा बाहिर जाने वस्तु र परिमाण के कति छ ? जिल्ला भित्र प्रशोधन गरी पठाउन समस्या र सम्भावना के छ ?
- स्थानीय प्रमुख बजारहरुमा जिल्ला भित्र तथा जिल्ला बाहिर उत्पादन हुने वस्तुहरु कून कून के कति परिमाणमा खपत भएको छ तथा बजारमा त्यस्ता वस्तुको मागको स्थिति के छ ?
- जिल्लाभित्र परम्परागत शीप प्रयोग गर्ने समूह/जाति (occupational skill & caste) को बाहुल्यता कहाँ कहाँ छ ? यस्ता समूहले सञ्चालन गरेका उद्यम कति र कुन अवस्थामा छन् ? परम्परागत उद्यम (traditional enterprise) लाई अभिबृद्धि (upgrade) गर्ने दिशामा समस्या के रहेको छ ?
- स्थापित उद्योगहरु दीर्घकालसम्म चलिरहने दर (survival rate) कस्तो छ ? उद्योग बन्द हुनुका कारण के के हुन् ?
- नयाँ उद्योग खुल्ने दर (new entry rate) कस्तो छ ? नयाँ उद्योग स्थापना हुन नसक्नुको कारण के हो ?
- जिल्लामा प्रदान गरिने सिप विकास तालिमहरुबाट नयाँ उद्योग जन्मिने दर कस्तो छ ? सिप विकास तालिमलाई प्रभावकारी नहुनुको कारण के हो ?
- औद्योगिक उत्पादनको बजारीकरणको समस्या के छ ?
- जिल्लामा उद्यमशीलताको विकास हुन नसकेको कारण के हो ?
- औद्योगिक ग्रामीण तथा लघु कर्जामा उद्यमीको पहुँच (access to rural/micro credit) को स्थिति कस्तो छ तथा समस्याहरू के के छन् ?
- कच्चा पदार्थको रूपमा बाहिर जाने वस्तु र परिमाण के कति छ ?
- जिल्ला भित्र प्रशोधन गरी पठाउन समस्या र सम्भावना के छ ?

जिल्लाको उद्योग विकास योजना (district industrial development planning) को उद्देश्य जिल्लाका औद्योगिक उत्पादन, औद्योगिक रोजगारी, उद्योग स्थापना दरमा वृद्धि गर्नु रहने हुँदा यसरी यस क्षेत्रमा हालको स्थिति कस्तो छ सो सम्बन्धित सूचनाको सृजना गर्नु पर्छ ।

४.४.८ व्यापार, पर्यटन तथा सेवाक्षेत्रको स्थिति

यस शिर्षक अन्तर्गत देहायका क्षेत्रहरूको वर्तमान अवस्था, समस्या तथा सम्भावनाहरूको विवेचना गर्नुपर्नेछः

- थोक तथा खुद्रा व्यापार
- निकासी पैठारी स्थिति
- ढुवानी तथा भण्डारन व्यवस्था
- वित्तीय तथा व्यवसाय सेवा
- पर्यटन विकास तथा व्यवस्थापन

थोक तथा खुद्रा व्यापार

जिल्ला भित्र के कस्ता समाग्रीहरूको थोक व्यापार हुन्छ ? थोक व्यापारीहरू के कति छन् ? कुन कुन ठाउँ (जिल्ला भित्र/बाहिर) बाट खरिदकर्ताहरू आउँछन् ? प्रमुख व्यापार स्थल कुन कुन हो ? जिल्ला भित्रका प्रमुख वस्तीहरूमा के कस्ता थोक तथा खुद्रा व्यापारीहरू छन् ? सो सम्बन्धी विवेचनाहरू यस क्षेत्रको समस्या तथा सम्भावनाहरूको विश्लेषण गर्नुपर्छ ।

निकासी पैठारी स्थिति

माथि “थोक तथा खुद्रा व्यापार” उपशिर्षकमा उल्लेख भएका थोक तथा खुद्रा सामग्रीहरूको उत्पादन जिल्ला भित्र वा बाहिर के कति परिमाणमा भएको हो ? जिल्लाको उत्पादन बाहिर कति जाने, बाहिर उत्पादन भएका सामग्री जिल्ला भित्र के कति आउने सोको निकासी पैठारी स्थितिको विश्लेषण गरी यस क्षेत्रको समस्या तथा संभावनाहरूको चित्रण गर्नुपर्छ ।

ढुवानी तथा भण्डार व्यवस्था

जिल्ला भित्र उत्पादन वस्तुहरूको एक बजारबाट अर्को बजारमा लैजान ढुवानी तथा यातायात सेवा कतिको प्रभावकारी छ ? विशेषगरी कृषि उपज, कृषि सामग्री तथा निर्माण सामग्रीहरूको वितरण प्रक्रियामा ढुवानी तथा यातायात सेवाले के कस्तो समस्या सिर्जना गरेको छ सो उल्लेख गर्नुपर्छ । जिल्लाको उत्पादन बचतलाई भण्डार गर्ने व्यवस्था कस्तो छ ? शीत भण्डारनको सुविधा के कति उपलब्ध छन् ? अति आवश्यकीय वस्तुहरूको संचिति कस्तो छ सो सम्बन्धी विवेचना गरी यस क्षेत्रमा देखिएको समस्या तथा संभावनाहरूको चर्चा गर्नुपर्नेछ ।

पर्यटन विकास तथा व्यवस्थापन

जिल्ला भित्र के कस्ता पर्यटकीय स्थलहरू छन् ? के कति पर्यटनहरू जिल्ला भित्र आउँछन् ? कुन कुन ठाउँहरूमा पर्यटनहरू जाने गर्छन् ? जिल्ला भित्र पर्यटक वृद्धि दर कति छ ? शहरी तथा ग्रामीण क्षेत्रहरूमा औसत के कति दिन पर्यटकहरू बस्ने गर्छन् ? पर्यटकहरूले सरदर के कति खर्च गर्छन् सो को विश्लेषण गरी यस क्षेत्रको समस्या तथा संभावनाहरूको विश्लेषण गर्नुपर्छ ।

पर्यटकहरूलाई आकर्षण गर्न के कस्ता सेवा तथा सुविधाहरू उपलब्ध छन् ? पर्यटक के कति सुरक्षित छन् ? ग्रामीण पर्यटन (village tourism) तथा पर्या पर्यटन (eco tourism) को विकास के कति भएको छ ? पर्यटकहरूको वृद्धिले के कस्ता समस्याहरू उत्पन्न भएका छन् सो सम्बन्धी विवेचना समेत गर्नुपर्नेछ ।

४.४.९ भौतिक तथा सार्वजनिक पूर्वाधार (Physical Infrastructure & Utilities)

जिल्लाको विकासका लागि पूर्वाधार (infrastructure) आवश्यक हुन्छ । सार्वजनिक क्षेत्रले पूँजी (capital) लाई स्थिर जेथा (fixed assets) मा परिवर्तन गऱ्यो भने त्यसलाई पूर्वाधार भनिन्छ । बाटो घाटोको निर्माण, भवन, सिंचाई तथा नदी नियन्त्रण संरचना, संचार प्रणाली, गोदाम घर, ढल निकासहरु पूर्वाधार भएकोले यसको स्थितिको विश्लेषण यस शीर्षकमा गर्नु पर्नेछ ।

सडक यातायात

विकास प्रक्रियाबाट हामीले चाहना राखेको स्थिति (ideal condition) तथा सो स्थितिसंग हाम्रो वास्तविक स्थिति (existing condition) संग तुलना गरी पूर्वाधार सेवा तथा सुविधाको मूल्याङ्कनका लागि तुलनाधार (standards) को प्रयोग गर्नु पर्ने हुन्छ ।

सडक, रेल, जलमार्ग तथा यातायात सेवाहरुले एक ठाउँलाई अर्को ठाउँसंग जोडने तथा ग्रामीण जनतालाई शहर क्षेत्रको सेवा सुविधामा पहुँच गराउँछ । जिल्ला भित्र सडक यातायातको स्थितिको लागि देहाय बमोजिमको सूचनाहरुको आवश्यकता रहन्छ ।

(क) **सडक प्रणालीको घनत्व** (density of road system) : यसलाई जिल्ला भित्र यातायात सुविधाको सूचक (accessibility indicator) का रूपमा प्रयोग गरिन्छ । जिल्ला भित्र इलाकागत, गा.वि.स.गत तथा निर्वाचन क्षेत्रगत रूपमा सडक, ढलसम्बन्धी यस प्रकारको सूचना सृजना भएमा जिल्ला भित्र यातायात सुविधाको तुलना गरी कुन क्षेत्रमा सडक यातायातमा बढी ध्यान दिनु पर्ने हो, सो को विवेचना गर्न सकिन्छ । साथै जिल्ला सडक यातायात स्थितिलाई अन्य जिल्लाहरुसंग समेत दाँज्न सकिन्छ । सडक घनत्व दुई प्रकारले गणना गर्न सकिन्छ । जुन तहमा सडक घनत्व निकालिने हो (तह भन्नाले जिल्ला, गा.वि.स., इलाका वा निर्वाचन क्षेत्र) सो तहमा रहेको बन जंगलको क्षेत्रफललाई घटाई प्रति वर्ग किमि arable land मा के कति किलोमिटर सडक छ सो निकाल्नु पर्ने छ । प्रति वर्ग कि.मी. क्षेत्रमा १ कि.मी. सडक हुनुलाई standard मान्न सकिन्छ । दोश्रो विधिमा प्रति १,००० जनसंख्यामा कति कि.मी. सडक रहेको छ सो को गणनाा गरी सडक घनत्व निकाल्न सकिन्छ ।

(ख) **ग्रामीण जनताको यातायात आवश्यकता** (access needs) : जिल्ला भित्र यातायात सेवा (transportation services) को अवस्था तथा विभिन्न क्षेत्रमा बसोबास गर्ने ग्रामीण जनतालाई यातायात सेवा उपयोग गर्न औषत हिड्नु पर्ने समयको विश्लेषणका आधारमा (accessibility analysis) ग्रामीण जनताको यातायात आवश्यकता पहिचान गर्न सकिन्छ ।

(ग) **यातायात साधन** (mode of transportation) : जिल्ला भित्र विभिन्न क्षेत्रमा एक स्थलबाट अर्को स्थलमा जानको लागि पैदल हिंड्ने वा वयलगाडा, साइकल, टेम्पु, ट्रक, ट्रेक्टर, बस, रिक्सा आदि सवारी साधनहरूको प्रयोग भइरहेको हुन्छ । जिल्ला भित्र विभिन्न क्षेत्र तथा

निर्माण भएका सडकमा प्रयोग भइरहेको साधनको संख्या, रुट, पुऱ्याइरहेको सेवा आदि सम्बन्धी सूचना विश्लेषण गर्नुपर्छ । साथै यातायात साधनको मर्मत संभार गर्ने केन्द्रहरू/ वर्कसपहरूको उपलब्धताको बारेमा पनि सूचना संकलन गर्नुपर्छ ।

(घ) **सडकको वर्गीकरण** (road classification): सडकको निर्माण गर्ने तथा त्यसको मर्मतसंभार गर्ने जिम्मेवारी किटान गर्नका लागि सडकको वर्गीकरण गर्न आवश्यक छ । सडकलाई विभिन्न उद्देश्यका लागि विभिन्न किसिमले वर्गीकरण गर्न सकिन्छ ।

- **प्रशासनिक उत्तरदायित्व** (administrative responsibility) का आधारमा-
  - राष्ट्रिय
  - जिल्ला
  - नगरपालिका
  - गाउँ विकास समिति
- **सडक क्षमता** (capacity) का आधारमा-
  - द्रुत मार्ग (express ways) : (यसमा crossing हुँदैन तथा right of way ६० मिटर हुन्छ । नेपालमा यस्तो मार्गको विकास भएको छैन ।)
  - राजमार्ग (highway) : (right of way कम्तीमा २० मिटर हुने ।)
  - सहायक मार्ग (secondary roads) : (Right of way १३ मिटर)
  - न्यून मार्ग (miner roads) : (right of way ७ मिटर)
  - घोडेटो चक्रेटा (right of way ३.५ मिटर)
- **सडकको निर्माण प्रकारको आधारमा** (types of pavement)
  - ढलान (concrete)
  - कालापत्रे (asphalt)
  - खण्डास्मित (gravel)
  - कच्ची (earthfil)/

  नोटः आवश्यकता अनुसार बाह्रै महिना यातायात चल्ने नचल्ने खुलाउनु पर्ने ।

सडक यातायातसम्बन्धी पूर्वाधारको विकासक्रममा घनावस्ती तथा शहरीक्षेत्रमा केही अनिवार्य सेवासुविधाको सिर्जना गर्नुपर्छ । यस्ता सेवा सुविधाअन्तर्गत पार्किङ, बसस्टप, प्रतिक्षालय (waiting sheds), सडक बिजुली (street lighting), पैदलयात्रीको सडक पार गर्ने व्यवस्था (pedstrian crossing), सडक सङ्केत चिन्ह (directional signs), बसको अन्तिम बिसौनी (terminals) आदि पर्दछन् । उल्लेखित पूर्वाधार विकासको विद्यमान अवस्था, पुऱ्याइरहेको सेवा तथा सोसम्बन्धी समस्याहरू समेतको सूचना संकलन र विश्लेषण गर्नुपर्छ ।

सञ्चार प्रणाली

सञ्चारप्रणाली अन्तरगत जिल्लाभित्र हुलाक, टेलिफान लाइन वितरण, ट्रङ्क कल सेवा, आकाशवाणी, फ्याक्स इमेल, इन्टरनेट, रेडियो, टेलिभिजन आदि उपलब्ध सञ्चार सेवाहरूमा स्थानीय बासिन्दाको पहुँचको स्थिति तथा समस्याहरूको विवेचना यस शीर्षकमा गरिन्छ। जिल्ला भित्रका विभिन्न गाउँ विकास समितिहरूले उल्लेखित सेवाहरूको प्रयोग गर्न औसत कति समय खर्च गर्नुपर्छ ? सेवाको स्तर कस्तो छ ? सूचनाहरू प्राप्त गर्न औसत कति समय लाग्छ ? आदि सम्बन्धी जानकारी संकलन गर्नुपर्छ ।

शहरीकरणको सँगसँगै टेलिफोन लाइनको माग बढ्दै जाने हुँदा शहरी क्षेत्रमा हाल के कति टेलिफोन लाइन छ तथा भविष्यमा कति लाइन चाहिने हो ? मागबमोजिमको टेलिफोन सेवा उपलब्ध गराउने क्षमता कस्तो छ ? उपलब्ध प्रविधि कस्तो छ ? सोको विश्लेषण गरी समस्याको पहिचान गर्नुपर्छ ।

विद्युत् तथा वैकल्पिक ऊर्जा विकास स्थिति

यस शीर्षकअन्तर्गत ग्रामीण विद्युतीकरणको विद्यमान स्थिति तथा समस्या सँगसँगै सौर्य ऊर्जा (solar energy), बायो ग्यास, लघु जलविद्युत् (micro hydro electricity) तथा अन्य वैकल्पिक उर्जा विकास सम्बन्धी स्थिति तथा समस्याको विवेचना गरिनुपर्छ।

विद्युतीकरणले ग्रामीण क्षेत्रमा गतिविधिलाई बढाउने र आर्थिक गतिविधिको वृद्धि सडक यातायात, घनावस्ती तथा अन्य आर्थिक अवसरमा समेत निर्भर रहने हुन्छ। अतः विद्युतीकरणको अभावमा आर्थिक अवसर बढ्न नसकेका सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता ठाउँमा लघुजलविद्युत्को विकासको सम्भावना समेत पहिल्याउन आवश्यक पर्ने हुँदा यसप्रकारको विश्लेषण यस शीर्षकमा गर्नुपर्छ। विद्युत सेवा पुगेको बस्ती र गाउँ विकास समिति/नगरपालिका संख्या, पहुँच भएका घरधुरी, वितरण स्थिति आदिका आधारमा समस्या र सम्भावना विश्लेषण गर्न सकिन्छ। साथै स्थान सुहाउँदो वैकल्पिक उर्जा विकासको सम्भावना के हुन सक्छ (सौर्य, गोवरग्याँस आदि) र त्यसको वर्तमान विकास र उपयोग स्थिति के छ सो समेत यसमा केलाउनु पर्छ।

खानेपानी आपूर्ति (Drinking Water Supply)

जिल्लाभित्र खानेपानीको आपूर्ति सामान्यतया तीन तरिकाले भइरहेको पाइन्छ। पानी आपूर्तिमा यी तीन तरिका वस्तीको आकार (Size) तथा पानी स्रोतको दूरीले समेत निर्धारण गरेको हुन्छ। पहिलो तरिका (Level I) अन्तरगत खानेपानीको पाइप (piping) को प्रयोग गरिँदैन। पानीको स्रोतबाटै स्थानीय बासिन्दाले पानी भरी लैजाने गर्दछन्। यसप्रकारको व्यवस्थामा पानी मूल, इनार, कुवा तथा कल धारा (हैन्ड पाइप, रोवर पम्प) को प्रयोग भएको हुन्छ।

पानी आपूर्तिको दोस्रो तरिका (Level II) अन्तरगत खानेपानीको पाइपको प्रयोग भएको हुन्छ तर घरघरै पानीको धारा दिइँदैन। पानीको मूल, डिप ट्यूबवेल वा अन्य स्रोतबाट पानी संकलन गरी पाइपको माध्यमद्वारा बस्ती नजिक पानी पुऱ्याइन्छ तथा सार्वजनिक धाराबाट पानी आपूर्ति गरिन्छ। यस्तो सार्वजनिक धारा (stand point) प्रत्येक १०-२० घरको लागि एउटा धाराको दरले सिर्जना गर्नुपर्ने हुन्छ, पानी आपूर्तिअन्तर्गत तेस्रो तरिका (Level III) घरघरै पानीको धारा दिइन्छ। उल्लेखित तीन तरिकामध्ये तेस्रो तहको आपूर्ति प्रणाली सबैभन्दा सुरक्षित हो र यस विधिमा पानीलाई स्वच्छ पार्ने प्रविधिको प्रयोग पनि गरिन्छ। तेस्रो तरिकालाई मात्र piped water system अन्तरगत राख्न सकिन्छ। वैकल्पिक तरिकाहरूमा केही जिल्लाहरूमा वर्षात्को पानी संकलन गरी उपयोग गर्ने व्यवस्था समेत गरेको पाइएको छ। स्थान अनुसार यससम्बन्धी कुराहरूको समेत तथ्यांक संकलन र विश्लेषण गरिनुपर्छ।

जिल्लाभित्र पानी आपूर्तिको स्थिति चित्रण गर्दा माथि उल्लेखित गरिएबमोजिमको विभिन्न तहको आपूर्ति व्यवस्थाबाट केकति जनसङ्ख्याले खानेपानी प्राप्त गरेको छन् सोको सूचना संकलन र विश्लेषणबाट खानेपानी आपूर्तिको समस्याको विश्लेषण अर्थपूर्ण ढङ्गले गर्न सकिन्छ।

पानीको आपूर्तिको व्यवस्थालाई प्रभावकारी गर्न जिल्लाभित्र वस्तीको आकारअनुसार माथि उल्लेखित प्रमुख तीन तरिकाले मध्ये कुन उपयुक्त हो वा वैकल्पिक तरिका बढी उपयुक्त हुन्छ कि ? सोसम्बन्धी विश्लेषण आवश्यक रहन्छ। विशेष गरी घना जनसङ्ख्या भएको वस्ती तथा नगर क्षेत्रमा तेस्रो तरिकाबाट पानीको आपूर्ति गर्नुपर्ने हुँदा पानीको आवश्यकताका प्रक्षेपण तथा आपूर्ति स्थितिको फरक (gap) समेतको पहिचान गर्न आवश्यक देखिन्छ। यस शिर्षक अन्तर्गत

विगत ५ वर्षमा संचालित आयोजना र कार्यक्रमको समीक्षा गरी उपलब्धि, समस्या तथा सम्भावनाको समेत विश्लेषण गर्नुपर्नेछ ।

नदी नियन्त्रण (Flood Control)

कतिपय जिल्लाहरूमा नदी कटानको समस्या विकराल रहेको देखिन्छ । समस्याग्रस्त नदीहरूले पुऱ्याएको क्षतिको स्थिति, प्रभावित जनसंख्या तथा त्यसको कारणको लेखाजोखा गरी नदी नियन्त्रण गर्नुपर्ने स्थलहरू र सोको प्राथमिकता समेत विश्लेषणको आधारमा तय गरिनुपर्छ ।

४.४.१० सामाजिक पूर्वाधार तथा सेवा (Social Infrastructure and Services)

शिक्षा (Edcuation)

शिक्षा जस्तो सामाजिक पूर्वाधार तथा सेवा सबैका लागि पुऱ्याउनु पर्ने हुँदा यसको माग (demand) तथा आपूर्ति (supply) स्थितिको गहन विश्लेषण गर्न आवश्यक रहन्छ । शिक्षा सेवाको मागको स्थिति विद्यालय जाने उमेर जनसङ्ख्या (school age population) कति छ सोबाट निर्धारण गरिन्छ । विद्यालय जाने उमेर समूह जनसङ्ख्यालाई निम्नलिखित ४ वर्गमा विभाजन गर्न सकिन्छः

(i)	शिशु कक्षा (स्याहार केन्द्र) तथा पूर्व प्राथमिक विद्यालय (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह	- ३-५ वर्ष
(ii)	प्राथमिक विद्यालय जाने उमेर समूह (कक्षा १-५ सम्म)	- ६-१० वर्ष
(iii)	निम्न तथा माध्यमिक विद्यालय जाने उमेर समूह (कक्षा ६-१० सम्म)	-११-१६ वर्ष
(iv)	उच्चमाध्यमिक विद्यालय (tertiary school) जाने उमेर समूह (१०+२)	-१७-२० वर्ष

माथि उल्लेखित विभिन्न उमेर समूहको जनसङ्ख्याको आधारमा निम्नलिखित सूचनाबाट विद्यालय सुविधाको आपूर्ति स्थिति विश्लेषण गरिन्छः

- छात्र/छात्रा अनुपात र महिला शिक्षिका सङ्ख्या
- महिला शिक्षक छात्र अनुपात
- विद्यालय सङ्ख्या (पूर्व प्राथमिक/प्रा.वि./मा.वि./दश जोड दुई)
- कक्षाकोठा सङ्ख्या (पूर्व प्राथमिक/प्रा.वि./मा.वि./दश जोड दुई)
- कक्षागत विद्यार्थी सङ्ख्या (पूर्व प्राथमिक/प्रा.वि./मा.वि./दश जोड दुई)
- शिक्षक सङ्ख्या (पूर्व प्राथमिक/प्रा.वि./मा.वि./दश जोड दुई)
- बीचमै विद्यालय छाडी जाने (drop out) विद्यार्थी सङ्ख्या (छात्र छात्रा)
- प्रति विद्यार्थी डेस्कवेन्च अनुपात
- अन्य भौतिक सुविधा (चर्पी, प्रयोगशाला, खानेपानी, खेल मैदान आदि)

जिल्लाको शैक्षिक स्थितिलाई तहगतरूपमा (पूर्व प्राथमिक/प्राथमिक विद्यालय/माध्यमिक विद्यालय/उच्च माध्यमिक विद्यालय) तथा क्षेत्रगत रूपमा (गाउँ विकास समिति, नगरपालिका, इलाका तथा निर्वाचन क्षेत्र) देहायका सूचनाको आधारमा विश्लेषण गर्न सकिन्छ ।

- विद्यार्थी कक्षा अनुपात (प्रति कक्षा विद्यार्थी सङ्ख्या)
- विद्यार्थी शिक्षक अनुपात (प्रति शिक्षक विद्यार्थी सङ्ख्या)
- विद्यार्थी भर्ना दर (enrolment participation rate)

$$\text{सूत्र} = \frac{\text{विद्यालय विशेष (पूर्व प्राथमिक/प्रा.वि./मा.वि.) मा कूल भर्ना विद्यार्थी सङ्ख्या}}{\text{विद्यालय विशेषमा जाने विद्यार्थी उमेर समूहको जनसङ्ख्या}} \times १००$$

- विद्यालय छाड्ने दर (dropout rate)

$$\text{सूत्र} = \frac{\text{विद्यालय वर्षमा विद्यालय छाड्ने विद्यार्थी संख्या}}{\text{विद्यालय भर्ना जनसङ्ख्या}} \times १००$$

विद्यालय स्थापनाको लागि न्यूनतम जनसङ्ख्या (threshold population) चाहिन्छ। ग्रामीण क्षेत्रमा न्यूनतम जनसङ्ख्याको अभावमा हरेक वस्ती वा गाउँ विकास समितिमा माध्यमिक विद्यालय सञ्चालन गर्न सकिँदैन। कुनै एक क्षेत्रमा माध्यमिक विद्यालय सञ्चालन भइरहेको छ भने त्यस मा.वि. क्षेत्रमा अर्को मा.वि. स्थापना हुना साथ दुवै माध्यमिक विद्यालय सञ्चालन हुन नसक्ने अवस्थामा पनि पुग्न सक्छ। यस्ता कुराहरू पनि ख्याल गर्नुपर्ने हुन्छ।

अतः विभिन्न तहको विद्यालयलाई चाहिने न्यूनतम जनसङ्ख्या निर्धारण गर्नुका साथै स्थापना भइसकेका विद्यालयहरूको क्षेत्र किटान गरी त्यस्तो क्षेत्रभित्र अर्को विद्यालय स्थापना गर्ने कार्यलाई हतोत्साह समेत गर्नुपर्ने हुन्छ। अतः यससम्बन्धी सूचनाको संलकन तथा विश्लेषण आवश्यक हुन्छ।

विभिन्न तहका विद्यालयमा पुग्न विद्यार्थीले कति घण्टा यात्रा गर्नुपर्ने हुन्छ सोसम्बन्धी सूचनाको विश्लेषण आवश्यक छ। विशेष गरी कम उमेर समूहका विद्यार्थीहरूलाई कम दूरी हिँड्ने गरी प्रा.वि.को स्थापना गर्नुपर्ने हुँदा यस्तो सूचना विश्लेषणबाट बढी हिँडनुपर्ने क्षेत्र तथा समस्याको पहिचान गर्न मद्दत पुग्ने हुन्छ। भौगोलिक सूचना प्रणाली भएका जिल्लाहरूमा त्यस प्रणालीको सूचनाबाट प्राप्त जानकारीबाट यो सहजै विश्लेषण गर्न सकिन्छ। यस शिर्षक अन्तर्गत विगत ५ वर्षमा संचालन गरिएका आयोजना तथा कार्यक्रमको समिक्षा गरी उपलब्धि, समस्या तथा सम्भावनाको समेत विश्लेषण गर्नुपर्नेछ।

स्वास्थ्य

यस शीर्षक अन्तगरत जिल्ला भित्र स्वास्थ्यसम्बन्धी वर्तमान स्थिति तथा समस्याको वर्णन गर्न निम्नलिखितको तथ्यांक सिर्जना गर्न सकिन्छ।

- कोरा मृत्युदर (Crude Death Rate) प्रति हजार

$$\text{सूत्र} = \frac{\text{गणना वर्षमा सबै प्रकारको कारणबाट भएको कूल मृतक संख्या}}{\text{गणना वर्षको जनसङ्ख्या}} \times १०००$$

- शिशु मृत्युदर (Infant Mortality Rate) प्रति हजार

$$\text{सूत्र} = \frac{\text{गणना वर्षमा १ वर्ष मुनि उमेरका शिशुको कूल मृतक संख्या}}{\text{गणना वर्षमा कूल जीवित जन्म संख्या}} \times १०००$$

- बाल मृत्युदर (Young Child Mortality Rate) प्रति हजार

$$\text{सूत्र} = \frac{\text{गणना वर्षमा १-४ वर्ष उमेरका बालकको कूल मृतक संख्या}}{\text{गणना वर्षको १-४ वर्ष उमेर समूह जनसङ्ख्या}} \times १०००$$

- मातृ मृत्युदर (Maternal Mortality Rate) प्रति लाख

$$\text{सूत्र} = \frac{\text{गणना वर्षमा आमाको मृत्यु संख्या (Maternal Deaths)}}{\text{गणना वर्षमा कूल जिवित जन्म संख्या}} \times १,००,०००$$

- औषत जन्मदर (१९९१-१९८१)

$$\text{सूत्र} = \frac{\frac{\text{१९९१ मा ०-१४ उमेर}}{\text{समूहको कूल जनसंख्या}} - \frac{\text{१९८१ मा १५-४४ उमेर}}{\text{समूहको महिला जनसंख्या}}}{\text{१९८१ मा १५-४४ उमेर समूहको महिला जनसंख्या}} \times १०$$

स्वास्थ्यसम्बन्धी समस्याहरूलाई निम्नलिखित सूचकहरूको आधारमा वर्णन गर्नुपर्छः

- जिल्लाभित्र समस्याग्रस्त रूपमा रहेको १० प्रमुख रोगहरू तथा ती रोगबाट मर्नेको सङ्ख्या (उपलब्ध भएसम्म विगत ५ वर्षको स्थिति र प्रवृति)
- कुपोषण, कम तौलको जन्मने शिशुहरूको प्रतिशत
- सरसफाइको सूचकः बालबालिका (०-४ वर्ष) हरूमा झाडापखाला लाग्ने दर
- स्वास्थ्य सेवाको पर्याप्तताः केकति जनसङ्ख्याको लागि स्वास्थ्यकर्मी (डाक्टर, नर्स, हेल्थ असिस्टेन्ट, अ.हे.व. आदि), हेल्ट पोष्ट, सवहेल्ट पोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल, आयुर्वेदिक औषधालय रहेको छ।
- रोग, मृत्यु तथा स्वास्थ्य सुविधाको जिल्लाभित्रको वितरण स्थिति (spatial distribution)।
- स्वास्थ्य केन्द्रहरूबाट प्रदान गरिने सेवाको गुणस्तर
- स्वास्थ्यसम्बन्धी चेतना जगाउने शिक्षा (education in health care) को मूल्यांकन।
- औषत आयु।

यस शिर्षक अन्तर्गत स्वास्थ्य क्षेत्रमा विगत ५ वर्षमा संचालन गरिएको आयोजना तथा कार्यक्रमको समीक्षा गरी उपलब्धि, समस्या तथा संभावनाको विश्लेषण गर्नुपर्नेछ।

खेलकुद तथा क्रीडास्थल (Recreation and Parks)

स्थानीय बासिन्दाहरूको स्वास्थ्य तथा मनोरञ्जनका लागि खुल्ला ठाउँ (open space) को व्यवस्था गर्नु स्थानीय निकायको प्रमुख दायित्व हो। यस्तो खुला क्षेत्र विश्व खाद्य संगठनले निर्धारण गरेको स्तर (FAO Standard) अनुसार प्रति १,००० जनसङ्ख्याको लागि ०.५ देखि ३ हेक्टरसम्म हुनुपर्ने देखिन्छ। जिल्लाभित्र केकति खुल्ला क्षेत्र रहेको छ सोको विवरण संकलन गरी स्थानीय निकायको किसिम तथा क्षमता बमोजिम साना, मझौला तथा ठूलो पार्कको निर्माण तथा व्यवस्थापनको जिम्मेवारी किटान गर्नका लागि समस्या तथा सम्भावनाको विश्लेषण आवश्यक छ। खुला क्षेत्रको गणना गर्दा वस्ती, क्षेत्र तथा त्यसको नजिक भएको खुला क्षेत्रको मात्र हिसाब गर्नुपर्दछ। कतिपय सार्वजनिक जग्गा (ऐलानी) अनधिकृत रूपमा कब्जा गरिएको वा विद्यालय वा सार्वजनिक भवन बनाउने प्रचलन रहेको पाइन्छ। अतः यस्ता जग्गाको लगत लिई सार्वजनिक खेलकुद, मैदान, पार्क तथा क्रिडास्थलको रूपमा विकास गर्ने सम्भावनाको विवेचना गर्नुपर्छ।

जिल्लाभित्र रहेको धार्मिक तथा ऐतिहासिक स्थल (religious and historical sites) हरूले समेत खुला क्षेत्रको काम गर्ने भएकाले यस्ता क्षेत्रको विवरण तथा विकासको समस्यासम्बन्धी लेखाजोखा गर्नुपर्ने हुन्छ।

समाज कल्याण

श्री ५ को सरकारले ७५ वर्ष पुगेका समाजका जेष्ठ नागरिकहरू र ६० वर्ष उमेर पुगेका असहाय विधवाहरूलाई एवम् शारीरिक रूपमा अशक्त भई काम गर्न असक्षम नागरिकहरूलाई राज्यको तर्फबाट सामाजिक सुरक्षा प्रदान गर्ने सिलसिलामा मासिक रूपमा केही भत्ता रकम प्रदान गरिरहेको परिप्रेक्ष्यमा जिल्लाभित्र यस उमेर समूहको जनसङ्ख्या तथा त्यसको भौगोलिक वितरणको सूचना तथा यस्तो भत्ता वितरणसम्बन्धी समस्याको लेखाजोखा आवश्यक देखिन्छ। साथै अनाथाश्रम, बालआश्रम, कुष्ठरोग आश्रम, अन्धा, आपङ्ग, विधवा आदिको कुनै आश्रम भएमा सो समेतको तथ्यांक संकलन गरी लेखाजोखा गर्नुपर्दछ। साथै व्यक्तिगत घटना दर्ताबाट देखिएको स्थितिलाई समेत यसमा समेट्नु पर्दछ।

सुरक्षात्मक सेवा

आगलागी, बाढी, महामारीजस्तो दैवीप्रकोप तथा अन्य विपत्तिको बेला तत्काल सहयोग तथा सेवा पुऱ्याउन आवश्यक हुन्छ। साथै बिरामीहरूको लागि एम्बुलेन्स सेवाको प्रबन्ध गर्नुपर्ने भएकाले यसप्रकारको रक्षात्मक सेवा प्राप्त गर्न आवश्यक गर्ने पूर्वाधार सिर्जना गर्ने दिशामा भएको समस्याको लेखाजोखा यस शीर्षकमा गर्नुपर्नेछ।

महिला तथा बालबालिकाको विकास स्थिति

हाम्रो देशको विकासक्रममा महिला र बालबालिकाको अवस्था निकै पछाडि परेको छ। त्यसैले यस सम्बन्धी सूचना संकलन र विश्लेषण गहन रूपम हुनु आवश्यक छ । जिल्ला भित्र महिला र बालबालिकाको स्थिति लैंगिक रूपमा अलग अलग विश्लेषण गरी पिछडिनुका वास्तविक कारणहरू खुट्याउनु पर्दछ । साथै राष्ट्रिय स्थितिसँग तुलना गर्ने गरी तुलनात्मक स्थिति तयार गर्नुपर्छ। (अनुसूची-५)

नेपाल अधिराज्यको संविधान तथा स्थानीय स्वायत्त शासन ऐनको उद्देश्य, नीति र भावना अनुसार समाजमा विद्यमान असमानताको दुरी कम गर्ने र समतामूलक समाजको स्थापना गर्न आवधिक योजनाले स्पष्ट धारणा राखी उद्देश्य तथा कार्यनीति तय गरिनुपर्ने आवश्यकता देखिएको छ। यस कार्यका लागि महिला तथा बालबालिकाहरूको स्थितिलाई जिल्लास्तर र जिल्ला भित्र पनि कुनै विशेष क्षेत्रमा विशेष परिस्थिति रहेमा त्यसको जानकारी तथ्य तथ्यांक, सामाजिक, सांस्कृतिक र आर्थिक परिवेशमा विश्लेषण गरी उपयुक्त नीति तर्जुमा गरिनु पर्ने हुन्छ । ती नीतिहरूलाई कार्यान्वयन गर्न गराउन साधारण कार्यक्रम र विशेष कार्यक्रमहरूको माध्यमबाट आवधिक योजना भित्रमा महिला-पुरुष र बालबालिकाबीचको दुरी कति कम गर्न सकिन्छ स्पष्ट सूचकांकका आधारमा लक्ष्य तोक्ने परिपाटी बसाउन विशेष परिच्छेदको व्यवस्था गरिनु उपयुक्त हुन्छ।

महिला तथा बालबालिकाको स्थितिलाई निम्नलिखि मुख्य शिर्षकहरूमा राखी विश्लेषण गरिनु पर्दछ।

(१) **शैक्षिक स्थिति-** महिला साक्षरता प्रतिशत
बाल र बालिका भर्ना दर
बाल र बालबालिका बीचको भर्ना दरको दुरी (प्रतिशतमा)
बालिका विद्यालय छाड्ने दर
शिक्षक/शिक्षिका संख्या - प्रति शिक्षक बालबालिका संख्या
महिला पुरुष शिक्षक अनुपात-प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक स्तर

(२) **स्वास्थ्य स्थिति–** मातृ मृत्युदर (प्रति हजारमा)

प्रजनन स्वास्थ्य

मातृ सेवाको स्थिति

जन्मान्तर स्थिति

खोप (TT), आयोडाइज्ड नून लिनेहरूको संख्या

सुरक्षित मातृत्व - स्वास्थ्यकर्मीको रेखदेखमा शिशु जन्म

(३) **रोजगार स्थिति** उत्पादनशिल (productive) कार्यमा महिलाहरू : औपचारिक कृषि, उद्योग कार्य संलग्नता र अनौपचारिक कार्यमा सेवा, व्यवसाय आदिमा संलग्नता बारे विश्लेषण गर्ने ।

(क) स्याहार संभार कार्यमा महिलाहरूको भूमिका: बालबालिकाहरूको हेरचाह, घरेलु धन्दा, चुलो, चौका, जाँतो ढिकी, सरसफाइ, पानी ओसार्ने आदि

(ख) राजनीतिमा सहभागिता

- स्थानीय स्तर - वडा
  - गाविस
  - जिविस
- राष्ट्रिय स्तर - संसद
  - प्रतिनिधिसभा
  - राष्ट्रियसभा

राजनीतिक/सामुदायिक कार्य - community role : औपचारिक रूपमा प्रतिनिधित्व समूह बैठक, राजनीतिक भातृ संगठनमा प्रतिनिधित्व आदि

(ग) आर्थिक उत्पादन क्षेत्रमा प्रत्यक्ष रोजगार

शैक्षिक क्षेत्र -

प्रशासनिक -

नोकरी -

व्यापार -

उद्यमी -

(४) **वैवाहिक स्थिति** - विवाहको उमेर (औसत)

छोडपत्र (divorce) सङ्ख्या वा दर

विधुवा, परित्यक्ता संख्या वा दर

(५) महिला घरमुली संख्या

(६) घरेलु/सामाजिक उत्पीडन (violence) स्थिति

(७) अनौपचारिक क्षेत्रको रोजगार स्थिति

(८) महिला बेचबिखन तथा श्रमिक स्थिति र कारण

(९) पुनःस्थापित महिला संख्या र पुनःस्थापना गर्ने संस्थाहरू

(१०) महिला विरुद्ध हुने भेदभाव सम्बन्धी सामाजिक कुरीति र परम्पराको चित्रण

(११) विभिन्न सेवा सुविधाहरूमा पहुँच, सहभागिता र साधन स्रोत माथिको नियन्त्रण व्यवस्थाको विश्लेषण गर्ने

बालबालिकाको जनसंख्या

०-१ वर्षको बालबालिका	(बालक-)	(बालिका-)
१-५ वर्षको बालबालिका	(बालक-)	(बालिका-)
६-१५ वर्षको बालबालिका	(बालक-)	(बालिका-)

- **खोप स्थिति** - BCG/DPT/Polio –
  - भिटामिन ए, आयोडिन -
- बाल श्रमिक स्थिति
- बालसरोकार केन्द्रहरूको संख्या र पुऱ्याइरहेको सेवा
- बालउद्यान/पार्क र क्रिडास्थल
- अनाथ बालबालिका
- सडक बालबालिका
- शिशु कक्षा
- बालबालिका विकासका लागि सामाजिक जागरण स्थिति र बाल अधिकार
- जिल्ला लैङ्गिक विकास स्थिति सूचक - GDI

उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको स्थिति

समाजमा सामाजिक र आर्थिक रूपले पिछडिएका जातजाति र परम्पराकालदेखि नै अपहेलित, उपेक्षित वर्गको वास्तविक जिल्लागत वस्तुस्थिति पत्ता लगाई तिनीहरूको आर्थिक र सामाजिक स्थितिको विश्लेषणबाट तिनीहरूको जीवनस्तरमा सुधार ल्याउन र विकास प्रक्रियामा सक्रिय सहभागिता गराउन समेत आवधिक योजनाबाट सघाउ पुग्न जाने उद्देश्यले छुट्टै परिच्छेद राख्ने व्यवस्था गरिएको छ ।

जिल्ला र जिल्ला भित्रका विशेष क्षेत्रमा कुन जाति, कुन जनजाति र कुन प्रकारका दलित तथा उपेक्षित वर्गको बसोबास रहेको छ, स्पष्ट उद्देश्य र कार्यनीति निर्धारण गरी तदनुसार लक्षित र साधारण परिपूरक कार्यक्रमहरू तर्जुमा गर्न सघाउ पुग्न जानेछ ।

यसरी कार्यक्रम तर्जुमा गर्न ती जाति जनजातिलाई परिलक्षित गरी तथ्यांकका माध्यमबाट स्थिति विश्लेषण गर्न जरुरी हुन्छ । उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको स्थितिलाई निम्नलिखित शीर्षकमा राखी विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

१. (क) **उपेक्षित, उत्पीडित, दलितको**

किसिम - जाति र थर अनुसार वर्गीकरण गर्ने
संख्या - परिवार - महिला/पुरुष (थर र जाति अनुसार)

(ख) **जनजातिको**

किसिम - जात र थर अनुसार वर्गीकरण गर्ने
संख्या - परिवार - जनसंख्या (महिला/पुरुष)

२. **शैक्षिक स्थिति**

साक्षरता दर (दलित, उपेक्षित र उत्पीडितको र जनजाति, आदिवासीको छुट्टाछुट्टै राख्ने)

३. **गरिवीको स्तर** : गरिवीको रेखा मुनि रहेका परिवार संख्या (गरिवीको रेखा मुनि निर्धारण गरिएको मापदण्डका आधारमा)

४. **रोजगार स्थिति**

पेशा-	अनौपचारिक	औपचारिक
	कृषि -	नोकरी - देश भित्र र बाहिर
	खेतीपाती समयको ज्यालादारी	शैक्षिक क्षेत्र -
		सेवा व्यवसाय - आफ्नै वा अर्काको उद्योग/व्यवसायमा काम गर्ने

५. **स्वास्थ्य स्थिति**

६. **सामुदायिक र राजनीतिक क्रियाकलापमा सहभागिता र प्रतिनिधित्व**

(क) समुदाय स्तर - समूह/संस्था तथा सहकारीमा प्रतिनिधित्व

(ख) स्थानीय स्तरमा प्रतिनिधित्व - निर्वाचित/मनोनित

(ग) केन्द्रीय स्तरमा प्रतिनिधित्व - निर्वाचित/मनोनित

(७) **पहुँचः** विभिन्न साधन स्रोतसम्मको पहुँच स्थिति, सहभागिताको स्तर र नियन्त्रणको माध्यम

यसरी विश्लेषण गरी देखिएका सूचनाका आधारमा उपेक्षित, उत्पीडित, दलित तथा जनजातिको जीवनस्तर उकास्ने लक्षित कार्यक्रमहरूको तर्जुमामा गरिनुपर्छ ।

४.४.११ वन तथा वातावरण व्यवस्थापन

यस शिर्षक अन्तर्गत देहायका क्षेत्रहरूको वर्तमान अवस्था, समस्या तथा सम्भावनाहरूको विवेचना गर्नुपर्नेछ ।

- वन क्षेत्रको स्थिति
- वन संरक्षण तथा जैविक विविधता
- वन उत्पादन तथा सामुदायिक सहभागिता
- ग्रामीण तथा शहरी वातावरण स्थिति
- फोहोरमैला व्यवस्थापन
- भू-दृश्य व्यवस्थापन (landscape management)

वन क्षेत्रको स्थिति

यस शिर्षक अन्तर्गत जिल्ला भित्र के कति वन क्षेत्र रहेको छ ? वन क्षेत्रमध्ये वनले ढाकेको क्षेत्र (forest canopy) कति छ ? घाँसे मैदान (grassland) कति छ ? खुला क्षेत्र (deforested land) कति छ ? कुनै पनि किसिमको वन पैदावार ननिकाल्ने गरी संरक्षित वन (protection forest) को रूपमा के कति वन संरक्षित गरिएको छ (पार्क, सरकारी वन आदि) ? व्यवसायिक रूपले उत्पादन लिन सकिने गरी उत्पादन वन (production forest) को रूपमा के कति वन राखिएको छ (सरकारी वन, निजी वन, सामुदायिक वन, लिज वन आदि) ? सो को विवेचना गरी वन क्षेत्रको समस्या तथा संभावनाहरूको विवेचना गर्नुपर्छ ।

वन संरक्षण तथा जैविक विविधता

यस शिर्षक अन्तर्गत वन संरक्षणका के कस्ता गतिविधि सञ्चालन गरिएको छ ? संरक्षण वन भित्र के कस्ता जाति प्रजातिका वनस्पति तथा जीवजन्तुहरू पाइन्छन् ? वन संरक्षण तथा जैविक विविधतामा सन्तुलन ल्याउने विषयमा के कस्ता समस्या तथा संभावनाहरू छन् सो को विश्लेषण गर्नुपर्छ । यसमा वन फँडानी तथा काठ चोरी तथा चोरी शिकारी (poaching) को समस्याको समेत विवेचना गर्नुपर्छ ।

वन उत्पादन तथा सामुदायिक सहभागिता

यस शीर्षक अन्तर्गत देहायका विषयहरूको विश्लेषण गरी वर्तमान स्थिति, समस्या तथा संभावनाहरूको विवेचना गर्नुपर्नेछ ।

- सामुदायिक वनको क्षेत्रफल, आम्दानी, वन उपभोक्ता समूहहरू
- काठ (timber) उत्पादन, माग तथा आपूर्ति, राजस्व
- गैर काठ वन उत्पादन (NTFP), माग तथा आपूर्ति, राजस्व
- दाउरा (fuelwood) उत्पादन, माग तथा आपूर्ति, राजस्व
- दाउरा बेची जीविकोपार्जन गर्ने समूह तथा वन विनास
- वैकल्पिक उर्जा, धुँवारहित चुल्होको विकास तथा वन संरक्षण

ग्रामीण तथा शहरी वातावरण स्थिति

ग्रामीण तथा शहरी क्षेत्रको वातावरणीय समस्याहरू भिन्दाभिन्दै हुनाले छुट्टाछुट्टै रूपमा वातावरणीय क्षेत्रको वर्तमान स्थिति, समस्या तथा संभावनाहरूको विश्लेषण गर्नुपर्नेछ । ग्रामीण क्षेत्रतर्फ गाउँ विकास समिति वा स्थान खुल्ने गरी देहायको विषयको विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

- विषादी तथा विद्युत तरंग प्रयोग गरी माछा मार्ने प्रचलन
- पानी मुहानको प्रदूषण
- भूमिगत जल सतह सन्तुलन
- औद्योगिक प्रदूषण
- चर्पीको कमीको कारण हुने प्रदूषण
- भू-स्खलन, बाढी तथा पहिरो
- कृषि भूमिको उत्पादकत्वमा ह्रास
- खोला, नदी तथा ताल प्रदूषण

शहरी वातावरणतर्फ नगरपालिका तथा ५००० भन्दा बढी जनसङ्ख्या रहेको वस्ती विशेषमा देहायको विषयको विश्लेषण गर्न आवश्यक देखिन्छ ।

- सवारी साधन सङ्ख्या, ट्राफिक चाप तथा सोबाट भएको वायु तथा ध्वनि प्रदूषण
- उद्योगहरूको स्थल तथा औद्योगिक प्रदूषण
- ढल तथा नाला व्यवस्थापन तथा सोबाट सिर्जना भएको प्रदूषण
- खोला, नदी तथा ताल प्रदूषण
- भूमिगत (underground) जल सतह सन्तुलन

ढल निकास (Sewage/Drainage) र फोहरमैला संकलन तथा व्यवस्थापन

खानेपानी प्रणालीको विश्लेषण सँगसँगै ढल निकाससम्बन्धी व्यवस्था आवश्यक रहन्छ । विशेष गरी घनाजनसङ्ख्या भएको वस्ती तथा नगरक्षेत्रमा घरायशी प्रयोगपछि बाहिरिने पानी (domestic sewage) तथा वर्षातको पानीको निकास (storm runoff) को व्यवस्था गर्नु जरुरी हुन्छ। यसप्रकारको समस्या भएका नगर तथा वस्तीहरूको सूचना संकलन तथा विश्लेषण आवश्यक हुन्छ। साथै फोहरमैलाको उत्पादन कति छ, त्यसको बनावट कस्तो छ, घर परिवारमा कसरी व्यवस्थित गर्ने चलन छ ? संकलन र अन्तिम थान्को कसरी लगाउने गरिएको छ ? यसको व्यवस्थापनमा देखिएका समस्याहरू के के छन् ? फोहरमैलाको वातावरण र जनस्वास्थ्यमा के कस्तो असर पारिराखेको छ आदि सम्बन्धी तथ्यांक र सूचना विश्लेषण गर्नुपर्छ।

यस शीर्षक अन्तर्गत नगरपालिका तथा कम्तीमा ५००० सम्म जनसङ्ख्या भएको मुख्य वस्तीमा फोहोरमैला सम्बन्धी समस्या तथा व्यवस्थापनको विश्लेषण गर्नुपर्नेछ । उल्लेखित स्थानहरूमा सेफ्टी टैंक भएको चर्पीहरू निर्माण गर्ने प्रचलन के कस्तो छ ? ढल (sewage) लाई स्वच्छ (treatment) गरिएको छ छैन ? घरबाट के कति परिमाणमा फोहोरमैला निस्कन्छ र सोको सङ्कलन तथा व्यवस्थापन के कसरी भइरहेको छ सो को विवेचना गरी हालको स्थिति, समस्या तथा संभावनाको विश्लेषण गर्नुपर्नेछ।

भू–दृश्य व्यवस्थापन (Landscape Management)

पहाड, हिमाल, नदी किनार, ताल, तलैया, वन जङ्गल तथा ठूला फाँटहरू हेर्दा आकर्षक तथा रमणीय हुन्छन् । यस्ता रमणीय स्थलहरूले पर्यटकहरूलाई आकर्षण गर्ने हुन्छ । यस्ता स्थलहरूमा मानवीय गतिविधि बढ्नासाथ विकास गतिविधिहरू सञ्चालनमा आउने र सोबाट भू-दृश्य खल्बलिने हुँदा सोको संरक्षण र व्यवस्थापन जरुरी हुन्छ । जिल्ला भित्र यस्ता मनमोहक रमणीय स्थलहरू (attractive physiographic features) कहाँ कहाँ, के कस्तो अवस्थामा छन् ? तिनीहरूको आकर्षणलाई अक्षुण्य राख्ने विषयमा के कस्ता समस्या तथा संभावनाहरू रहेका छन् सो को विश्लेषण गर्नुपर्नेछ।

४.४.१२संस्थागत स्रोत तथा क्षमता

आवधिक जिल्ला विकास योजनाको तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवधिक जिल्ला विकास योजना अवधि भित्र के कति स्रोत उपलब्ध हुन सक्छ, आयोजनाहरू कार्यान्वयनको लागि जिल्लास्तरमा प्राविधिक क्षमता (technological capacity) तथा व्यवस्थापकीय दक्षता (managerial efficiency) कस्तो छ भन्ने विषयमा लेखाजोखा गरी समस्या तथा सम्भावनाको विवेचना यस शिर्षकअन्तर्गत गर्नुपर्ने हुन्छ। माथि उल्लेख गरिएअनुसार यस शिर्षकलाई निम्नलिखित तीन उपशिर्षकमा विभक्त गरी विश्लेषण गर्न उपयुक्त हुनेछ।

१. वित्तीय स्रोत तथा क्षमता विश्लेषण
२. स्थानीय प्राविधिक क्षमता विश्लेषण
३. योजना तर्जुमा तथा कार्यान्वयन क्षमता विश्लेषण
४. अन्तर-जिल्ला सम्बन्ध

वित्तीय स्रोत तथा क्षमता विश्लेषण

कुनै पनि योजना कार्यान्वयनको लागि तयार गरिने हुँदा योजना तथा कार्यान्वयनबीचको खाडल (gap) जति न्यून गर्न सकियो त्यति नै योजना सफल मानिन्छ। योजना अवधिभरमा आवश्यक पर्ने वित्तीय स्रोत (demand) तथा उपलब्ध हुने वित्तीय स्रोत (supply) बीचको फरकलाई न्यूनतम राख्नका लागि उपलब्ध स्रोतका आधारमा योजना तयार गर्ने हो वा योजना तयार गरेपछि आवश्यक स्रोतको खोजी गर्ने हो भन्ने विषयमा कतिपय जिल्लाहरूमा अन्योल रहेको देखिन्छ।

हाल केही जिल्लाहरूले उपलब्ध हुन सक्ने वित्तीय स्रोतको ५०-६० प्रतिशतसम्म बढी हुने गरी योजना तर्जुमा गरेको पाइएको छ। आजिवियोमा स्रोतको लागि माग तथा आपूर्तिबीचको यति ठूलो खाडल (financial gap) कसरी हटाउने हो सो को विश्वसनीय आधार तथा स्रोत जुटाउने उपयुक्त र ठोस रणनीति योजना तर्जुमाकै बेला खोजिनुपर्ने हुन्छ। केन्द्रको दाँजोमा जिल्लाको आन्तरिक तथा बाह्य स्रोत परिचालन गर्ने क्षमता अपेक्षाकृत रूपमा निकै कम हुने हुँदा जिल्लालाई विगत पाँच वर्षभित्र के कति वित्तीय स्रोत उपलब्ध हुन सक्यो र सोको औषत वृद्धिदर कति थियो ? विगत ५ वर्षमा आन्तरिक तथा वाह्य स्रोत परिचालन कति भयो ? र सोको औसत वृद्धिदर कति थियो ? विगत ५ वर्षमा के कति जनसहभागिता परिचालन हुन सक्यो ? निजी तथा गैरसरकारी क्षेत्रबाट विगत ५ वर्षमा आर्थिक तथा सामाजिक पूर्वाधारको सृजनामा के कति रकम परिचालन हुन सक्यो तथा सोको औषत वृद्धिदर कति थियो आदिको आधारमा विश्लेषण गरी (regression analysis) आजिवियो अवधिमा के कति वित्तीय स्रोत उपलब्ध हुन सक्छ सो को प्रक्षेपण (projection) गर्नुपर्छ। यसका आधारमा मात्र आजिवियोको लक्षहरू निर्धारण गर्नु बढी व्यावहारिक हुनेछ। तथापि विकासको अवधारणा भनेको विगतमा जति गरियो सोही गतिमा अगाडि बढ्नु भन्दा (trend scenario) थप प्रयास गरी अगाडि बढ्नु हो (development scenario) अतः विद्यमान स्थानीय क्षमतामा अभिवृद्धि गरी केही स्रोत खाडल (resource gap) लाई थप वित्तीय साधन (financial instruments) बाट पूर्ति गर्न सकिने हुँदा स्थानीय स्वशासन ऐन तथा नियमले प्रदान गरेको अधिकार क्षेत्रलाई प्रयोग गरी के कति थप आन्तरिक स्रोत परिचालन गर्न सकिन्छ तथा के कति थप जनसहभागिता परिचालन गर्न सकिन्छ सो को सम्भावनाको विश्लेषण आवश्यक हुन्छ।

आजिवियो कार्यान्वयनको लागि उपलब्ध हुने स्रोतको अनुमान गर्दा आजिवियोको देहायअनुसारको आन्तरिक तथा वाह्य वातावरणभित्र समेट्ने निकाय तथा कार्यक्रमको विगत ५ वर्षमा भएको आम्दानी वा विनियोजनको आधार लिनुपर्छ।

- जिल्ला विकास समितिको आर्थिक स्रोत तथा आय
- कार्यान्वयन गरिएका कार्यक्रममा परिचालन भएको जनसहभागिता
- विषयगत कार्यालयहरूबाट कार्यान्वयन भएको जिल्लास्तरीय कार्यक्रममा विनियोजित रकम
- विषयगत कार्यालयहरूबाट कार्यान्वयन भएको केन्द्रीयस्तर कार्यक्रममा विनियोजित रकम
- गैससहरूले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा खर्च गरेको रकम
- निजी क्षेत्रले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा लगानी गरेको रकम
- जिल्लाको सांसद सदस्यहरूबाट परिचालन हुने रकम

यस सम्बन्धी तथ्यांक संकलन र विश्लेषण सहयोगी हुने केही नमूना फारामहरू अनुसूची-६ (क, ख, ग, घ) मा समावेश गरिएको छ।

जिल्ला विकास समितिको आर्थिक स्रोत तथा आय

जिल्ला विकास समितिको आर्थिक स्रोतलाई कर (tax), गैरकर (non-tax) तथा अनुदान, सहयोग तथा राजस्व बाँडफाँड (grants, aids and allotment) गरी तीन भागमा बाँड्न सकिन्छ जसमध्ये कर तथा गैरकर राजस्व जिल्ला विकास समितिको आन्तरिक आयस्रोत (local income) हो। स्थानीय स्वायत्त शासन ऐन तथा निमायवलीमा भएको व्यवस्था अन्तर्गत जिल्ला विकास समितिले सडक, बाटो, पुल, सिँचाइ, कुलो तथा पोखरीको प्रयोग/उपभोगकर्ताहरूबाट कर उठाउन सक्ने व्यवस्था छ। साथै खोटो, जडिबुटी, वनकस, कवाडी, ऊन, ढुङ्गा, स्लेट, बालुवा, मृत जनावरको हाड, सिङ, प्वाँख तथा छाला सङ्कलकहरूबाट कर उठाउन सक्ने व्यवस्था रहेको छ। उल्लेखित करहरू विगत ५ वर्षमा के कति संकलन भयो, उठेको कर राजस्व र सोको वार्षिक वृद्धिदरको आधारमा उल्लेखित करका स्रोतहरू कतिको स्थिर वा विश्वसनीय (stable) छन्, कर उठाउने विधि (tax collection methods) के कस्तो छ, उठेको कर आम्दानी बाँध्ने तथा कर उठ्न सके नसकेको हेर्ने प्रणाली (reporting system) कस्तो छ, के कति कर उठाउन नसकी बाँकी वक्यौता रहेको छ र कर असुली दर कस्तो छ सोको विश्लषण गरी कर परिचालन क्षेत्रमा देखिएको समस्या तथा सम्भावनाहरूको पहिचान गरी थप कर उठाउने तथा करको असुली दरमा अभिवृद्धि गर्न गर्नुपर्ने सुधार कार्यहरू समेत लक्षित गरी सोको आधारमा आजिवियो अवधिभर के कति कर तथा गैरकर राजस्व आम्दानी हुन सक्छ सोको प्रक्षेपण गर्नुपर्छ।

जिल्ला विकास समितिलाई श्री ५ को सरकारले विकास तथा कार्यक्रम अनुदानको रूपमा बजेट तथा जिन्सी सहयोग उपलब्ध गराउँदै आएको छ। साथै श्री ५ को सरकारले प्राप्त गर्ने दस्तुर तथा रोयल्टीको तोकिएको प्रतिशत जिल्ला विकास समितिलाई उपलब्ध गराउने कानूनी प्रावधान समेत रहेको छ। माथि उल्लेख भए बमोजिम जिल्ला विकास समितिलाई के कस्तो अनुदान, सहयोग तथा राजस्व बाँडफाँड प्राप्त भएको छ। सोको वार्षिक वृद्धिदर कति छ, सोको विश्लेषण गरी श्री ५ को सरकारले दिएको वार्षिक/आवधिक सिलिङ समेतकोआधारमा आजिवियो अवधिभर प्राप्त हुने अनुदान, सहयोग तथा राजस्व बाँडफाँडको प्रक्षेपण गर्नुपर्छ। (अनुसूची-७)



कार्यान्वयन गरिएको कार्यक्रममा परिचालन भएको जनसहभागिता स्थिति विश्लेषण तथा प्रक्षेपण

स्थानीयस्तरमा कार्यान्वयन हुने आयोजनाको छनौट गर्दा बढीभन्दा बढी स्थानीय बासिन्दाहरूको सहभागिता र श्रम परिचालन हुन सक्ने समेत आधार लिनुपर्ने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले गरेको हुँदा उपभोक्ताहरूबाट नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान परिचालन गर्ने सम्बन्धमा जिल्लाको नीति, रणनीतिको समीक्षा गर्नुपर्दछ। जिल्लास्तरमा विगत ५ वर्षमा के कति मूल्य बराबरको जनसहभागिता परिचालन हुन सक्यो, जनसहभागिताको वार्षिक वृद्धिदर कस्तो छ, के कस्तो आयोजनाहरूमा जनसहभागिता बढी उठ्न सक्ने तथा के कस्ता आयोजनाहरूमा जनसहभागिता कम उठ्ने सोको विश्लेषण गर्नुपर्छ। साथै जनसहभागिता परिचालनमा देखिएका समस्या तथा सम्भावनाको विवेचना गर्नुका साथै आजिवियो अवधिमा लिनुपर्ने नीति र रणनीतिको उल्लेख गरी सोको आधारमा के कति मूल्य बराबरको जनसहभागिता परिचालन हुन सक्ने हो सोको प्रक्षेपण गर्नुपर्छ। (अनुसूची-७)

जिल्लास्तरीय विषयगत कार्यक्रममा लगानी स्थिति तथा प्रक्षेपण

जिल्लास्थित विभिन्न विषयगत कार्यालय तथा संस्थानहरूले संचालन गरेका जिल्लास्तरीय कार्यक्रम, आयोजना वा गतिविधिहरूको लेखाजोखा गरी उल्लेखित कार्य सम्पन्न गर्न लाग्ने कुल लागत तथा विषयगत निकायहरूमा विगत ५ वर्षमा वर्षेनी विनयोजित बजेटको विश्लेषण गरी जिल्ला विकास कार्यक्रममा प्राप्त बजेटको वृद्धिदरको गणना गरी श्री ५ को सरकारले आजिवियो अवधिमरमा प्रदान गर्ने बजेट अनुमान (सिलिङ्) को आधारमा समेत जिल्लास्तरीय विषयगत कार्यक्रमको बजेट प्रक्षेपण गर्नुपर्छ। (अनुसूची-७)

केन्द्रीयस्तर विषयगत कार्यक्रम र आयोजनामा लगानी स्थिति तथा प्रक्षेपण

जिल्लास्थित विभिन्न विषयगत कार्यालय, संस्था तथा आयोजनाहरूले संचालन गरेका केन्द्रीयस्तर कार्यक्रमको लेखाजोखा गरी उल्लेखित कार्य सम्पन्न गर्न लाग्ने कूल लागत विगत ५ वर्षमा वर्षेनी विनियोजित बजेटको विश्लेषण गरी केन्द्रीयस्तर कार्यक्रममा प्राप्त बजेटको वृद्धिदरको गणना गरी आजिवियो अवधिभरमा केन्द्रीयस्तर विषयगत कार्यक्रममा प्राप्त हुन सक्ने बजेटको प्रक्षेपण गर्न सकिन्छ। (अनुसूची-६)

गैससहरूले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण

जिल्लाको विकास कार्यमा गैरसरकारी संस्थाहरू प्रमुख हिस्सेदार (partner) को रूपमा रहेका छन्। कतिपय गैससहरूले सामाजिक तथा आर्थिक पूँजी निर्माण तथा मानव संसाधन विकासको क्षेत्रमा महत्वपूर्ण योगदान समेत दिंदै आएका छन्। जिल्लामा कार्यरत विभिन्न स्थानीय तथा अन्तर्राष्ट्रिय गैससहरूले विगत ५ वर्षमा के कस्ता गतिविधि संचालन गरेका छन्। सोको लेखाजोखा गरी उल्लेखित गतिविधिहरू संचालन गर्न विगत ५ वर्षको अवधिमा प्रत्येक वर्ष के कति बजेट खर्च गरेको हो सोको विश्लेषण गरी वार्षिक वृद्धिदरको गणना गरी आजिवियो अवधिभरमा गैसस क्षेत्रबाट आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यमा उपलब्ध हुन सक्ने स्रोतको प्रक्षेपण गर्नुपर्नेछ। यसका लागि गैससहरूसँग समन्वय गरी छुट्टै कार्यशाला गोष्ठीको आयोजना गर्नु उपयुक्त हुनेछ। यस सम्बन्धी समष्टिगत तथ्यांक देखाउने एउटा नमूना अनुसूची-८ मा समावेश गरिएको छ।

निजी क्षेत्रले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्ने कार्यक्रममा गरेको लगानी तथा प्रक्षेपण

पूँजी (capital), तरल (liquid) तथा स्थिर (fixed) दुवै हुन सक्छ । तरल पूँजीलाई भवन, भूमि, स्ट्रक्चर आदिको रूपमा स्थिर सम्पत्ति (fixed assets) मा परिवर्तन गर्न सकिन्छ । सार्वजनिक क्षेत्रबाट तरल पूँजीलाई स्थिर पूँजीमा परिवर्तन गरियो भने त्यसलाई पूर्वाधार निर्माण (infrastructure) भनिन्छ भने निजी क्षेत्रबाट हुने यसप्रकारको परिवर्तनलाई लगानी (investment) भनिन्छ । बजार अर्थव्यवस्थामा सरकारको भूमिका निजी क्षेत्रको लगानी विस्तार गर्न आवश्यक पूर्वाधार तथा वातावरणको सृजना गरिदिनु पनि हो ।

सामान्यतया तरल पूँजीलाई स्थिरत पूँजीमा परिवर्तन गरी पूर्वाधार सृजना गर्ने कार्य सरकारी क्षेत्रको भए तापनि हालका वर्षहरूमा निजी क्षेत्रलाई पूर्वाधार सृजना गर्ने, निश्चित अवधिभर सो पूर्वाधार संचालन गरी लागत उठाउने र त्यसपछि त्यस्ता पूर्वाधार सरकारलाई हस्तान्तरण गर्ने गरी पूर्वाधार निर्माणमा संलग्न गराउने गरिएको छ । यसप्रकारको व्यवस्थालाई “निर्माण, संचालन तथा हस्तान्तरण (build, operate and transfer/BOT) भनिन्छ ।

निजी क्षेत्र विशेषगरी व्यवसायी वर्ग (business membership organization) को रूपमा रहेको जिल्ला उद्योग वाणिज्य संघ तथा साना तथा घरेलु उद्योग संघहरूले आर्थिक तथा सामाजिक पूर्वाधार सृजना हुने खालका कार्यक्रमहरू समेत संचालन गरेका छन् । अतः विगत ५ वर्षमा निजी क्षेत्रले यस्ता कार्यक्रमहरूमा के कति लगानी गरेका छन् (अनुसूची-७) । BOT प्रणालीलाई विस्तार गर्न के कस्ता समस्याहरू छन्, के कस्ता कार्यक्रमहरू BOT प्रणाली अन्तर्गत संचालन हुन सक्छ सोको समेत विवेचना गरी आजिवियो अवधिभर निजी क्षेत्रबाट आर्थिक तथा सामाजिक पूर्वाधार सृजना गर्नका लागि उपलब्ध हुन सक्ने लगानीको प्रक्षेपण गर्नुपर्छ । यसका लागि निजी क्षेत्रसँग समन्वय गरी छुट्टै कार्यशाला गोष्ठीको आयोजना गर्नु उपयुक्त हुनेछ । यसका आधारमा निजी क्षेत्रको लगानीका क्षेत्र र प्राथमिकता निर्धारण गरिदिनुपर्छ ।

स्थानीय जनशक्ति तथा प्राविधिक क्षमता विश्लेषण

आजिवियो कार्यान्वयनको लागि जिल्लामा उपलब्ध जनशक्ति तथा प्राविधिक क्षमताको विवेचना गरी समस्या तथा सम्भावनाहरू पहिल्याउनु पर्छ । योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनका लागि विभिन्न महत्वपूर्ण तथ्यांक तथा सूचनाहरू आवश्यक पर्छ तर यस्ता सूचना तथा तथ्यांकहरूको सृजना तथा विश्लेषण हुन नसकेको कारण जिल्लामा विकास व्यवस्थापनमा प्रभावकारिता आउन सकेको छैन । अतः जिल्ला विकास समिति तथा जिल्लास्थित विषयगत कार्यालयहरूको तथ्यांक व्यवस्थापन क्षमता (data management capability) तथा अनुगमन-मूल्यांकन क्षमता (monitoring and evaluation capability) को विश्लेषण गरी समस्याहरू स्पष्ट रूपले पहिचान गर्नुपर्छ ।

योजनाको कार्यान्वयन गर्ने क्षमता जिल्लामा कस्तो छ सोको विश्लेषण महत्वपूर्ण छ । यसको लागि सर्वप्रथम विगत ५ वर्षमा विकास आयोजनाहरूको भौतिक प्रगतिको स्थिति कस्तो छ । लक्ष्यबमोजिम प्रगति हासिल गर्न किन सकिएन ? जिल्लामा प्राविधिक जनशक्ति दरबन्दी बमोजिम उपलब्ध छन् छैनन् वा कति समयदेखि रिक्त रहेको छ ? के कस्तो कार्यका लागि जनशक्ति जिल्लामा उपलब्ध छैनन् र यसबाट लक्ष्यबमोजिम प्रगति हासिल गर्न परेको समस्याबारे विवेचना र विश्लेषण गर्नुपर्नेछ ।

साथै जिल्लामा हाल उपलब्ध र भविष्यमा हुने माग तथा आपूर्ति स्थितिको आंकलन गर्नुपर्छ । उपलब्ध जनशक्तिका हकमा कुन तहका जनशक्तिले कस्तो तालिम पाएका छन्, सो समेत समेटी जिल्लाको जनशक्ति विकास योजना तयार गर्नुपर्छ । भविष्यका लागि आवश्यक जनशक्तिको स्थितिका आधारमा थप आपूर्तिको व्यवस्था आवश्यक भएमा सो समेतको व्यवस्था गर्नुपर्ने हुन्छ ।

योजना तर्जुमा तथा कार्यान्वयन क्षमता विश्लेषण

जिल्लामा विकास कार्यमा संलग्न निकायहरूको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया कस्तो छ ? स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा उल्लेख भए बमोजिमको योजना तर्जुमा प्रक्रिया जिल्लामा स्थापित भएको छ, छैन ? तथ्यांकीय आधार र अद्यावधिक गर्ने पद्धति कत्तिको दरिलो छ ? तथ्यांकको उपयोग, प्रचार प्रसार, लेनदेन र साझा उपयोगको स्थिति कस्तो छ ? सहभागितात्मक योजना प्रक्रियालाई निरन्तरता दिन के कस्तो संस्थागत व्यवस्था गरिएको छ ? उल्लेखित संस्थागत व्यवस्थामा प्रभावकारिता ल्याउन के कस्तो जनशक्ति तथा प्रक्रियाको अवलम्वन गरिएको छ ? सो को विवेचना हुन आवश्यक छ ।

जिल्ला विकास योजनाले सबै विषयहरू (sector) समेट्ने हुँदा यो एक एकीकृत बहुविषयक विकास योजना (integrated multi-sectoral development) हो । यसको तर्जुमा तथा कार्यान्वयनको लागि सम्बन्धित सबै निकायहरूबीच समन्वय तथा सम्पर्क हुनु जरुरी छ । जिल्ला विकास योजना तजुमा तथा कार्यान्वयनमा जिल्ला विकास समितिको भूमिका अग्रणी हुन्छ । अतः जिल्ला विकास समितिले असमझदारी (misunderstanding) तथा असहमति (disagreement) हटाउन सम्बन्धित सबै निकायहरूबीच निरन्तर विचार आदानप्रदान हुने गरी अन्तरक्रिया (communication) को व्यवस्था गर्नुपर्ने हुन्छ । साथै अप्ठ्यारो परिस्थिति (bottleneck situation) तथा मुख्य मुख्य मुद्दाहरू (key areas) मा गतिविधि केन्द्रीत गर्न विभिन्न कार्यक्रम तथा गतिविधिहरूबीच सामञ्जस्य (harmony) ल्याउन सम्बन्धित सबै निकायलाई प्रेरित गर्नुपर्ने हुन्छ । यसको लागि जिल्ला विकास समितिले समन्वय तथा संजाल (coordination and networking) प्रणालीको विकास गर्नुपर्छ । यस परिप्रेक्ष्यमा विगत ५ वर्षमा के कस्ता प्रयासहरू भएका छन् ? यस्तो प्रणालीलाई प्रभावकारी बनाउने दिशामा के कस्तो समस्या तथा सम्भावनाहरू रहेका छन् सोको विश्लेषण गर्नुपर्छ । माथि उल्लेख भए अनुसार संस्थागत समन्वय तथा संजालको विश्लेषण गर्दा निम्नबमोजिम निकायहरूले के कस्ता कार्यक्रम तथा सेवा सुविधा संचालन गरिरहेका छन् र यी कार्यालयहरूको जिल्ला विकास समिति तथा अन्य कार्यालयसँग सम्बन्ध, समन्वय तथा संचार कस्तो छ ? तथा कसरी भएको छ ? भन्ने कुरा विश्लेषणको क्रममा स्पष्ट आउनु जरुरी छ । साथै सोको प्रभाव संचालित कार्यक्रम तथा स्थानीय समुदायलाई कस्तो परेको छ सो सम्बन्धी विश्लेषणात्मक टिप्पणी गरी समस्या तथा समाधान पहिल्याउनुपर्ने हुन्छ ।

१. गैरसरकारी संस्थाहरू (स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय)

२. सहकारी, उपभोक्ता समूह, स्वावलम्वी संस्था, बचत तथा ऋण समूह आदि जस्ता समुदायमा आधारित संस्थाहरू (community based organization including cooperatives, users group, self-help groups, saving credit group)

३. बैङ्किङ तथा वित्तीय संस्थाहरू (वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी आदि)

४. व्यापार तथा व्यवसायी समूह (उद्योग वाणिज्य संघ, होटल संघ, यातायात व्यवसाय संघ, निर्माण व्यवसायी संघ, लेखापरीक्षण संस्था, कानून व्यवसायी, अन्य)

५. स्थानीय निकायहरू (जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिका)

६. विषयगत कार्यालयहरू तथा संस्थाहरू

स्रोत उपयोग स्थितिः स्थानीय निकायहरूको बजेट खर्चको विश्लेषण गरी स्रोत उपयोग स्थितिको विश्लेषण गर्नुपर्छ । यसको लागि देहायबमोजिमको विषयमा विवेचना गर्नुपर्नेछ । (अनुसूची-६क, ६ख, ६ग, ६घ)

- कर्मचारी, स्थानीय निकाय पदाधिकारी, आर्थिक सहयोग, भैपरी तथा पूँजी निर्माणमा के कति अनुपातमा खर्च भएको छ शिर्षकगत खर्च विश्लेषण
- स्थानीय निकायको विनियोजन, निकासा तथा खर्चको दर
- सञ्चालित आयोजनाहरूको सङ्ख्या, आकार तथा किसिम तथा आयोजना सम्पन्न गर्ने दर
- बेरुजु रकम, बेरुजु वृद्धि दर तथा फछ्र्यौटको स्थिति
- गाउँ विकास समिति/नगरपालिकाको आर्थिक स्रोत तथा आय तथा उपयोग दर

अन्तर–जिल्ला सम्बन्ध (Inter-district relationship)

कतिपय विकास समस्याहरूको निराकरणका लागि छिमेकी जिल्लाहरूसँग सम्पर्क तथा समन्वय गर्नुपर्ने हुन्छ तथा जिल्लाको परिधिमाथि उठेर क्षेत्रीय स्तरमा योजना तर्जुमा समेत गर्नुपर्ने हुन्छ । अतः अन्तर-जिल्ला सम्बन्ध विस्तार गर्ने खालका विगतमा के कस्ता प्रयासहरू भए सोको विवेचना गरी अन्तर-जिल्ला सम्बन्धको आधारमा सामूहिक प्रयासद्वारा समाधान गर्नुपर्ने समस्याहरूको विश्लेषण यस शिर्षक अन्तर्गत गर्नुपर्नेछ । साथै यिनै समस्याहरूलाई क्षेत्रीय स्तरको संजाल बैठक (regional networking meeting) मा वस्तुगत रूपमा उठाई क्षेत्रीय स्तरमा साझेदारी विकासमा योगदान पुर्‍याउनु पर्छ । (यस सम्बन्धमा अगाडि अनुच्छेद २.५.५ मा चर्चा गरिसकिएको छ ।)

४.४.११ विश्लेषणका विभिन्न तौरतरिका र औजारहरूको प्रयोग

माथि उल्लेख भए अनुसार तथ्यांक तथा सूचनाहरूको विस्तृत विश्लेषण गर्ने क्रममा यस निर्देशिकामा उल्लेख भएदेखि अतिरिक्त आवश्यकताअनुसार विभिन्न तौरतरिका र विश्लेषण औजार (analytical tools) हरूको प्रयोग गर्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा आवश्यकता हेरी तिनीहरूको प्रयोग गर्न सकिन्छ । जिल्ला विकासका सन्दर्भमा स्थानगत विकास (spatial development) का औजारहरू बढी सान्दर्भिक र उपयोगी हुन सक्छन् । यिनीहरूको बारेमा सहभागितात्मक जिल्ला विकास कार्यक्रमले तयार गरी प्रकाशित गरेको "Manual for District Development Planners" सहयोगी हुन सक्छ ।

साथै हाम्रो देशको आर्थिक-सामाजिक बनौटका सन्दर्भमा हरेक तथ्यांक संकलन गर्दा लैंगिक विश्लेषण गर्न सहयोग पुग्ने गरी सम्भव भएसम्म प्रत्येक सूचकको महिला र पुरुषको अलग अलग संकलन गर्नुपर्छ र महिला र पुरुषको स्थिति के कस्तो रहेछ भनी तुलनात्मक रूपमा विश्लेषण गरिनुपर्छ । लैंगिक विश्लेषणका विभिन्न तरिकाहरू छन् । ती सबै यहाँ उल्लेख गर्नु सम्भव र सान्दर्भिक नभएको हुँदा लैंगिक विश्लेषणलाई सहयोगी हुने केही संक्षिप्त मार्गदर्शनहरू अनुसूची-९ मा समावेश गरिएको छ ।

४.५ जिल्लाको समस्या तथा सम्भावना विश्लेषण कार्यशाला गोष्ठी

विषयगत योजना तर्जुमा समितिहरूले आवश्यकता अनुसार विशेषज्ञको सेवा समेत लिई जिल्लाको विद्यमान अवस्थाको विश्लेषण गरी विषयगत (sectoral) तथा क्षेत्रगत (spatial) समस्या तथा सम्भावनाहरू समेट्ने गरी छोटो प्रतिवेदन तयार गर्नुपर्छ। त्यसपछि जिल्ला विकाससँग सम्बन्धित सबै साझेदारहरूबीच छलफल तथा विचारविमर्श (deliberation) को लागि प्रस्तुत गर्न एक वा दुईदिने कार्यशाला गोष्ठीको आयोजना गर्नुपर्दछ।

यस गोष्ठीमा जिल्ला सूचना विश्लेषणका आधारहरू, यसमा अपनाइएका तरिकाहरू र विश्लेषणबाट प्राप्त समष्टिगत सूचनाहरू (development issues, problems, potentials, and challenges) लाई प्रस्तुत गरी छलफल गर्नुपर्दछ। त्यसमा छुट हुन गएका कुनै महत्वपूर्ण सूचनाहरू भए सहभागीहरूबाट प्राप्त सुझावका आधारमा सर्वसम्मतिमा पुगी जिल्ला वस्तुगत विवरणलाई अन्तिम रूप दिइन्छ। यसको प्रक्रिया र यस सम्वन्धि विस्तृत विवरण अनुसूचि-१० मा दिइएको छ।

४.६ जिल्ला वस्तुस्थिति चित्रण दस्तावेज प्रकाशन

गोष्ठीबाट आएका सुझाव र भएका निर्णयहरूका आधारमा अद्यावधिक गर्नुपर्ने कुराहरू भए सो समेत समावेश गरी जिल्ला वस्तुस्थिति चित्रणलाई अन्तिम रूप दिनुका साथै प्रकाशन समेत गर्नु पर्दछ। यो वस्तुगत चित्रण आजिवियोको पहिलो दस्तावेज हो।

५

योजना तथा कार्यक्रम तर्जुमा
(Planning and Programming)

५.१ भूमिका

आवधिक जिल्ला विकास योजनाको पहिलो भागको रूपमा जिल्लाको वस्तुस्थिति चित्रण तथा विश्लेषण दस्तावेज तयार भएपछि आजिवियो तर्जुमाको दोस्रो चरणमा प्रवेश गर्नुपर्छ । यस चरणमा योजना तथा कार्यक्रम तर्जुमा (planning and programming) गर्ने, आवधिक योजनाको अवधिभर संचालन गरिने प्रमुख कार्यक्रम तथा प्राथमिकता प्राप्त परियोजनाहरूको छनौट तथा कार्यान्वयन योजना तयार गर्ने जस्ता कार्यहरू पर्दछन् । उल्लेखित कार्यहरूको आधारमा आवधिक जिल्ला विकास योजनाको दोस्रो भाग तयार गर्नुपर्छ ।

यस अनुच्छेदमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रिया, अनुच्छेद-६ मा प्रमुख कार्यक्रम र प्राथमिकता प्राप्त आयोजनाहरू तथा कार्यान्वयन आयोजना तर्जुमा गर्ने प्रक्रियाको बारेमा उल्लेख गरिएको छ ।

५.२ जिल्ला विकासका चुनौति तथा अवसरहरू

जिल्लाको वस्तुस्थिति विश्लेषण पश्चात् योजना तथा कार्यक्रम तर्जुमा चरणमा प्रवेश गरिन्छ । योजनाले वर्तमानका समस्याहरूको समाधानको बाटो पहिल्याउने हुनाले विषयगत योजना तर्जुमा समितिहरूले जिल्ला वस्तुस्थिति विश्लेषणको निचोडका आधारमा विकासका समस्याहरूलाई पुनः एकपटक केलाई चुनौतीका रूपमा रहेका प्रमुख समस्याहरूको विवरण तयार गर्नुपर्छ । यसैगरी स्थानीय तहमा उपलब्ध अवसर र विकासका सम्भावनाहरूको संक्षिप्त विवरण तयार गर्नुपर्दछ । यसको साथै विगतका विकास प्रयास तथा उपलब्धिको तुलनात्मक स्थिति तथा विकास गतिको संक्षिप्त विवरण उल्ले गर्नुपर्नेछ ।

५.२.१ विकासका प्रमुख समस्या

विषयगत योजना तर्जुमा समितिहरूले जिल्ला विकासका प्रमुख सवाल र समस्याहरूलाई समावेश गरी प्रारम्भिक तहको विश्लेषण समेत गुर्नपर्छ । यी समस्याहरू समावेश गर्दा जिल्ला वस्तुस्थिति विश्लेषणमा तथ्यपूर्ण एवम् वस्तुपरक रूपमा समावेश भएका मध्येबाट मुख्य मुख्य समस्याहरू छनौट गरी गर्नुपर्दछ । समस्याहरू तल दिइएको नमूना वमोजिम तयार गरी प्रत्येक प्रमुख समस्याहरूको कारण र अन्तरनीहित कारण (कारणको पनि कारण) समेत पहिल्याउनु पर्दछ । साथै ती समस्या समाधानका लागि लिइनुपर्ने ठोस समाधानका उपायहरू र रणनीतिहरू समेत तयार गर्नुपर्छ ।

तालिका नं. १०   समस्या/सवाल विश्लेषण तालिका

समस्या/ सवालहरू	तत्कालीन असर	मुख्य कारणहरू	अन्तर्नीहित कारणहरू	समाधानका सम्भावित उपायहरू	राखिने संभावित विषयगत उद्देश्य (प्रस्तावका रूपमा)	लिनुपर्ने मुख्य-मुख्य रणनीतिहरू
१		२.१ २.२	३.१ ३.२	४.१ ४.२	५.	६.१ ६.२
२						
३						

यसरी समस्या/सवालहरूको विश्लेषण गर्दा भौगोलिक सूचना प्रणालीका सूचनाहरूलाई समेत आधार लिनुपर्नेछ। मूल समस्या/सवालहरूलाई सकेसम्म इलाका स्तरमा झल्किने गरी नक्सामा समेत अंकित गर्नुपर्दछ।

सवाल/समस्याहरुको पहिचान र विश्लेषण गर्दा ख्याल गर्नुपर्ने कुराहरू

- सवाल/समस्याहरूलाई जहिले पनि नकारात्मक वाक्यका रूपमा लेखिनुपर्दछ।
- वर्तमानमा विद्यमान भएको अवस्था वा देखा परेको समस्यालाई मात्र समावेश गर्नुपर्दछ। भविष्यमा देखा पर्न सक्ने संभावित समस्यालाई समावेश गर्नुहुँदैन।
- सवाल/समस्या लेख्दा ठोस रूपमा लेख्नुपर्दछ। त्यसमा समाधानको अंश समेत समावेश गरी लेख्नुहुँदैन, जुन तलको उदाहरणबाट स्पष्ट हुन्छ।

कीटनाशक औषधि उपलब्ध नहुनु	कीराहरूले बालीनाली नष्ट गर्नु
बेठीक	**ठीक**

- समस्याको कुरा गर्दा सकेसम्म लक्षित वर्ग वा जनताको दृष्टिकोण (people perspective) बाट पहिचान गर्नुपर्दछ।
- समस्याहरू केलाउँदा समाधानका उपाय भएका वा हुन सक्ने समस्याहरू मात्र समावेश गर्नुपर्छ। समाधान हुनै नसक्ने समस्यालाई कठिनाइ (constraints) का रूपमा अलग्गै छुट्याउनु पर्छ।

५.२.२ जिल्ला विकासका लागि उपलब्ध अवसर र सम्भावनाहरू

समस्या/सवालहरूको विश्लेषण गरिसकेपछि त्यसको समाधानका लागि उपलब्ध अवसर/सम्भावना, स्थानीय सीप र दक्षता एवम् सबलता आदि कुराहरूको समेत विश्लेषण गरिनु पर्दछ। यसका लागि जिल्लाको स्रोतनक्सा पनि सहयोगी हुन सक्छ। सम्भावना विश्लेषणका धेरै तरिकाहरू छन्। त्यसमध्येको एक सरल तरिका (potential analysis matrix) को नमुना अनुसूची-११ मा दिइएको छ।

५.२.३ विगतका प्रयास र उपलब्धिहरू

यस अन्तर्गत जिल्ला विकासका लागि विगतमा भएका प्रयासहरू, लिइएका नीतिगत निर्णयहरू, विगतमा संचालित योजना तथा कार्यक्रमहरू (कम्तीमा ५ वर्ष) को विवेचना एवम् उपलब्धि मूल्यांकन संक्षिप्त रूपमा गरिनु पर्दछ। योजना तजुमा समितिहरूले यो तयार गर्दा प्रमुख रूपमा देहायका कुराहरूलाई आधार लिनुपर्नेछ।

(क) जिल्ला वस्तुस्थिति चित्रणमा समावेश गरिएका तथ्यांक, सूचना तथा विश्लेषणबाट देखिएका कुराहरू।

(ख) वार्षिक प्रगति समीक्षा तथा उपलब्धि मूल्यांकन प्रतिवेदनहरू।

(ग) सम्बन्धित क्षेत्रमा भएका अध्ययन प्रतिवेदनहरू।

यसका लागि परिमाणात्मक र गुणात्मक रूपमा जिल्लाको विकास गति कतातिर अघि बढेको छ ? यसको दर के कस्तो छ ? र यसले के के कुरामा प्रभाव पारिराखेको छ ? आदि कुराहरु समीक्षात्मक रूपमा स्पष्ट गरिनु पर्दछ। विगतको प्रयास र उपलब्धिलाई तुलनात्मक रूपमा प्रस्तुतीका लागि सहयोगी हुने तालिका नमूनाका लागि अनुसूची-१२ मा समावेश गरिएको छ।

विगतका प्रयास र उपलब्धिको विवेचना गर्दा भौतिक निर्माण कार्यक्रमहरू (hardware programme) को मात्र नभई मानवीय विकास वा दक्षता अभिवृद्धि सम्बन्धी (software) कार्यक्रमहरूको समेत विवेचना गर्नुपर्नेछ।

५.३ जिल्ला विकासको दीर्घकालीन सोच तथा सिद्धान्तहरू निर्धारण

५.३.१ जिल्ला विकासको दीर्घकालीन सोच निर्धारण

जिल्लाको भविष्य कस्तो हुनुपर्ने हो एक सम्भाव्य आदर्श अवस्था (attainable ideal situation) को परिकल्पना गरी सर्वप्रथमतः जिल्ला विकासको दीर्घकालीन सोच (long term vision) के हुने भन्ने कुरा पहिल्याउनुपर्दछ। जिल्लाको दीर्घकालीन सोच तयार भई नसकेको भए योजना तर्जुमा प्रक्रियाको प्रारम्भमा यस्तो सोच निर्माण गर्नुपर्छ। सामान्यतः दीर्घकालीन सोच २० देखि ३० वर्षको लागि लिने गरिन्छ। सामान्यतया यसरी बनाइएको दीर्घकालीन सोच दर्शाउने वाक्य धेरै हुनुहुँदैन, तर यसले जिल्लाको समष्टिगत पक्षलाई झल्काउनुपर्दछ। यो सहभागितात्मक पद्धतिबाट छलफल गरी निर्धारण गरिन्छ। यसको निर्धारण सहभागीहरू सबैको सर्वसम्मत निर्णयबाट निर्धारण गरिन्छ।

सामान्यतया दीर्घकालिन सोच (long term vision) का देहायका विशेषता हुन्छन्।

(क) यो यति नै समयमा हासिल हुने भनी समय किटान (time bound) गरिएको हुँदैन।

(ख) सर्सती हेर्दा यसले आदर्शवादी अवस्था दर्शाउँछ।

(ग) यो पूर्णतः हासिल हुँदैन, तर त्यसतर्फ जिल्ला सधैँ उन्मुख हुन्छ।

(घ) यसले जिल्लाको विशेषता झल्काउनुपर्दछ र सबैले बुझ्ने गरी सरल तर आकर्षक भाषामा लेखिनुपर्छ। ताकि सबैको स्मरणमा सहजै रहन सकोस्। त्यसैले लयबद्ध रूपमा उच्चारण गर्न हुने गरी आकर्षक शब्दहरू चयन गर्ने पनि चलन छ।

(ङ) यसले परिमाण उल्लेख गर्दैन तर गुणस्तर भने स्पष्ट झल्काउँछ ।

(च) यो बढी विस्तृत र फराकिलो (broad) हुन्छ ।

(छ) जिल्लाको दीर्घकालीन सोचको निर्धारण सहभागितामूलक प्रक्रिया (visioning exercise) द्वारा गर्नुपर्छ ।

५.३.२ जिल्ला विकासको लागि निर्देशक सिद्धान्तहरूको निर्धारण

विकास प्रक्रियाले मानवको जीवनस्तरमा उल्लेखनीय परिवर्तन ल्याए तापनि यसले जटिलता पनि थप्दै लगेको छ । बढ्दो गरिवी तथा भौगोलिक विषमताले गर्दा विकासको प्रतिफल जनसंख्याको ठूलो हिस्साले प्राप्त गर्न सकेको छैन । योजनाबद्ध विकासको थालनी सँगै विकासका समस्याहरूलाई समाधान गर्न के कस्तो रणनीति अख्तियार गर्नुपर्ने हो सो सम्बन्धमा विभिन्न विकास अवधाणाहरूको जन्म तथा प्रयोग भइरहेको छ । विकास सिद्धान्तले समाजमा विद्यमान समस्याहरूको समाधानको लागि अगाडि बढ्ने बाटो देखाउने हुँदा के कस्तो विकास सिद्धान्तहरूलाई अपनाउनु पर्ने हो सो सम्बन्धमा जिल्लाको विकाससँग सरोकार राख्ने सबै पक्षबीच व्यापक छलफल हुनु आवश्यक छ । विकासको लागि देहाय बमोजिमको विकास अवधारणा बारे छलफल गरी जिल्लाको विकासको निर्देशक सिद्धान्त (guiding principles) हरू निर्धारण गर्नु उपयुक्त हुनेछ ।

१. **जनकेन्द्रीत विकास** (people-centered development/people orientation)

- जनताले चाहे अनुसारको विकास कार्यहरूको संचालन
- जनसबलीकरण (people empowerment)
- प्रजातान्त्रिकरण (democratization of planning process)
- जनताको संलग्नता र सहभागिता

२. **दीगोपना** (sustainability)

- धान्न सकिने क्षमता अनुरूप प्राकृतिक स्रोत उपयोग (sustainable use of natural resources)
- वातावरण मैत्री विकास (environment friendly development)

३. **स्थानीयता** (endogenous)

- स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने खालको विकास
- आर्थिक गतिविधि बढाई स्थानीय अर्थतन्त्रमा भित्रिने रकमलाई स्थानीय क्षेत्रमा नै राख्ने विकास (local economic circuit)

४. **संस्थागत विकास** (institution building)

- स्थानीय गैरसरकारी संस्थाको विकास
- उपभोक्ता समूहको विकास
- समुदायमा आधारित संगठनहरूको विकास
- सहकारिताको विकास

५. **अवसरमा समानता** (equality of opportunities)

- न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति
- सबैलाई रोजगारीको अवसर
- सेवा र सुविधामाथि सबै वर्गको समान पहुँच

६. **निजी क्षेत्र विकास** (private sector development)

- सरकारी तथा निजी क्षेत्रको साझेदारिता (public private partnership)
- निजी क्षेत्रलाई लगानीको वातावरण र जिल्लाको आर्थिक विकासमा निजी क्षेत्रको अग्रणी भूमिका

७. **शहरीकरण तथा वस्ती विकास** (urbanization and settlement development)

- वस्तीहरूलाई निश्चित ठाउँमा केन्द्रीकृत गरी सेवा तथा सुविधा प्रदान गर्न आर्थिक दृष्टिकोणले सम्भाव्य (economies of scale) गर्ने खालको विकास
- भूमिको क्षमता तथा उत्पादकत्व अनुरूपको प्रयोग (land use planning)

८. **सामाजिक न्याय** (social equity)

- सामाजिक रूपले पिछडिएका वर्गको उत्थान
- आर्थिक रूपले पिछडिएको वर्गको उत्थान
- महिला, बालबालिका, वृद्ध, स्कूल नजाने युवा, अपांग तथा प्राकृतिक प्रकोप पीडितहरूको उत्थान तथा विकास

दीर्घकालीन सोचको आधारमा जिल्लाको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी विकासका सिद्धान्तहरू तय गर्नुपर्दछ। यस्ता सिद्धान्तहरु दीर्घकालीन प्रकृतिका हुन्छन्। यसका विशेषताहरू देहायबमोजिम हुनुपर्छः

- सिद्धान्तहरू बढी बृहत् हुनुपर्दछ। अर्थात् यिनीहरूले जिल्ला विकासका धेरै आयामहरू समेटेको हुनुपर्छ।
- यिनीहरू जिल्लाको आफ्नो विशेषता, चुनौति, प्रतिबद्धता, विकासका लागि स्थानीय स्तरमा उपलब्ध अवसर र सम्भावनाहरूका आधारमा तय गर्नुपर्दछ। अर्थात यी कुराहरु सिद्धान्तहरूमा दर्शाइएको हुनुपर्छ।
- साथै जिल्लाको चाहना समेत यसले स्पष्ट रूपमा दर्शाउनुपर्दछ।

५.४ जिल्ला विकासको समष्टिगत लक्ष्य, उद्देश्यहरू तथा रणनीति निर्धारण

जिल्ला विकासको समष्टिगत लक्ष्य, उद्देश्यहरू तथा रणनीति निर्धारण सहभागितात्मक योजना तर्जुमा गोष्ठीको माध्यमबाट गर्नुपर्नेछ (अनुसूची-१०)। उल्लेखित कुराहरू निर्धारण गर्दा जिल्लाको वस्तुस्थिति विश्लेषणबाट निस्केका निष्कर्षहरूलाई मुख्य आधार लिनुपर्दछ। निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हासिल हुन सहयोग गर्ने गरी जिल्लाको विशेषताको आधारमा रणनीतिहरू समेत तर्जुमा गर्नुपर्दछ। जिल्ला विकासको समष्टिगत लक्ष्य, उद्देश्य तथा रणनीति निर्धारण गर्दा तर्कपूर्ण योजना पद्धति (logical frame approach) लाई प्रयोग गर्नु उपयुक्त हुन्छ। यस पद्धतिमा विभिन्न तहमा रहेका उद्देश्यहरू (hierarchy of objectives) जस्तै लक्ष्य, उद्देश्य, विषयगत उद्देश्य (नतिजा),

कार्यक्रम तथा परियोजना (गतिविधि) लाई तर्कबद्ध तालिकामा राखी ठाडो र तेर्सो दुवै रूपमा तर्कसंगत (vertical and horizontal logic) छन् छैनन् हेर्नुपर्छ (अनुसूची-१४क, ख)

विकासका लक्ष्य, उद्देश्य र ती लक्ष्य र उद्देश्यहरू हासिल हुन सहयोग गर्ने गरी जिल्लाको विशेषताका आधारमा उपयुक्त रणनीतिहरू तर्जुमा गर्नुपर्दछ ।

जिल्ला विकासको लक्ष्य निर्धारण गर्दा देहायबमोजिमका कुराहरूमा ध्यान दिनुपर्दछः

- जिल्ला विकासका उद्देश्यहरू हासिल भएपछिको स्थिति यसमा चित्रण गरिएको हुनुपर्दछ ।
- यसले जिल्लाको विकासको मूलभूत समस्यालाई समाधान गरेको आदर्श स्थितिलाई प्रतिविम्बित गरेको हुनुपर्दछ ।
- यो आजिवियोको अवधिभरको समयका लागि निर्धारण गरिन्छ ।
- यसले जिल्लाको विशेषता झल्काउनुपर्दछ ।
- लक्ष्यले जिल्लाको सबलता र विकासको सम्भावना र अवसरहरूलाई अधिकतम उपयोग गर्ने कुरा संकेत गरेको हुनुपर्दछ ।
- यो राष्ट्रिय योजनाको लक्ष्य (बृहत लक्ष्य) हासिल गर्न सघाउने किसिमको हुनुपर्दछ ।

जिल्ला विकासका उद्देश्यहरू एकभन्दा बढी हुन सक्छन्, यिनीहरूमा देहायका विशेषता हुनुपर्छ ।

- लक्ष्यको तुलनामा उद्देश्यहरू बढी किटानी (specific) गरिएको हुनुपर्छ ।
- जिल्ला विकासका उद्देश्यहरूले जिल्लालाई अन्ततः समष्टिगत लक्ष्य हासिल गर्नेतर्फ उन्मुख गराउनुपर्छ ।
- जिल्ला विकासका उद्देश्यहरूले सम्पूर्ण पक्षलाई समेटेको हुनुपर्छ ।

५.५ जिल्ला विकासका विषयगत उद्देश्यहरू तथा प्राथमिकता निर्धारण

जिल्ला विकासका उद्देश्यहरू प्राप्त गर्न निकाल्नुपर्ने नतिजाहरू नै विषयगत उद्देश्यहरू हुन् । जिल्लाको समष्टिगत लक्ष्य, उद्देश्य, रणनीतिहरू तय भइसकेपछि विषयगत योजना तर्जुमा समितिहरूले जिल्लाको समष्टिगत लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न सघाउने गरी निम्नबमोजिमको आधारमा आ-आफ्नो क्षेत्र (sector) को क्षेगत्रत रूपमा विषयगत उद्देश्यहरू पहिचान गर्नुपर्नेछ ।

१. जिल्ला वस्तुस्थिति विश्लेषणबाट देखिएका विकासका मुद्दाहरू (issues), समस्या (problems) तथा सम्भावनाहरू (potentials)

२. बुँदा १ को आधारमा देखिएका विकास चुनौतिहरू (challenges) तथा अवसरहरू (opportunities)

३. सञ्चालनमा रहेका विभिन्न विकास योजनाहरू (केन्द्रीय, विषयगत, जिल्लागत)

४. जिल्लाको दीर्घकालीन सोच (vision of the district), निर्देशक सिद्धान्तहरू, लक्ष्य, उद्देश्य तथा रणनीति

विषयगत उद्देश्य पहिचान गर्दा जिल्लाभित्रको विभिन्न स्थानगत आधारमा समेत गर्नुपर्नेछ। माथि उल्लेख भएबमोजिम उद्देश्य पहिचान भइसकेपछि ती विषयगत उद्देश्यको निम्नलिखित बुँदाहरूमा कस्तो प्रभाव (implication) पर्छ सोको विश्लेषण गर्नुपर्छ।

- जिल्लाको आर्थिक तथा सामाजिक विकास
- प्राकृतिक स्रोतको उपयोग तथा वातावरण संरक्षण
- भू-उपयोग
- जनसंख्या तथा वस्तीको वितरण/विस्तार
- सरकारी लगानी आवश्यकता
- निजी क्षेत्र तथा गैसस
- सामुदायिक संस्था तथा जनसहभागिता
- विकेन्द्रीकरण
- संस्थागत व्यवस्था

साथै निर्धारण गरिएका विषयगत उद्देश्यहरू देहायबमोजिम छन् छैनन् सो समेतको विवेचना गर्नुपर्छ।

- सम्बन्धित राष्ट्रिय नीति र कानूनी व्यवस्था सँग मेल खाएको छ।
- जिल्लाभित्रको स्थानगत उद्देश्यहरूलाई समेट्ने गरी व्यापक (comprehensive) छ।
- स्थानगत उद्देश्यहरूले क्षेत्रविशेष (area specific) लाई स्पष्ट रूपले समेटेको छ।
- विषयगत उद्देश्यहरू पहिचान गरिएको समस्याहरूसँग मेल खाने छन्, सामाजिक रूपमा समेत जनतालाई स्वीकारयोग्य छन्, संख्यात्मक रूपमा परिभाषित गर्न सकिन्छन् (quantifiable), निश्चित समयभित्र (time-bound) प्राप्त गर्न सकिने खालका छन् (attainable)।

विषयगत योजना तर्जुमा समितिहरुले विषयगत उद्देश्यहरू निर्धारण गरिसकेपछि आ-आफ्नो विषयगत प्राथमिकता निर्धारण गर्नु पर्दछ। प्राथमिकता क्षेत्र निर्धारण गर्दा विश्लेषणको निचोड, विषयगत उद्देश्य र जिल्लाको विशेषताका आधारमा देहायको विषय (sector) को प्राथमिकता किटान गर्नुपर्छ।

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वातावरण व्यवस्थापन
- संस्थागत स्रोत तथा क्षमता

यी प्राथमिकताहरु तोक्दा विषयगत योजना तर्जुमा समितिहरूले समितिका सदस्यहरूबीच छलफल र विश्लेषणका आधारमा तोक्नु पर्नेछ। प्राथमिकताक्रम निर्धारण गर्दा देहायका कुराहरूलाई मूल आधार लिनुपर्नेछ।

(क) दीर्घकालीन सोच र विकास सिद्धान्तहरू
(ख) जिल्ला विकासको लक्ष्य र विषयगत उद्देश्यहरू

(ग) जिल्ला विकासका लागि स्थानीय तहमा उपलब्ध स्रोत, साधन र सीप लगायतका अवसर र सम्भावनाहरू

(घ) विकासका प्रमुख चुनौतिहरू

(ङ) विगतका प्रयास, उपलब्धि र क्षमता

साथै विषयगत प्राथमिकताका आधारमा उपयुक्त रणनीतिहरू समेत निर्धारण गर्नुपर्दछ ।

५.५.१ आर्थिक विकास प्राथमिकता

अघिल्ला भागहरूमा गरिएको वस्तुस्थिति विश्लेषणका आधारमा जिल्ला अर्थतन्त्रको अग्रणी क्षेत्र (lead sector) पहिचान हुनेछ । मूलत त्यसैका आधारमा आर्थिक विकास प्राथमिकता निर्धारण गर्नुपर्दछ । हाम्रो देशमा सबैजसो जिल्लाहरूमा कृषिक्षेत्र नै जिल्ला अर्थतन्त्रको अग्रणी क्षेत्रका रूपमा रहेको छ भने कतिपय जिल्लामा कृषि क्षेत्र भित्र पनि तुलनात्मक लाभ र अरू थप विशेषज्ञता हासिल भएको हुन सक्छ (जस्तै - फलफूल, तरकारी, नगदे वाली आदि) । यी कुराहरूले जिल्ला अर्थतन्त्रमा पुऱ्याएको योगदान (share) लाई यहाँ ख्याल गर्नुपर्दछ । यसैगरी कतिपय जिल्लाहरूको सन्दर्भमा औद्योगिक र पर्यटन क्षेत्र पनि आउन सक्छ । त्यसैले जिल्लाको अर्थतन्त्रको विश्लेषण, उपलब्ध अवसर र सम्भावना एवम् जिल्लाको सोच र सिद्धान्तहरू समेतका आधारमा यो निर्धारण गर्नुपर्छ । साथै विषयगत प्राथमिकताका आधारमा उपयुक्त रणनीतिहरू समेत निर्धारण गर्नुपर्दछ ।

५.५.२ सामाजिक विकास प्राथमिकता

जिल्लामा सर्वसाधारणको सेवा र सुविधामाथिको पहुँच कस्तो छ ? आय र वितरणको स्थिति कस्तो छ ? सामाजिक पूर्वाधार गरिव वर्गसम्मको पहुँचमा छ छैन, लक्षित कार्यक्रमबाट कुन वर्ग बढी लाभान्वित भएका छन् ? आदि कुराहरूको विश्लेषणका आधारमा यो सामाजिक विकास प्राथमिकता पहिचान गर्न सकिन्छ । प्राथमिकता तोक्दा देहायका कुराहरू समेट्नु पर्छ ।

(क) जनसंख्या व्यवस्थापनका विविध पक्ष

(ख) मानवीय र सामुदायिक विकास

(ग) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ आदि सामाजिक पूर्वाधार विकास

(घ) सीप विकास, दक्षता अभिवृद्धि, ज्ञान व्यवस्थापन, आदि

(ङ) लैङ्गिक समानता, उत्पीडित, जनजाति विकास एवम् आर्थिक र सामाजिक न्याय

(च) सांस्कृतिक विकास, ऐतिहासिक र पुरातात्विक स्थलहरूको संरक्षण ।

(छ) सामाजिक विकाससँग सम्बन्धित अन्य ।

५.५.३ वातावरणीय विकास प्राथमिकता

जिल्ला वातावरणीय क्षेत्रमा भएका समस्या र सम्भावनाहरूको विश्लेषणबाट देखिएका कुराहरूका आधारमा प्रदूषण, दैवीप्रकोप, बाढीपहिरो, फोहरमैला व्यवस्थापन, वन संरक्षण आदि कुराहरूको गहनताको जानकारी हुनेछ । सोही आधारमा दीगो विकासको अवधारणामा आधारित भई यो क्षेत्रको विकास प्राथमिकता पहिचान गर्नुपर्नेछ । यसलाई नक्सामा अंकित गरीएमा अझ उत्तम

हुनेछ। वातावरण वहु आयामिक विषयवस्तु (cross cutting issue) भएकाले यो प्राथमिकताले विकासका अन्य क्षेत्रहरूलाई समेत प्रभाव पार्ने हुनाले उपयुक्त रणनीतिहरू स्पष्ट रूपमा अख्तियार गर्नुपर्ने हुन्छ।

५.५.४ पूर्वाधार विकास प्राथमिकता

यो पूर्वाधार विकास प्राथमिकता पहिचान गर्दा देहायबमोजिमका कुराहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ।

(क) पूर्वाधारको उपयोगमा सर्वसाधारणको पहुँचको स्थिति

(ख) जिल्लाको विकासका सम्भावनाहरूलाई उपयोग गर्न पूर्वाधार विकासले पुऱ्याएको योगदान (जस्तै - कृषि पकेट क्षेत्र र वजार, पर्यटन विकास आदि)

(ग) पूर्वाधारहरूको आर्थिक विकास एवम् जनताको आय वृद्धि गराउनमा पुऱ्याएको सहयोग

(घ) विगतमा निर्मित मर्मत संभारको स्थिति र क्षमता

५.५.५ संस्थागत विकास प्राथमिकता

यस प्राथमिकता अन्तर्गत देहायका कुराहरू समेटिनुपर्ने हुन्छ।

(क) विकेन्द्रीकरण, स्वशासन एवम् जनसहभागिता परिचालन

(ख) नागरिक समाजको सवलीकरण, सशक्तिकरणका विविध पक्ष

(ग) स्थानीय स्रोत, साधन, सीपको अभिवृद्धि र अधिकतम उपयोग

(घ) संस्थागत समन्वय र संजाल, कार्यगत एकता

(ङ) विकासमा साझेदारीपनको विकास

(च) संगठनात्मक क्षमता र दक्षता अभिवृद्धि

(छ) जिम्मेवारी र उत्तरदायित्व निर्वाहमा प्रभावकारिता

(ज) अनुगमन, सुपरिवेक्षण, मूल्यांकन लगायत योजना तर्जुमा र विकास व्यवस्थापनमा सुदृढीकरण

(झ) संस्थागत विकास र सुशासन

यो क्षेत्रले समग्र जिल्ला विकासको पक्षलाई समेट्ने हुनाले प्राथमिकता क्षेत्रहरूको पहिचानका साथै उपयुक्त रणनीतिहरूको तर्जुमा र कार्यान्वयनमा आएको प्रभावकारिताले समग्र जिल्ला विकासमा नै प्रभाव पार्दछ।

५.६ सूचकहरूको निर्धारण

लक्ष्यदेखि प्रत्येक तहका उद्देश्यका लागि पछि सो प्राप्त भयो कि भएन भनी स्पष्ट रूपमा नाप्न वा मापन गर्न सकिने सूचकहकरू निर्धारण गरिनुपर्दछ। सूचक नै योजनाको सफलता नाप्ने कडी हो। यस्ता सूचकहरू सामान्यतया पाँच प्रकारका हुन्छन् - (क) लगानी तहका आधारभूत सूचक वा

गतिविधि सूचक (input indicator) (ख) उपलब्धि सूचक (output indicators) (ग) असर सूचक (effect indicator) (घ) प्रभाव सूचक (impact indicator) (ङ) प्रक्रिया सूचक (process indicator) (अनुसूची-१५) । यी सबै प्रकारका सूचकहरूमा देहायका विशेषताहरू हुनु अनिवार्य छ ।

- परिमाणजन्य (quantity) - यो स्पष्टरूपमा मापन गर्न सकिने हुनुपर्छ ।
- गुणस्तरीयता (quality) - यसले स्पष्टसँग गुणस्तर झल्काउनुपर्छ ।
- समय (time)- यो यति समयमा हासिल हुन्छ भनी स्पष्ट किटिएको हुनुपर्छ ।
- लक्षित वर्ग (target beneficiaries) -लक्षित वर्ग कुन हो स्पष्ट खुल्नुपर्छ ।
- स्थान (place) - जिल्लाको कुन स्थानविशेषका लागि उक्त सूचक तोकिएको हो सो स्पष्ट खुलाइएको हुनुपर्छ ।

यी सबै विशेषतालाई छोटकरीमा भन्नुपर्दा सम्झनार्थ "**पगुसलस्था** (QQTBP)" पनि भन्ने गरिन्छ ।

साथै सूचक बनाउँदा देहायका कुराहरूलाई पनि ध्यान दिइनुपर्छ ।

- विद्यमान राष्ट्रिय नीति र कार्यक्रमहरू एवम् ऐन/नियमहरू, जसको विपरीत हुने गरी वा तिनीहरुसंग बाझ्ने गरी सूचकहरू तय गरिनुहुँदैन ।
- जिल्लाको विगतको उपलब्धि, सङ्गठनात्मक एवम् व्यवस्थापकीय क्षमता एवम् आर्थिक क्षमता र अनुभवलाई ख्याल गर्नुपर्दछ जसले सूचकहरू महत्वाकांक्षी हुन नदिई वास्तविकतामा आधारित गराउन मद्दत पुऱ्याउछ ।
- उपलब्ध आर्थिक, वित्तीय र मानवीय क्षमता एवम् सङ्गठनात्मक व्यवस्थालाई ध्यान दिनुपर्दछ ।
- सूचकहरू मितव्ययी (कम लागतमा) रूपमा सहजै तर स्पष्ट रूपमा मापन गर्न सकिने हुनुपर्दछ ।

माथिका सबै पक्षहरू पगुसलस्था (QQTBP) समावेश गरी सूचक तयार गर्ने तरिकाको एक उदाहरण तल दिइएको छ ।

उद्देश्य : कृषि उत्पादनमा वृद्धि भएको हुनेछ ।

चरण १: लक्षित वर्ग किटान गरी सूचकको पहिचान

उदाहरणः साना किसानहरूको धानको उत्पादन बढेको हुनेछ ।

चरण २: परिमाण

उदाहरणः १०,००० साना किसानहरू (बढीमा १० रोपनी वा सोभन्दा कम जमिन भएका) को धानको उत्पादनमा ५०% ले वृद्धि भएको हुनेछ ।

चरण ३: गुणस्तर

उदाहरणः २०५५/५६ को जस्तै गुणस्तर कायम गरी उत्पादन वृद्धि भएको हुनेछ ।

चरण ४: समय

उदाहरणः २०५७/५८ देखि २०६३/६४ को बीच/सम्म

चरण ५: स्थान

उदाहरणः काभ्रेपलान्चोक जिल्ला

यसरी चरणबद्ध क्रममा माथि देखाइएझैं बुँदागत रूपमा सबै कुरा खुट्याइसकेपछि त्यसलाई संयुक्त रूपमा तल दिएको जस्तो गरी लेख्नुपर्दछ ।

काभ्रेपलान्चोक जिल्लामा बढीमा १० रोपनीसम्म जग्गा भएका साना किसानहरूको साविकमा भएको धानको गुणस्तर (२०५६ को जस्तो) कायमै राखी उत्पादकत्वमा सुधारद्वारा आउँदो २०५७/५८ देखि २०६३/६४ सम्मको अवधिमा धानको उत्पादनमा ५०% ले वृद्धि भएको हुनेछ ।

५.७ प्रमाणित गर्ने आधारहरूको पहिचान (Means of Verification–MOV)

सूचकहरू निर्धारण गरिसकेपछि ती सूचकहरू हासिल भए कि भएनन् वा योजनाका उद्देश्यहरूमा कुन हदसम्म सफलता प्राप्त भयो भनी लेखाजोखा गर्ने आधार वा योजनाको मूल्यांकन गर्दा सफलता मापन गर्न प्रमाणित गर्ने आधार पछि कहाँ पाइन्छ भन्ने कुरा पनि योजना तर्जुमाकै क्रममा निर्धारण गर्नुपर्दछ । यसरी प्रमाणित गर्ने आधार पहिचान गर्दा देहायका कुराहरू ख्याल गर्नुपर्दछ ।

- के ती प्रमाणित गर्ने आधारहरू मौजुदा स्रोतबाटै उपलब्ध हुन्छन् (तथ्यांक, अभिलेख, अवलोकन आदि) ?
- ती स्रोतहरू कत्तिको भर पर्दा छन् ?
- के विशेष किसिमको तथ्यांक संकलन गर्नुपर्ला ? यदि पर्छ भने कति खर्च लाग्ला ?
- के नयाँ स्रोत खडा गर्नुपर्छ ? पर्छ भने त्यो कुन हो ?
- यदि कुनै सूचकको प्रमाणित गर्ने आधार (MOV) भेटिएन भने त्यस्तोको हकमा सम्बन्धित सूचक नै बदल्नुपर्छ ।
- यदि MOV का लागि नयाँ संरचना नै खडा गर्नुपर्ने वा नयाँ तथ्यांक संकलन गर्नुपर्नेमा र सो महंगो हुने भएमा त्यस्तो सूचक पनि परिवर्तन गर्नुपर्दछ ।

५.८ जोखिम पक्षहरुको पहिचान

जोखिम पक्षहरू यस्ता अवस्था हुन् जुन भविष्यमा योजना कार्यान्वयनको क्रममा देखा पर्न सक्छन् र योजनाको उद्देश्य वा नतिजा हासिल गर्नमा नकारात्मक बाधा पार्न सक्छन् । तर ती अवस्थाहरू योजनाको नियन्त्रणभन्दा बाहिर रहेका हुन्छन् । यस्ता जोखिम पक्षहरू योजना तर्जुमाकै क्रममा राम्ररी केलाई पहिचान गर्नुपर्दछ । साथै त्यसको देखा पर्ने सम्भावना र गहिराइका आधारमा केही

क्रियाकलापहरू तर्जुमा गरी यिनीहरूबाट योजनामा पर्ने नकारात्मक असरलाई न्यून गर्ने प्रयास गर्नुपर्दछ ।

जोखिम पक्षहरू

- यी महत्वपूर्ण हुन्छन् । यिनीहरूको गहिराइ र सम्भावनाका आधारमा लेखाजोखा गरिन्छ ।
- यिनीहरु योजनाको सिधै नियन्त्रणको स्थितिभन्दा बाहिर रहेका हुन्छन् तर योजनालाई प्रभाव पार्दछन् ।
- योजनाको सफलताको लागि यिनीहरूलाई ख्याल गर्नुपर्दछ ।
- यस्ता जोखिम पक्षलाई सकारात्मक वाक्य (worded as positive condition) मा लेखिन्छ । जस्तैः शिक्षित युवाहरूका लागि पर्याप्त रोजगारीका अवसरहरू उपलब्ध हुनेछन् ।

जोखिम पक्षहरूको पहिचान र लेखाजोखा गर्ने तरिका

- जोखिम पक्षहरू कसरी पहिचान गर्ने र कस्तोलाई जोखिम पक्षका रूपमा लिने र कस्तोलाई नलिने भन्ने कुरा तल उल्लेखित ३ ओटा प्रश्नहरूको मद्दतबाट किटान गर्न सकिन्छ ।

चित्र नं. ३.   जोखिम पक्षहरूको लेखाजोखा गर्ने तरिका

प्रश्न १:   के त्यो जोखिम महत्वपूर्ण छ ?

छैन (यसलाई समावेश गर्नुपर्दैन)

छ

प्रश्न २:   त्यो भविष्यमा देखापर्ने कतिको सम्भावना छ ?

एक किसिमको निश्चित नै छ (यसलाई समावेश नगर्ने)

धेरै हदसम्म देखा पर्न सक्छ (५०% भन्दा बढी सम्भावना छ)
(यसलाई जोखिम पक्षका रूपमा समावेश गर्नुपर्छ र सम्भव भएसम्म त्यसलाई प्रभावित गरी योजनाको सफलतामा आँच आउन नदिने प्रयास गर्नुपर्छ ।)

छैन

प्रश्न ३:   के त्यो लक्ष्य, उद्देश्य वा नतिजालाई केही बदल्न वा संशोधन गर्न सकिन्छ ? ताकि त्यसको कुनै जोखिम पक्ष नै नहोस् ।

सकिँदैन   (यसलाई **खतरनाक जोखिम पक्ष** (killer assumption) भनिन्छ । यस्तो अवस्थामा योजना तर्जुमा प्रक्रिया अघि बढाउनु हुँदैन र निर्णयकर्तालाई सो कुराको जानकारी दिनुपर्दछ ।)

सकिन्छ

(यस अवस्थामा अर्को वैकल्पिक तर्जुमा गर्नुपर्दछ ।)

५.९ सहभागितात्मक योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना

योजना तर्जुमा समितिहरूले यस अनुच्छेदमा उल्लेख गरिएअनुसार तयार गरेको आआफ्नो विषयगत लक्ष्य, उद्देश्य र प्राथमिकताहरू सबै विषयगत योजना तर्जुमा समितिहरू तथा जिल्ला विकाससँग सम्बन्धित सबै पक्षको भेलामा प्रस्तुत गरी व्यापक छलफलको आधारमा अन्तिम रूप दिनुपर्नेछ । यसको लागि सहभागितात्मक योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना गर्नु उपयुक्त हुनेछ। योजना तर्जुमा गोष्ठिको प्रक्रिया र अन्य व्यवस्थाहरू अनुसूची-१३ मा समावेश गरिएको छ। यस गोष्ठीमा अन्य औजारहरूका अतिरिक्त तर्कपूर्ण योजना पद्धति (logframe approach) लाई प्रयोग गर्न सकिनेछ। (अनुसूची-१४क, ख)

माथि उल्लेख भए अनुसार क्रमश श्रृंखलाबद्ध रूपमा निर्धारण गरिदै आएका विभिन्न तहका लक्ष्य र उद्देश्यहरू एवम् नतिजा र कार्यक्रमहरूबीच तर्कबद्ध (logcal) सिलसिला र तिनीहरूको उचित अन्तर्सम्बन्ध (linkage) कायम हुनुपर्दछ। यसलाई तलको चित्रमा देखाइएको छ।

चित्र नं. ४. सोचदेखि विभिन्न तहका उद्देश्यहरूबीचको अन्तर्सम्बन्ध

General ↑

विशेषता	उद्देश्यहरूको श्रृंखला	निर्धारण गर्ने क्रम क्रमश
बृहत् (२०-३० वर्षको) बढी आदर्शवादी देखिने	दीर्घकालीन सोच र विकासका सिद्धान्तहरू	१
माथिल्लोभन्दा बढी स्पष्ट (specific) आदर्श अवस्था (५-७ वर्षको)	जिल्ला विकासको लक्ष्य (आजिवियोको)	२
जिल्ला विकासको समग्र पक्ष समेट्ने	जिल्ला विकासका उद्देश्यहरू	३
विषयगत पक्ष समेट्ने गरी किटानी (specific) भएका र उद्देश्य प्राप्तिमा सिधै सहयोग गर्ने	विषयगत उद्देश्य, प्राथमिकताहरू र रणनीतिहरू	४
रणनीतिका सहयोगले नतिजा प्राप्त गर्नमा सहज हुने	प्रमुख कार्यक्रम र प्राथमिकता प्राप्त परियोजनाहरू	५

↓ Specific

चित्र नं. ५.   दीर्घकालीन सोचदेखि कार्यक्रमसम्मको तर्कबद्ध श्रृङ्खला



यसप्रकार आवधिक जिल्ला विकास योजनाको खाका तयार हुन्छ। साथै यी श्रृङ्खलाबद्ध लक्ष्य र उद्देश्यहरू कसरी कार्यान्वयन गर्ने भन्ने सम्बन्धमा आजिवियो कै अंगका रुपमा कार्यान्वयन योजना तयार गर्नु पर्दछ। यो तयार गर्ने तरिका एवं यसमा समावेश गर्नुपर्ने विषयबस्तु सम्वन्धमा तलका खण्डहरूमा वर्णन गरिएको छ।

६

प्रमुख कार्यक्रम, प्राथमिकताप्राप्त आयोजना तथा कार्यान्वयन योजना
(Major Programmes, Priority Projects & Implementation Design)

६.१ आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा उल्लेख गरिएको योजना तर्जुमा प्रक्रिया अन्तर्गत रहेर इलाका योजना तर्जुमा बैठकले इलाका भित्रका गाउँ विकास समिति र नगरपालिकाबाट प्राप्त आयोजनालाई विषयक्षेत्र अनुसार प्राथमिकताक्रम निर्धारण गरी जिल्ला विकास समिति र सम्बन्धित विषयगत समितिलाई माघको तेश्रो हप्ताभित्र उपलब्ध गराइसक्नुपर्ने प्रावधान रहेको छ ।

यसरी प्राप्त भएको आयोजनाहरू तथा विभिन्न विषयगत कार्यालयहरूबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूमध्येबाट आवधिक जिल्ला विकास योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि कार्यान्वयन गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नुपर्ने हुन्छ ।

आवधिक जिल्ला विकास योजना अवधिमा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरू देहायबमोजिमको चरणहरू (steps) बाट छनौट गरी प्राथमिकताक्रम निर्धारण गर्न सकिनेछ ।

६.१.१ आयोजना तथा कार्यक्रम विवरण संकलन

इलाका योजना तर्जुमा गोष्ठीबाट प्राथमिकताक्रम निर्धारण भइ आएका आयोजनाहरूका साथै विषयगत कार्यालय, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट पहिचान वा प्रस्ताव गरिएका आयोजना तथा कार्यक्रमहरू संकलन गरी देहायबमोजिमको प्रस्तावित योजना/कार्यक्रमको विवरण पंजिका तयार गर्नुपर्छ ।

तालिका नं. ११ प्रस्तावित आयोजना/कार्यक्रम सम्बन्धी पंजिका

१.	आयोजना/कार्यक्रमको नाम
२.	आयोजना/कार्यक्रम प्रस्ताव गर्ने व्यक्ति/संस्था
३.	इलाका योजना बैठकले प्राथमिकताक्रम निर्धारण गरेको भए प्राथमिकता क्रम नं. तथा मिति
४.	प्रस्तावित आयोजनाको विवरण
५.	आयोजना स्थल
६.	आयोजनाको उद्देश्य (हरू)
७.	लाभान्वित समूह तथा जनसंख्या
८.	लागत/अनुमानित लागत रु.
९.	लागत व्यहोर्ने श्रोत (हरू)

(नोटः यो प्रत्येक आयोजना/कार्यक्रमको लागि अलग अलग तयार गर्नुपर्छ।)

६.१.२. कार्यक्रम र आयोजनाहरूको छनौट

प्रत्येक प्रस्तावित आयोजनाको विवरण/पंजिका तयार भइसकेपछि आयोजना/कार्यक्रमको छनौट प्रक्रिया सुरु गर्नुपर्नेछ। छनौट प्रक्रियाको प्रारम्भमा दोहोरो पर्न गएको, अनावश्यक तथा अन्य निकायहरूबाट कार्यान्वयन हुने योजनाहरू हटाई प्रारम्भिक सूची (initial list) तयार गर्नुपर्छ। प्रारम्भिक छनौट (initial screening) गर्दा देहायका उद्देश्यहरूलाई आधार मान्न सकिन्छ।

क. दोहोरिएका वा अतिरिक्त आयोजनाहरू गाभ्ने (Consolidate repetitive or redundant proposals)

प्रत्येक प्रस्तावित आयोजना/कार्यक्रमको विवरणहरू अध्ययन गरी एकै किसिमको विवरण, उद्देश्य, लाभान्वित समूह तथा आयोजनास्थल भएका आयोजनाहरू पहिचान गरी एकै किसिमको वा लगभग एकै किसिमको आयोजनाहरूलाई गाभी एउटै आयोजनाको रूपमा मान्यता दिनु पर्छ।

ख. हेर्दै अव्यवहारिक वा नचाहिने जस्तो लाग्ने आयोजनाहरू हटाउने

प्रत्येक प्रस्तावित आयोजना/कार्यक्रमको विवरण अध्ययन गर्दा हेर्दै अव्यवहारिक वा अनावश्यक लाग्ने आयोजनाहरू प्रारम्भिक सूचीबाट हटाउन सकिन्छ।

ग. अन्य निकायबाट कार्यान्वयन हुने आयोजनाहरू हटाउने

केन्द्रीय योजनाको रूपमा संचालन हुने वा अन्य स्रोतबाट संचालित हुने आयोजनाहरू प्रारम्भिक सूचीबाट हटाउनुपर्नेछ। कतिपय योजनाहरू केन्द्रीय योजनाको रूपमा संचालन गर्नका लागि जिल्लाले केन्द्रलाई अनुरोध समेत पर्ने परिप्रेक्ष्यमा त्यस्ता आयोजनाहरूको अलग सूची बनाई प्राथमिकताक्रम निर्धारण गर्न सकिनेछ।

माथि उल्लेख गरिए बमोजिमका आयोजनाहरू गाभी वा हटाई प्रारम्भिक सूची तयार गरिसकेपछि आयोजनाका उद्देश्यहरू आफैंमा बाझिएका छन् छैनन् (conflicting objectives) सो को

विश्लेषण गर्नुपर्छ। आयोजनाहरूको एकआपसमा देहायबमोजिमको तीन प्रकारको सम्बन्ध (relationship) हुन सक्छ:

१. **द्वन्द्व सम्बन्ध** (Conflict relationship): एउटा आयोजनाबाट हुने फाइदालाई अर्को आयोजनाबाट हुने हानीले निरर्थक गराउँछ वा एउटा आयोजनाको कार्यान्वयनबाट अर्को आयोजनाको कार्यान्वयनमा बाधा ल्याउँछ। उदाहरण: जलाधार संरक्षण आयोजना तथा जलाधार क्षेत्रमा बाटो निर्माण।

२. **परिपूरक सम्बन्ध** (Complementarity relationship): एउटा आयोजनाको कार्यान्वयनले अर्को आयोजनाको कार्यान्वयनमा थप बल पुर्‍याउँछ।

३. **अनुकूल सम्बन्ध** (Compatible relationship): आयोजनाको कार्यान्वयनले अर्को आयोजनाको कार्यान्वयनमा बाधा अड्चन पुर्‍याउँदैनन्।

प्रारम्भिक सूचीमा रहेका आयोजनाहरूबीच माथि उल्लेखित तीनप्रकारको सम्बन्धमध्ये कुन प्रकारको सम्बन्ध छ सोको मूल्यांकन गरी धेरै आयोजनासँग द्वन्द्व सम्बन्ध राख्ने आयोजनालाई प्रारम्भिक सूचीबाट हटाउन सकिन्छ। केहीसँग द्वन्द्व सम्बन्ध भए पनि अरूसँग परिपूरक वा अनुकूल सम्बन्ध भए त्यस्ता आयोजनाहरूलाई द्वन्द्व हटाउने गरी पुनः तर्जुमा गर्न सकिन्छ। यसरी द्वन्द्व-परिपूरक-अनुकूल सम्बन्ध विश्लेषणका लागि निम्नबमोजिमको तालिका तयार गर्नुपर्नेछ।

तालिका नं. १२ द्वन्द्व–परिपूरक–अनुकूल सम्बन्ध विश्लेषणको नमूना

आयोजना नं.	**आयोजना १**	आयोजना २	आयोजना ३	आयोजना ४	आयोजना ५	आयोजना ६
आयोजना १		द्वन्द्व	परिपूरक	परिपूरक	अनुकूल	अनुकूल
आयोजना २			अनुकूल	द्वन्द्व	अनुकूल	परिपूरक
आयोजना ३				द्वन्द्व	परिपूरक	अनुकूल
आयोजना ४					परिपूरक	परिपूरक
आयोजना ५						अनुकूल
आयोजना ६						

माथि उल्लेख गरिए बमोजिमको आधारमा आयोजनाहरूबाट काँटछाँट गरी प्रारम्भिक सूची देहायको तालिकामा देखाउन सकिनेछ।

तालिका नं. १३ कार्यक्रम र आयोजनाहरूको प्रारम्भिक सूची

आयोजना नं. र नाम	**पहिलो सूची** (initial list) (**पहिलो छनौटबाट छनौट भएका आयोजनाहरू**)	**दोस्रो सूची** (preliminary list) (**द्वन्द्व-परिपूरक-अनुकूल सम्बन्ध विश्लेषणबाट छनौट भएका आयोजनाहरू**)

६.२ कार्यक्रम र आयोजनाहरूको वर्गीकरण (Ranking of the Projects)

प्रस्तावित आयोजना/कार्यक्रमको प्राथमिक सूची (preliminary list) तयार भइसकेपछि त्यसमध्ये कुन आयोजना वा कार्यक्रमले आवधिक जिल्ला विकास योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सर्वाधिक मद्दत गर्दछ सोको आधारमा प्रस्तावित आयोजना/कार्यक्रमलाई वर्गीकरण तथा क्रम निर्धारण गर्नुपर्छ। यसको लागि निम्नलिखित दुई विधिको प्रयोग गर्न सकिन्छ:

- लक्ष प्राप्ति मूल्यांकन विधि (Goal achievement pay-off matrix evaluation technique)
- पूँजीगत आयोजना प्राथमिकता मूल्यांकन विधि (Capital project priority matrix evaluation technique)

पहिलो विधि - लक्षप्राप्ति मूल्यांकन विधि (Goals-achievement matrix evaluation technique)

आजिवियोको लक्ष्य तथा उद्देश्यहरूलाई प्राप्त गर्न विभिन्न आयोजना तथा कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ। प्रस्तावित सबै आयोजनाहरूलाई कार्यान्वयन गर्नका लागि समय तथा स्रोतको कमी हुने परिप्रेक्ष्यमा सबैभन्दा उपयोगी तथा आवश्यक आयोजनाहरूलाई छनौट गर्नुपर्ने हुन्छ। हाल संचालनमा रहेका कतिपय आयोजना तथा कार्यक्रमहरू क्रमागत रूपमा कार्यान्वयन समेत गर्नुपर्ने हुँदा संचालित आयोजना/कार्यक्रमहरू पनि कार्यान्वयन गर्ने वा स्थगित गर्ने सोको निर्णय समेत योजना तर्जुमा कै अवस्थामा गर्नुपर्ने हुन्छ। अतः हाल संचालनमा रहेका तथा प्रस्तावित आयोजना/कार्यक्रमहरूलाई देहायबमोजिम लक्ष्य प्राप्ति मूल्यांकन विधिबाट क्रम निर्धारण गर्नुपर्छ।

पाइला १ - मूल्यांकनका आधार तय गर्ने (Selection of evaluation criteria)

प्रतिस्पर्धामा रहेका आयोजना/कार्यक्रमहरूबीच तुलना गर्न मूल्यांकन आधार (evaluation criteria) आवश्यक हुन्छ। आजिवियोको लक्ष्य, उद्देश्य, विषयगत उद्देश्य, नतिजा तथा सूचकहरूबाट मूल्यांकन आधार छनौट गर्नुपर्ने हुन्छ।

मूल्यांकन आधार छान्दा देहायका कुराहरूलाई ध्यान दिनुपर्छ।

- सबै विषयगत क्षेत्र (आर्थिक, सामाजिक, वातावरणीय, पूर्वाधार, संस्थागत) को लक्ष्य, उद्देश्य, नतिजा तथा सूचकहरूमध्येबाट मूल्यांकन आधार छान्नुपर्ने।
- मूल्यांकन आधार सामान्य (general) भन्दा खास किसिमको (specific) हुनुपर्ने।
- यसले जिल्लाको मुख्य समस्या वा मुद्दाहरू समाधान गर्न सर्वाधिक मद्दत गर्ने हुनुपर्ने।
- बढीमा विसओटा मूल्यांकन आधार छान्नु पर्ने।
- जिल्लाको सबै सरोकार पक्षहरूको भेलामा व्यापक छलफलको आधारमा छनौट गर्नुपर्ने।

पाइला २ - मूल्यांकनका आधारलाई भार दिने

छानिएका मूल्यांकनका आधारहरू जिल्लाको प्राथमिकता अनुसार समान किसिमका हुँदैनन् अर्थात् कुनै कम तथा कुनै बढी महत्वका हुन्छन्। कूल अंकभार (weights) लाई १०० मानेर प्रत्येक मूल्यांकन आधारलाई कति अंकभार दिने हो सबै सरोकार पक्षहरूको भेलामा व्यापक छलफलबाट अंकभारको बाँडफाँड गर्नुपर्छ।

पाइला ३ - प्रस्तावित आयोजना तथा कार्यान्वयनमा रहेका आयोजना/कार्यक्रमको मूल्यांकन गर्ने

संचालनमा रहेका तथा प्रस्तावित आयोजनाहरूले मूल्यांकन आधारमा उल्लेखित लक्ष्य/उद्देश्यमा कतिको योगदान (contribution) गर्छन् वा त्यसमा कस्तो प्रभाव (impact) पार्छन् त्यसको मूल्यांकन गर्नुपर्छ। आयोजनाको योगदान वा प्रभावको मूल्यांकन निम्नप्रकारको आधार (rating) बाट गर्न सकिन्छ।

- मूल्यांकन आधारमा कुनै प्रभाव नपार्ने वा कुनै किसिमको योगदान नगर्नेलाई शून्य (०) मूल्यांकन अंक (rating value) दिने।
- मूल्यांकनका आधारमा अलिअलि प्रभाव (slight impact) वा अलिअलि योगदान दिने (slight contribution) लाई एक (१) मूल्यांकन अंक दिने।
- मूल्यांकन आधारमा महत्वपूर्ण (significant) प्रभाव पार्ने वा महत्वपूर्ण योगदान दिनेलाई दुई (२) मूल्यांकन अंक दिने।
- मूल्यांकन आधारको प्राप्ति (attainment) को लागि नभई नहुने (essential) आयोजनालाई तीन (३) मूल्यांकन अंक दिने।

प्रस्तावित आयोजनालाई माथि उल्लेखित मूल्यांकन अंक (rating value) दिनका लागि सबै सरोकार पक्षको कार्यशाला गोष्ठी गर्नु उपयुक्त हुन्छ। कार्यशालाका सहभागीहरूलाई आ-आफ्नो समूह (विषयगत कार्यालय, स्थानीय निकाय, गैसस, निजी क्षेत्र, व्यवसायी समूह, लाभान्वित समूह आदि) मा विभाजन गरी माथि उल्लेख गरिए बमोजिमको मूल्यांकन अंक दिन लगाउनुपर्छ।

पाइला ४ - प्रत्येक आयोजना/कार्यक्रमले प्राप्त गरेको अंक जोडी आयोजनाको क्रम निर्धारण गर्ने

प्रत्येक सरोकार समूहले आयोजनाहरूलाई प्रदान गरेको मूल्यांकन अंक (rating value) लाई अंक भार (weights) सँग गुणा गरी आएको अंकलाई लक्ष्य प्राप्ति विश्लेषण तालिका उल्लेख गर्नुपर्छ। प्रत्येक मूल्यांकन आधार (evaluation criteria) मा आयोजनाले प्राप्त गरेको अंक जोड्नु पर्दछ।

तालिका नं. १४ लक्ष्य प्राप्ति विश्लेषण तालिका (नमूना)

आवधिक योजनामा तय गरिएका लक्ष्य तथा उद्देश्य	भार प्रतिशत	विषयगत कार्यक्रम/आयोजनाले प्राप्त गरेको अंक			
		१	२	३	४
१. सामाजिक न्याय (social equity)	३५				
१.१ विशेषगरी न्यून आय समुदायलाई आधारभुत सेवा पुऱ्याउने	१०				
१.२ स्थानीय सामुदायिक समूहहरुको आवश्यकता परिपूर्ति गर्ने	१०				
१.३ ग्रामीण शहरी सम्बन्ध (rural-urban integration) प्रवर्द्धन गर्ने	५				
१.४ लैङ्गिक न्याय (Gender equality)	५				
१.५ पिछडिएको क्षेत्रलाई अघि बढाउने (regional balance)	५				
२. आर्थिक कुशलता (economic efficiency)	२०				
२.१ सिर्जना भइ सकेको पूर्वाधार तथा सहुलियतको उपयोग गर्ने	४				
२.२ कर, दस्तुरको रुपमा स्थानीय राजश्व अभिवृद्धि गर्ने	४				
२.३ स्थानीय आर्थिक गतिविधि प्रवर्द्धन गर्ने	४				
२.४ पहिचान गरिएका समस्याको कम लागतमा समाधान दिने	५				
२.५ रोजगारीका अवसरहरू श्रृजना गर्ने	३				

आवधिक योजनामा तय गरिएका लक्ष्य तथा उद्देश्य	भार प्रतिशत	विषयगत कार्यक्रम/आयोजनाले प्राप्त गरेको अंक			
		१	२	३	४
३. वातावरणीय संरक्षण (environmental protection)	१०				
३.१ पर्यावरणीय दृष्टिले संवेदनशील क्षेत्रलाई संरक्षण गर्ने	५				
३.२ संरक्षित क्षेत्रलाई वचाउने	५				
४ जनस्वास्थ्य तथा सुरक्षा	२०				
४.१ प्रदूषण, ध्वनि प्रदूषणको कारण सिर्जित जनताको असुविधा घटाउने	५				
४.२ दैवी प्रकोप घटाउन मद्दत गर्ने	५				
४.३ मृत्युदर घटाउने	१०				
५ स्थानीय क्षमता तथा नेतृत्वको विकास	१५				
५.१ निजीक्षेत्रको सहभागितालाई बढाउने	५				
५.२ स्थानीय निकायको प्रतिवद्धतालाई पूरा गर्ने	५				
५.३ जनसहभागिता परिचालन गर्ने	५				
जम्मा :	१००				
प्राथमिकता क्रम					

माथि उल्लेख गरिए बमोजिम विभिन्न सरोकार पक्षले दिएको अंकलाई एकै ठाउँमा जोडी सबैभन्दा बढी अंक पाउनेलाई पहिलो प्राथमिकताक्रममा राखी सोभन्दा कम अंक ल्याउनेलाई देहायबमोजिमको तालिकामा क्रमशः प्राथमिकताक्रम निर्धारण गर्नुपर्छ ।

तालिका नं. १५ लक्ष्य प्राप्ति विश्लेषण मूल्यांकनबाट प्राथमिकताक्रम निर्धारण (नमुना)

प्रस्तावित आयोजना	विभिन्न सरोकार पक्षबाट प्रदान गरिएको अंक						प्राथमिकता क्रम
	स्थानीय निकाय	विषयगत कार्यालय	गैसस	निजी क्षेत्र	लाभान्वित समूह	जम्मा अंक	
आयोजना नं. १							
आयोजना नं. २							
आयोजना नं. ३							
आयोजना नं. ४							
आयोजना नं. ५							
आयोजना नं. ६							
आयोजना नं. ७							
आयोजना नं. ८							

दोश्रो विधि - पूंजिगत आयोजना प्राथमिकता मूल्यांकन विधि
(Capital project priority evaluation technique)

प्रस्तावित तथा संचालनमा रहेका पूँजीगत आयोजनाहरूलाई लक्ष्य प्राप्ति विश्लेषण मूल्यांकन विधिबाट क्रमनिर्धारण गर्दा एकै किसिमको उद्देश्य वा लक्ष्य प्राप्ति हुने आयोजना/कार्यक्रमले बराबर अंक ल्याउने र प्राथमिकताक्रम नछुट्टिने हुँदा पूँजीगत आयोजनाका हकमा यस विधिबाट वर्गीकरण गर्न सुझाव दिइएको छ। यस विधि अन्तर्गत आयोजनाहरूलाई महत्व तथा आवश्यकताको आधारमा निम्नबमोजिम ६ तहमा विभाजन गर्नुपर्छ।

१. अति जरुरी (urgent)
२. जरुरी (essential)
३. आवश्यक (necessary)
४. इच्छित (desirable)
५. स्वीकारयोग्य (acceptable)
६. भविष्यको लागि पन्छाउन सकिने (deferrable)

के कस्तो आयोजनालाई अति जरुरी, जरुरी वा आवश्यक भन्ने हो सो छुट्याउन निश्चित मापदण्ड (criteria) चाहिन्छ। विभिन्न सरोकार पक्षहरूको कार्यशाला गोष्ठीमा व्यापक छलफलको आधारमा मूल्यांकन मापदण्ड (evaluation criteria) तय गर्न सकिन्छ। पूँजीगत आयोजना प्राथमिकता विश्लेषणको मूल्यांकन मापदण्डको नमूना देहायबमोजिम उल्लेख गरिएको छ।

तालिका नं. १६ पूंजीगत आयोजना प्राथमिकता विश्लेषण (नमुना)

	वर्ग	वर्गीकरण आधार (General criteria)
१.	अति जरुरी (Urgent)	• आपत्कालीन अवस्थालाई समाधान गर्नका लागि चाहिने आयोजना • जनताको स्वास्थ्य, सुरक्षा तथा कल्याणमा आइपरेको खतरापूर्ण अवस्था समाधान गर्नका लागि चाहिने आयोजना • कुनै पनि अवस्थामा स्थगित गर्न नसकिने आयोजना • अति जरुरी कार्यक्रम (critically needed program) लाई कायम राख्नका लागि चाहिने आयोजना
२.	जरुरी (Essential)	• वाह्य सहयोग उपलब्ध भएका आवश्यक आयोजना • आफ्नै आयबाट वा निजी श्रोत परिचालनबाट संचालन गर्न सकिने आयोजना (desirable self liquidating projects) • चालु कार्यक्रमलाई कायम राख्नका लागि चाहिने आयोजना • सार्वजनिक क्षेत्रमा महत्वपूर्ण सुधार गर्नका लागि चाहनि आयोजना
३.	आवश्यक (Necessary)	• स्पष्ट रुपले पहिचान भएका आवश्यकता (clearly identified needs) पूरा गर्नका लागि चाहिने आयोजना • सन्तोषजनक रुपमा नरहेका पुराना, अनुपयुक्त सुविधाहरुलाई बदल्नका लागि चाहिने आयोजना • विद्यमान सुविधाहरुको आयु वा प्रयोग अवधि लम्याउनका लागि चाहिने आयोजना
४.	इच्छित (Desirable)	• चालु कार्यक्रमलाई विस्थापित गर्नका लागि चाहिने आयोजना • समुदायका लागि उपयुक्त ठहरिएका नयाँ कार्यक्रम थालनी गर्नका लागि तयार गरिएको आयोजना • विद्यमान सुविधालाई अन्य उपयोगमा परिवर्तन गर्नका लागि चाहिने आयोजना
५.	स्वीकार योग्य (Acceptable)	• बजेट/रकम कटौती गर्न आवश्यक परेको अवस्थामा स्थगित राख्न सकिने आयोजना
६.	भविष्यका लागि पन्छाउन सकिने (Deferrable)	• यो आवधिक योजनामा समावेश नगरी भविष्यको निम्ति स्थगित राख्न सकिने आयोजना • समष्टीगत आवश्यकता, योजना तर्जुमाको पर्याप्तता तथा समयको उपयुक्तताको दृष्टिकोणले सन्देहजनक (questionable) आयोजना

चित्र नं. ६. तथ्यांक/सूचना विश्लेषण, साझेदारहरूका कार्यक्रम तथा स्थानीय जनचाहनाबीचको सम्मिलन र सन्तुलन



वार्षिक योजना मार्फत कार्यान्वयन							
वार्षिक योजना→	वार्षिक योजना, कार्यक्रम तथा बजेट						
वर्ष	१	२	३	४	५	....	....

६.३ प्रमुख कार्यक्रम र आयोजनाहरू छनौट तथा बजेट व्यवस्था

लक्ष्य प्राप्ति विश्लेषण तथा पूँजीगत आयोजना प्राथमिकता विश्लेषणका आधारमा आजिवियो अवधिभित्र उपलब्ध हुने कूल बजेटको आधारमा संचालन हुने मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरू छनौट गरी यस शीर्षकमा उल्लेख गर्नुपर्नेछ। प्रत्येक आयोजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने बजेट तथा बजेट उपलब्ध हुने स्रोतको उल्लेख गर्नुपर्नेछ (अनुसूचि-१६)।

उपलब्ध हुने बजेटभन्दा बढी बजेट आवश्यक परेको खण्डमा बढी हुने रकम कसरी पूर्ति गर्ने हो सोको लेखाजोखा समेत गरी थप बजेट जुटाउने रणनीति समेत यहाँ उल्लेख गर्नुपर्नेछ। प्रमुख कार्यक्रम तथा आयोजनाहरू देहायको तालिकामा उल्लेख गर्नुपर्छ।

तालिका नं. १७ प्रमुख कार्यक्रम तथा आयोजनाको विवरण

क्रम	आयोजना/कार्यक्रमको नाम	योजना स्थल	लागत अनुमान

छनौट भइसकेका प्रमुख कार्यक्रम तथा आयोजनाहरूले आजिवियोको कुन नतिजा तथा विषयगत उद्देश्य प्राप्त गर्नमा योगदान पुऱ्याउँछ सो विश्लेषणको आधारमा देहायबमोजिमको तालिकामा देखाउनु पर्नेछ।

तालिका नं. १८ प्रमुख कार्यक्रमहरू, परियोजना र त्यसका प्रमुख क्रियाकलापहरूको सारांश

विषयगत उद्देश्य (Sectoral Objective)	नतिजाहरू (Results)	प्रमुख कार्यक्रमहरू (Major programmes)	प्रमुख क्रियाकलापहरू (Program Components)
१.	१.	१.१ १.२	१.१ १.२ १.३
	२.	२.१ २.२	
	३.		
	४.		
२.			
३.			
४.			

प्रमुख कार्यक्रम र आयोजनाहरूको संक्षिप्त विवरण

यस शिर्षक अन्तर्गत संचालनको लागि छनौट गरिएको आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण उल्लेख गर्नुपर्नेछ। आयोजना/कार्यक्रमको संक्षिप्त विवरण देहायको ढाँचामा तयार गर्नुपर्छ।

तालिका नं. १९ आयोजनाको संक्षिप्त विवरण (नमूना) (Project Briefs)

१. प्रस्तावित आयोजनाको प्रकृति

१.१ आयोजनाको नाम

१.२ आयोजना विवरण

१.३ आयोजना किसिम (पूंजीगत / अन्य)

१.४ आयोजना स्थल

१.५ आयोजना स्तर (राष्ट्रिय / क्षेत्रीय / जिल्ला / इलाका / गाविस / नपा / वडा)

१.६ लक्षित लाभान्वित समुदाय

२. प्रस्तावित आयोजनाको अनुमानित असर

२.१ आयोजनाबाट समाधान हुने समस्या / अवसर

२.२ आयोजनाको कारण लाभान्वित समुदायमा हुने अपेक्षित परिवर्तन

२.३ स्थानीय राजश्व तथा खर्चमा आयोजनाको प्रभाव

२.४ आयोजनाबाट प्रभावित हुने अन्य चालु वा प्रस्तावित गतिविधिहरु

३. कार्यान्वयन तथा व्यवस्थापन

३.१ सम्भाव्यता अध्ययन आवश्यक पर्ने / नपर्ने ? पर्नेभए कस्ले गर्ने ?

३.२ अनुमानित आयोजना लागत ?

३.३ आयोजनाको बजेटको स्रोत ?

३.४ कार्यान्वयन कस्ले गर्ने ?

३.५ सञ्चालन कस्ले गर्ने ?

३.६ आयोजना अवधिभर संचालन संभारको लागि चाहिने स्रोत सुनिश्चित गरिएको छ छैन ?

३.७ आयोजनाको सफलता वा यसबाट हुने फाइदा सुनिश्चित गर्न के पूरा गर्नुपर्ने हो?

३.८ आयोजनाको प्रतिकूल वातावरणीय प्रभाव पर्ने नपर्ने ? प्रभाव पर्ने भए सन्तुलन ल्याउन के गर्ने ?

६.४ आयोजना शुरू र सम्पन्न हुने अवधि (Project Phasing) तथा कार्यान्वयन तालिका

आयोजनाहरू छनौट गरी कार्यालयमा आएपछि कति समयावधि भित्र पूरा गर्ने हो सोको रणनीति तय गरिनु अति आवश्यक छ। यस्तो रणनीतिको अभावमा आयोजना शुरु भएको दशौं वर्ष बितिसक्दा पनि धेरै आयोजनाहरू अधुरो रहेका छन्। आयोजनाहरू निश्चित अवधिभित्र पूरा गर्न क्षमता भन्दा बढी आयोजना संचालन गर्नु हुँदैन। साथै कम अवधिभित्र पूरा गर्न सकिने आयोजनाहरूको छनौट गर्नुपर्छ। अतः यस शिर्षकअन्तर्गत छनौट गरिएका आयोजना शुरु तथा सम्पन्न हुने अवधिको निर्क्योल गर्नुपर्नेछ।

आजिवियोको पूर्ण अवधि (५-७ वर्ष) मा कार्यक्रमको प्रकृति र प्राथमिकताअनुसार कुन वर्ष कुन कार्यक्रम सञ्चालन गर्ने र त्यसको लागि कति बजेट व्यवस्था छ आदि कुराहरू खुलेको कार्यान्वयन तालिका समेत तयार गर्नुपर्छ। यसका आधारमा पछि कार्यान्वयन तहमा अनुगमन गर्न पनि सजिलो पर्छ। यसको नमुना अनुसूची-१७ मा समावेश गरिएको छ।

६.५ प्रस्तावित भू–उपयोग तथा जिल्ला विकासको भौगोलिक खाका

(Land use and spatial structure)

कुनै पनि किसिमको विकास भूमि (land) सँग सम्बन्धित हुन्छ वा विकासको असर भूमिमा पर्ने हुन्छ। अतः विकासको क्रममा भू-उपयोगमा परिवर्तन आउँछ। साथै भौगोलिक विकास खाकामा परिवर्तन आउने हुन्छ। अतः आजिवियो अवधिमा हुने लगानी तथा पूर्वाधार विकासले भू-उपयोग तथा भौगोलिक स्वरूपमा कस्तो परिवर्तन ल्याउने सोचाइ राखिएको छ सोको विवेचना यस शिर्षकअन्तर्गत गरी प्रस्तावित भू-उपयोग तथा भौगोलिक स्वरूपमा कस्तो परिवर्तन ल्याउने सोचाइ राखिएको छ सोको विवेचना यस शिर्षकअन्तर्गत गरी प्रस्तावित भू-उपयोग तथा भौगोलिक स्वरूपलाई यथाशक्य नक्शाबाट देखाउनुपर्नेछ।

६.६ संगठनात्मक संरचना र विकास व्यवस्थापन

६.६.१ जिम्मेवारी तालिका

यस तालिकामा कुन कार्यक्रम कसले सञ्चालन गर्ने, कसले अनुगमन गर्ने र कुन निकायले सहयोगीको भूमिका निर्वाह गर्ने भन्ने कुरा तय गरिन्छ। यसले पछि अनुगमन तथा मूल्यांकन कार्यमा पनि सघाउ पुऱ्याउँछ। आवधिक योजनाले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूको कार्यान्वयन मूलत विषयगत कार्यालयहरू, गैरसरकारी संस्था/सामुदायिक सङ्घसंस्थामार्फत् एवम् निजी क्षेत्रको परिचालनद्वारा गरिनु उपयुक्त हुन्छ। यसमा जिल्ला विकास समितिले संयोजक, उत्प्रेरक, सहयोगी र समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्दछ।

प्रस्तुत आवधिक योजनाको दायरा (framework) भित्र रहेर यसले निर्धारण गरेका लक्ष्य र उद्देश्य प्राप्तिका लागि सहभागितामूलक पद्धतिद्वारा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिनुपर्छ अर्थात् वार्षिक कार्यक्रम र बजेट आजिवियोकै एक अभिन्न अंग हो। (अगाडि तालिका १७ र १८ हेर्नुहोस्) स्थानीय स्वायत्त शासन ऐन र नियमावलीले निर्धारण गरेअनुसार जिम्मेवारी तालिका तयार गर्दा जिल्ला विकास समितिको भूमिका मूलतः देहायका कुराहरूमा केन्द्रित रहने गरी निर्धारण गरिनुपर्छ।

- जिल्लाको योजना तर्जुमाको केन्द्रविन्दु (district planning agency)।
- जिल्लाका लागि विभिन्न साझेदारहरू परिचालन गरी विकास कार्य अघि बढाउने उत्प्रेरक एवम् समन्वयकर्ता संस्था।
- योजना कार्यान्वयनको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन गर्ने जिल्लास्तरीय मुख्य निकाय।
- जिल्ला विकासको नीति निर्माता।
- जिल्लावासीहरूलाई विभिन्न एजेन्सी र सङ्घसंस्थामार्फत सेवा र सुविधा पुऱ्याउने जिम्मेवारी लिएको मुख्य निकाय (service ensuring agency)।

जिम्मेवारी तालिकाको नमुना तल दिइएको छ ।

तालिका नं. २०   जिम्मेवारी तालिकाको नमुना

उद्देश्य	कार्यक्रम	जिम्मेवारी			कैफियत
		समन्वयकर्ता	कार्यान्वयनकर्ता	सहयोगी	
१.					
२.					

लक्षित कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्दा लक्षित वर्गमा सकेसम्म बढी लाभ पुग्ने, न्यायोचित हुने एवम् आर्थिक प्रभावकारिता (cost-efficiency) समेतका आधारमा देहायबमोजिम वैकल्पिक व्यवस्थापन पद्धतिसमेत आवश्यकतानुसार अवलम्वन गर्न सकिन्छ ।

- वस्तु वा सेवा प्रभावकारी रूपमा लक्षित वर्गसम्म पुऱ्याउन करार र सम्झौता (contracting out) विधिसमेत अपनाउने ।
- उपभोक्ता, समिति, गैरसरकारी संस्था र सामुदायिक सङ्गठन एवम् स्थानीयस्तरका अन्य सङ्घसङ्गठनमार्फत् कार्यक्रम सञ्चालन गर्ने । साझेदारकि आधारमा समेत कार्यक्रम सञ्चालन गर्ने ।
- विकास कार्यमा नागरिक समाजलाई अधिकतम परिचालन गर्ने ।
- निजी र व्यावसायिक सङ्गठनहरूको स्रोतसाधन र सीपको उपयोग गर्न साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

६.६.२ अनुगमन तथा मूल्यांकन पद्धति

दरिलो अनुगमन र मूल्यांकन पद्धतिले नै कार्यान्वयनलाई बढी प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउँछ । त्यसैले योजना कार्यान्वयन गर्दा अनुगमन कसले, कसरी गर्ने, त्यसको तौरतरिका के हुने, अनुगमनबाट देखिएका कुराहरूका आधारमा कार्यान्वयन पक्ष कसरी सुधार्ने आदि लगायत नियमित, मध्यावधि र अन्तिम मूल्यांकन कुन निकायले कसरी गर्ने र उत्तरदायित्वको पक्ष कस्तो हुने भन्ने कुरा समेत योजना दस्तावेज यसमा स्पष्ट गरिनुपर्छ । अनुगमन गर्दा देहायका कुराहरूको आधारमा गर्न सकिन्छ ।

(क) कार्यान्वयन योजना (अनुसूची-१७)

(ख) आयोजना विवरण तालिका

(ग) जिम्मेवारी तालिका

(घ) स्थानीय स्वायत्त शासन ऐनको दफा ११ मा उल्लेखित देहायबमोजिमका आधारहरू

- सम्पन्न भएका प्रत्येक आयोजनाको एक वर्षपछि प्रभाव मूल्यांकन गर्ने ।
- सञ्चालन भइरहेका आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्यांकन प्रत्येक ६ महिनामा गर्ने ।
- सम्पन्न भएका आयोजनाको मर्मत संभारसम्बन्धी व्यवस्थाको मूल्यांकन प्रत्येक वर्ष गर्ने ।
- आयोजनाबाट लाभान्वित समुदायको किसिम र परिणाम पहिचान गर्ने ।

- आयोजनाबाट भएको उत्पादन वृद्धि एवम् रोजगारीको अवसरहरू पहिचान गर्ने ।
- आयोजनाबाट पर्यावरणमा परेको प्रभाव पहिचान गर्ने ।

(ङ) आयोजनाको हकमा स्थानीय स्वायत्त शासन नियमावलीको नियम २०६ मा उल्लेखित देहायबमोजिमका आधारमा समेत आयोजनाको प्रभाव मूल्यांकन गर्नुपर्ने:

- सामाजिक प्रभाव
- आर्थिक प्रभाव
- सेवा सुविधा
- वातावरणीय प्रभाव

अनुगमन तथा मूल्यांकन प्रणालीको छनौट तथा निर्धारण देहायका कुराहरू (factors) लाई ध्यानमा राखी गर्नुपर्छ ।

- **के कुराको लेखाजोखा गर्नुपर्ने हो** (what should be measured): अजिवियोमा उठेका महत्वपूर्ण मुद्दाहरू (crucial issues) हरूको समाधानको स्थिति के छ वा आजिवियो अवधि भित्र गरिएका गतिविधिले यी समस्याहरूमा कस्तो प्रभाव पारेको छ सो सम्बन्धी लेखाजोखा गर्न अवाश्यक हुने हुँदा के के कुराको लेखाजोखा गर्ने हो सो को आधारमा अनुगमन तथा मूल्यांकन प्रणाली निश्चित गर्नुपर्छ । यसका लागि प्रत्येक विषयगत क्षेत्रका लागि महत्वपूर्ण सूचकहरू (indicators) छनौट गर्न सकिन्छ । (अनुसूची-१५)
- **कसको लागि यस्तो लेखाजोखा गर्नुपर्ने हो** (for whom it should be measured): अनुगमन/मूल्यांकन नतिजाको प्रयोगकर्ता को हुन् सो को पहिचान गरी प्रयोगकर्ताको आवश्यकताको आधारमा सूचना वा सूचकहरू निर्माण गर्नुपर्दछ । प्रयोगकर्ताको आधारमा सूचकहरू (indicators) लाई चार प्रकारमा विभक्त गर्न सकिन्छ ।

    (१) **लगानी तहका आधारभूत सूचक वा गतिविधि सूचक** (input indicator): आयोजना वा कार्यक्रम कार्यान्वयन वा गर्नुपर्ने गतिविधि के के हुन् ? कार्यक्रम/आयोजनालाई निर्दिष्ट समयमा पूरा गर्न कुन कुन गतिविधि कहिले गर्नुपर्ने हो ? के कस्तो सेवा र सुविधा प्रदान गर्ने हो ? स्रोत र साधनको लगानी कति र कसरी गर्ने आदि कुराहरू प्रारम्भमा निश्चित गरी कार्ययोजना (plan of operation) तयार गरिएको हुन्छ । उल्लेखित कुराहरू ठीक समयमा भए नभएको अनुगमनको लागि मुख्य मुख्य गतिविधि (milestone activities) लाई गतिविधिसूचक (input indicator) को रूपमा पहिचान गर्नुपर्छ। यसप्रकारको सूचक आयोजना तथा कार्यक्रम कार्यान्वयनकर्तालाई आवश्यक पर्छ ।

    (२) **प्रतिफल सूचक** (performance/output indicators): आजिवियो कार्यान्वयनबाट निस्कने नतिजालाई नापजाँच गर्नका लागि प्रतिफल सूचकको आवश्यकता रहन्छ । उदाहरणार्थ मल, विउ, कृषि ऋण, प्रसार सेवाहरू input हुन् भने कृषि उत्पादन प्रतिफल (output) हो। प्रतिफल सूचकको प्रयोगकर्ता अनुगमन गर्ने तथा सुपरिवेक्षण गर्ने निकाय हुन सक्छ ।

    (३) **असर सूचक** (effect indicators): आजिवियो कार्यान्वयनबाट निस्कने नतिजाको के कस्तो असर पऱ्यो सो नापजाँचको लागि असर सूचकहरूको आवश्यकता रहन्छ । उदाहरणार्थ कृषि उत्पादन वृद्धि भएपछि कृषक परिवारको आय (income) वृद्धि हुन्छ। यसप्रकारको सूचकको प्रयोगकर्ता योजना तथा नीतिनिर्माण तहमा रहने निकायहरू हुन सक्छ ।

(४) **प्रभाव सूचक** (impact indicators): आजिवियो कार्यान्वयनबाट हुने असरको के कस्तो प्रभाव पर्‍यो सो नापजाँचको लागि प्रभाव सूचकहरूको आवश्यकता रहन्छ। उदाहरणार्थ कृषक परिवारको आय (income) वृद्धि भएपछि कृषक परिवारको आयस्तर (income level) मा वृद्धि हुन्छ। यसप्रकारको सूचकको प्रयोगकर्ता योजना तथा नीति निर्माण तहमा रहने निकायहरू हुन सक्छ।

आजिवियो तर्जुमाका क्रममा अनुगमन प्रणाली स्पष्ट रूपमा तय गरी अनुगमनको कार्ययोजना तयार गर्नुपर्छ । स्थानीय स्वायत्र शासन ऐनमा उल्लेखित माथि वर्णन गरिएका कुराहरूका अतिरिक्त देहायका कुराहरूको कार्ययोजना तयार गर्नु उपयुक्त हुन्छ।

- **यस्तो लेखाजोखा कसरी गर्ने हो** (how it should be measured ?): निर्धारण गरिएका सूचकहरूले स्थितिमा आएको परिवर्तनलाई नापजाँच गर्न सक्छ कि सक्दैन भन्ने विषयमा व्यापक छलफल हुन आवश्यक छ।
- **तथ्यांक/सूचना कसरी संकलन गर्ने** ? (how data should be collected): सूचक सम्बन्धी तथ्यांकहरू विश्वसनीय र भरपर्दो हुनका लागि यो कसरी कसबाट भएको हो भन्ने कुरा प्रष्ट हुनुपर्दछ। तथ्यांकको स्रोत र संकलन तरिका भरपर्दो छ छैन शुरुमै छलफल गरी टुंगो लगाउनुपर्छ।
- **सूचना कहिले र कस्तो रूपमा आवश्यक पर्ने हो** (when and in what form information is needed): सूचनाहरू आवश्यक हुने बेला उपलब्ध हुन सक्ने स्थितिलाई सुनिश्चित गर्न सूचना कहिले र कस्तो रूपमा आवश्यक पर्छ सो को अग्रिम रूपमा अनुमान गर्नुपर्छ।
- **सूचना संकलन, विश्लेषण तथा प्रस्तुत कसले के कति समयमा गर्ने हो** (who will collect, analyze, and present the information): अनुगमन तथा मूल्यांकनको लागि सूचना संकलन, विश्लेषण तथा प्रस्तुतिको जिम्मेवारी कसको हो र यसको लागि कति स्रोत तथा समय लाग्छ सो को समेत व्यवस्था गर्नुपर्छ।

साथै अनुगमन कार्ययोजनालाई सहयोग पुग्ने गरी सूचना संकलन, प्रशोधन एवम् विश्लेषणको लागि प्रतिवेदन लिने र दिने जिम्मेवारी किटान गरी उपयुक्त संयन्त्र समेत तयार गर्नुपर्दछ।

नवौ योजनाले गरिवी निवारणलाई वृहद् लक्ष्यको रूपमा अंगिकार गरेको परिप्रेक्ष्यमा गरिवी रेखा मुनि रहेका जनसंख्याको गुणस्तरीय आधारभूत सेवा (quality basic services) र आर्थिक अवसरहरूको पहुँचमा अभिवृद्धि गर्ने तथा तिनीहरूको संस्थागत निर्माण गरी राज्य व्यवस्था (governance) मा प्रभावकारी सहभागिता बढाउने कार्य भए नभएको अनुगमन तथा मूल्यांकन गर्न आवश्यक रहन्छ। यसका लागि केही सूचकहरूको नमूना देहाय बमोजिम छ।

तालिका नं. २१ विषयगत रूपमा माग तथा आपूर्तितर्फको सूचकहरूको नमूना

विषयगत क्षेत्र	**मागतर्फको सूचक** (demand side)	**आपूर्तितर्फको सूचक** (supply side indicator)
• **खाद्य तथा पोषण**	• शिशुहरूको जमरा कम्तिमा २.५ किलोको हुनुपर्ने। • पाँच वर्ष मुनिका शिशुहरू कम तौल (severly or moderately underweight) नहुनुपर्ने।	• कुपोषित बालबालिकालाई पुनःस्थापित (rehabilitated) गर्नुपर्ने। • बालबालिका तथा आमालाई micro-nutrient supplements प्रदान गर्ने।

विषयगत क्षेत्र	मागतर्फको सूचक (demand side)	आपूर्तितर्फको सूचक (supply side indicator)
	• गर्भवती तथा सुत्केरी आमा (pregnant and lactating mother) लाई iron तथा iodine को कमी नहुनुपर्ने ।	• आमा शिशु स्याहार सम्बन्धी प्रसार सेवा संचालन गर्नुपर्ने । • खाद्य उत्पादन तथा वृद्धि कार्यक्रम परिवार तथा समुदायसम्म पुगेको हुनुपर्ने ।
• **स्वास्थ्य**	• तालिमप्राप्त स्वास्थ्यकर्मीको रेखदेखमा शिशु जन्म हुनुपर्ने । • एक वर्ष मुनिका सबै शिशुहरूले खोप पाएको हुनुपर्ने । • गर्भवती आमाले टिटानस टोक्साइडको दुई मात्रा पाएको हुनुपर्ने । • पाँच वर्ष मुनिका बालकलाई झाडापखाला (diarrhea episode) एकपटकभन्दा बढी नलाग्नुपर्ने । • रोकथाम गर्न सकिने रोगबाट परिवारमा कसैको मृत्यु नहुनु पर्ने । • विवाहितहरूमा परिवार नियोजन सेवा पुगेको हुनुपर्ने ।	• प्रारम्भिक स्वास्थ्य सेवा (primary health care facilities) को लागि ६ कि.मि. भन्दा बढी हिंड्नु नपर्ने । • डाक्टर भएको सरकारी वा निजी क्लिनिकमा पहुँच । • सामान्य रोकथाम गर्न सकिने रोगहरू (निमोनिया, झाडापखाला आदि) को पर्याप्त व्यवस्थापन गर्न सक्ने स्वास्थ्यकर्मी तथा दबाइ/औषधिहरूको उपलब्धता स्थिति • स्वास्थ्य चौकीहरूमा एक महिनाको लागि चाहिने अत्यावश्यक दबाइ/औषधिहरूको मौज्दात हुनुपर्ने (essential drugs) । • तालिमप्राप्त स्वास्थ्यकर्मी (trained community health worker) प्रत्येक वडामा कम्तीमा एउटा हुनुपर्ने । • क्षयरोग लक्षणहरू जाँची सकेको निदान गर्नुपर्ने । • स्कूले विद्यार्थीहरूलाई जुका तथा अन्य परजिवी नियन्त्रण दबाइ/औषधि प्रदान गरेको हुनुपर्ने ।
• **खानेपानी तथा सरसफाइ**	• खानेपानीको लागि एक परिवारले १० मिनेटभन्दा बढी हिंड्नु नपर्ने । • प्रत्येक घरमा स्वच्छ चर्पी (water-seated, flush type) हुनुपर्ने ।	•
• **सार्वजनिक सुरक्षा**	• व्यक्ति विरूद्ध हुने अपराध (हत्या, बलात्कार, दुर्व्यवहार, शारीरिक तथा मानसिक चोटपटक आदि) बाट परिवार सदस्य सुरक्षित हुनुपर्ने । • सम्पत्ति विरूद्ध हुने अपराध (डकैति, चोरी, बलजफ्ती, चन्दा संकलन, आदि) बाट परिवार सदस्य सुरक्षित हुनुपर्ने ।	• दैवीप्रकोप उद्धार समिति प्रभावकारी हुनुपर्ने । • प्राकृतिक प्रकोप व्यवस्थापनको लागि समिति सक्षम हुनुपर्ने ।

विषयगत क्षेत्र	मागतर्फको सूचक (demand side)	आपूर्तितर्फको सूचक (supply side indicator)
	• प्राकृतिक प्रकोपबाट परिवार सदस्य पीडित नहुनुपर्ने ।	
• **आधारभूत शिक्षा तथा साक्षरता**	• तीनदेखि पाँच वर्षका बालबालिका शिशु स्याहार केन्द्र वा पूर्व प्राथमिक विद्यालय जाने गरेको • ६ देखि १२ वर्षका बालबालिका प्रारम्भिक स्कूल (elementary school) जाने गरेका • १३-१६ वर्षका विद्यार्थी माध्यमिक विद्यालय जाने गरेका • दश वर्ष माथिका परिवार सदस्यहरुले लेखपढ तथा साधारण गणित (साक्षर) जान्ने हुनुपर्ने ।	• विद्यालय परित्याग गरेका युवा तथा प्रौढको लागि साक्षरता कक्षा संचालन • शारीरिक रूपले अशक्तहरूको लागि शिक्षा • विद्यार्थी-शिक्षक अनुपात • विद्यार्थी-कोठा/बेन्च अनुपात • साक्षरता दर, विद्यालय जाने दरमा वृद्धि • विद्यालय परित्याग दरमा कमी • सन्तोषजनक विद्यार्थी उत्तीर्ण दर
• **आय तथा जीवनयापन**	• घरमूली रोजगार/पेशामा लागेको • घरको वयस्क सदस्य पेशा/ रोजगारमा लागेको • परिवारको अन्य न्यूनतम स्तर (subsistence threshold level) भन्दा माथि रहेको	• कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि • व्यक्ति तथा सामुदायिक उद्यम संचालनमा वृद्धि • स्थानीय स्तरमा रोजगारीको अवसरहरूमा वृद्धि • स्थानीय उत्पादनको बजारीकरण सेवा • उत्पादन र उत्पादकत्वको वृद्धिका लागि उपयुक्त प्रविधिको विकास तथा प्रवर्द्धन • महिलाहरूको रोजगारीमा वृद्धि • परम्परागत तथा स्थानीय प्रविधिहरूको विकास, सम्बर्द्धन तथा संरक्षण • सहकारिताको विकास • कामदारहरूको सामाजिक सुरक्षा
• **कर्जा सेवा**	• लगानीकर्ताले मागेको बेला कर्जा प्राप्त गरेको	• उत्पादनशील गतिविधिको लागि पर्याप्त मात्रामा कर्जा प्रदान भएको । • उत्पादनशील गतिविधिमा गएको कर्जाको सन्तोषजनक ऋण भुक्तानी दर रहेको । • उत्पादनशील गतिविधिको लागि पहिलो कर्जा (first loan) प्रदान गरिएको । • उत्पादनशील गतिविधिको लागि नयाँ कर्जा (new loan) प्रदान गरिएको ।

विषयगत क्षेत्र	मागतर्फको सूचक (demand side)	आपूर्तितर्फको सूचक (supply side indicator)
• **वातावरण व्यवस्थापन**	• दिगो तथ्य वातावरण मैत्री स्रोत उपयोग तथा उपयुक्त प्रविधिलाई अपनाइएको । • वातावरण मैत्री फोहरमैला व्यवस्थापन प्रणाली स्थापना गरेको । • उपयुक्त भू-उपयोग योजना कार्यान्वियन गरेको ।	•
• **पूर्वाधार विकास**	• घरघरमा विजुली पुगेको • संचार सुविधामा पहुँच • हुलाक सुविधामा पहुँच • बजार सुविधाको स्थापना • बाढी नियन्त्रण सुविधा • सिंचाइ प्रणाली विस्तार • स्वास्थ्य केन्द्र निर्माण • सडक निर्माण तथा सम्भार • पूलपूलेसा निर्माण तथा सम्भार	•
• **स्थानीय क्षमता निर्माण तथा जन-सहभागिता**	• सामुदायिक संस्थामा सदस्यता लिने घर संख्या • स्थानीय गैससहरूको स्थानीय निकायमा प्रतिनिधित्व • समुदायमा बचत परिचालन • सामुदायिक ऋण लगानी	•

६.६.३ मध्यावधि र अन्तिम मूल्यांकन

नियमित रूपमा अनुगमन, मूल्यांकन र समीक्षाका अतिरिक्त आवधिक योजना कार्यान्वयनको तेस्रो वर्षमा स्वतन्त्र पेशाविद् मूल्यांकनकर्ता समेत रहेको टोलीले गहन अध्ययन गरी आवधिक योजनाको मध्यावधि मूल्यांकन गर्ने कुरा समेत दस्तावेजमा उल्लेख गर्नुपर्नेछ। मध्यावधि मूल्यांकन गर्ने टोलीमा रहने अन्य सदस्यहरू र यसको कार्यक्षेत्र र कार्यविधि जिल्ला विकास समितिको सिफारिशमा जिल्ला परिषद्ले निर्णय गरी निर्धारण गरिनु उपयुक्त हुन्छ । मध्यावधि मूल्यांकन टोलीले गरेका सिफारिशका आधारमा आवधिक योजनाको कार्यान्वयन अझ प्रभावकारी रूपमा अघि बढाइनु सहज एवं उपयुक्त हुन्छ ।

मध्यावधि मूल्यांकन गर्दा अन्य कुराहरूका अतिरिक्त सूचकहरूको संख्यात्मक र गुणात्मक स्थिति, सहभागितामूलक पद्धतिको विकास, आवधिक योजना तर्जुमा गर्दाका बखत संकलन हुन नसकेका तर निश्चित समय भित्र संकलन गर्ने भनिएका तथ्यांकहरूको अद्यावधिक स्थिति आदिको समेत वस्तुगत रूपमा मूल्यांकन गरिनुपर्दछ । साथै यसरी थप रूपमा संकलित र अद्यावधिक तथ्यांक र सूचनालाई उपयोग गर्दै जाने परिपाटी बसाल्नुपर्छ ।

साथै आजिवियोको अन्तिम वर्षमा योजनाले निर्धारण गरेका सूचकहरूको आधारमा संख्यात्मक, गुणात्मक र प्रक्रियागत सम्पूर्ण पक्षहरू समेट्ने गरी अन्तिम मूल्यांकन गर्नुपर्दछ । यसको निचोडको विश्लेषणका आधारमा आगामी अवधिको आजिवियो तर्जुमा गर्नुपर्छ ।

६.७ आजिवियो कार्यान्वयनको लागि पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम

६.७.१ आजिवियोको स्वीकृति तथा प्रकाशन

आजिवियो दस्तावेज तयार भइसकेपछि जिल्ला विकास समितिको बैठले पारित गरी स्वीकृतिका लागि जिल्ला परिषद्मा पठाउनु पर्नेछ । जिल्ला परिषद्ले आजिवियोलाई स्वीकृत गरेपछि सो मा प्रतिक्रियाको लागि स्थानीय विकास मन्त्रालय मार्फत् राष्ट्रिय योजना आयोगको सचिवालय तथा विषयगत मन्त्रालयहरूमा पठाउनु पर्नेछ । केन्द्रीय स्तरबाट प्राप्त सुझाव तथा प्रतिक्रिया बमोजिम आजिवियोमा आवश्यक संशोधन गर्नुपर्ने भए सो गरी आजिवियोको प्रकाशन गर्नुपर्छ ।

६.७.२ आजिवियोको कार्यान्वयनको लागि पूर्वतयारी

आजिवियो दस्तावेज पारित भइसकेपछि सोको कार्यान्वयन गर्नको लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सबै सरोकार पक्षबीच समन्वय, समझदारी तथा साझेदारिता गर्नुपर्ने हुँदा सबै सरोकार पक्षहरूको सहभागितामा एक कार्यान्वयन पूर्वतयारी गोष्ठी गर्नु उपयुक्त हुन्छ ।

६.७.३ वार्षिक लगानी कार्यक्रम

आवधिक जिल्ला विकास योजनामा कार्यान्वयनको लागि प्राथमिकताक्रम निर्धारण गरिएका आयोजना तथा कार्यक्रमहरूलाई कार्यान्वयन योजना (implementation design) मा उल्लेख गरिए बमोजिम कार्यान्वयनको लागि वार्षिक बजेट सिलिङ, राष्ट्रिय योजना आयोग तथा विषयगत मन्त्रालयको मार्गनिर्देशनको आधारमा प्रत्येक आर्थिक वर्षमा कार्यान्वयनका लागि वार्षिक लगानी योजना वा कार्यक्रम तयार गर्नुपर्ने हुन्छ । स्थानीय स्वायत्त शासन ऐनले लाभ लागत विश्लेषणका आधारमा आयोजना छनौट गर्नुपर्ने प्रावधान समेत राखेकोले प्राथमिकताक्रममा रहेका आयोजनाहरू कार्यान्वयनको लागि छनौट गर्नु पूर्व ती आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी सम्भाव्य आयोजना वा कार्यक्रमलाई मात्र वार्षिक लगानी कार्यक्रममा समावेश गर्नुपर्छ ।

कार्यक्रम र आयोजनाको सम्भाव्यता अध्ययन

आजिवियोमा समावेश गरिएका आयोजना/कार्यक्रमहरू लगानीको हिसाबले साना, मझौला वा ठूला खालका पनि हुन सक्छन् । आयोजना/कार्यक्रमको आकारको हिसाबले सम्भाव्यता अध्ययन पनि कुनै आयोजना/कार्यक्रमको लागि विस्तृत रूपमा गर्नुपर्ने हुन्छ भने कुनै आयोजना/कार्यक्रमको लागि मोटामोटी रूपमा गर्दा पुग्ने हुन्छ । आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन गर्दा दृष्टिगत गर्नुपर्ने कुरा निम्नबमोजिम छन् ।

सम्भाव्यता अध्ययन के हो ?

यो एक प्रक्रिया हो जसबाट प्रस्तुत आयोजना उपलव्ध बजार, प्राविधिक, वित्तीय तथा आर्थिक दृष्टिकोणले संचालन योग्य (viable) छ छैन भन्ने निर्धारण गर्न सकिन्छ। स्रोत तथा साधनको सीमितताले गर्दा स्थानीय चाहनाका सबै आयोजना कार्यान्वयन गर्न नसकिने हुँदा प्रतिस्पर्धामा रहेका संभावित आयोजनाहरूमध्येबाट सबैभन्दा उत्तम आयोजना छनौट गर्न सम्भाव्यता अध्ययनले मद्दत गर्दछ। यसले आयोजना व्यवहारिक (practical) तथा धान्न सकिने (viable) छ छैन भन्ने छानबीन गर्दछ।

सम्भाव्यता अध्ययनको मुख्य मुख्य अंगहरू
(Major components of the feasibility study)

सम्भाव्यता अध्ययन अन्तर्गत देहायका विश्लेषणहरू गरिन्छ।

- बजार विश्लेषण (market analysis)
- प्राविधिक विश्लेषण (technical analysis)
- वित्तीय विश्लेषण (financial analysis)
- आर्थिक विश्लेषण (economic analysis)
- वातावरणीय विश्लेषण (environmental analysis)
- लैंगिक विश्लेषण (gender analysis)
- संगठन व्यवस्थापन विश्लेषण (operational analysis)

बजार विश्लेषण

आयोजनाको प्रतिफल (output) को अन्तिम प्रयोगकर्ता (end-users) को को हुन् ? आयोजनाबाट निस्कने उत्पादन वा सेवाको माग के कति छ तथा के कति बजार मूल्यमा सो उपलब्ध छ भन्ने प्रश्नको उत्तर बजार विश्लेषणमा खोजिन्छ। यसले निश्चित उत्पादनको माग-आपूर्ति स्थितिको लेखाजोखा गर्दछ।

प्राविधिक विश्लेषण

लक्षित वर्ग वा बजारले अपेक्षा गरे अनुरूपको गुणस्तर, परिमाण, लागत तथा समयमा आयोजनाले उत्पादन वा सेवा प्रदान गर्न सक्छ वा सक्दैन भन्ने कुराको लेखाजोखा प्राविधिक विश्लेषणबाट निर्धारण गरिन्छ। आयोजनाको प्राविधिक विश्लेषणमा देहायका कुराहरूको विश्लेषण गर्नुपर्छः

- आयोजनाको आकार, आयोजना स्थल तथा प्रविधि आवश्यकता वा माग अनुरूपको छ छैन तथा उपयुक्त छ छैन ?
- आयोजनाको हरेक प्राविधिक पक्ष (all technical features) स्पष्ट गरी परिभाषित गरिएको छ छैन तथा कतिको व्यवहारिक (workable), पूर्ण (adequate) तथा सामाजिक रूपले स्वीकारयोगय (socially acceptable) छ ?
- आयोजनाको लागि चाहिने सामग्रीहरू (input resources) आवश्यक परिमाण तथा गुणस्तरको उपलब्ध छ छैन ?

- आयोजनाले निरन्तर रूपमा विश्वसनीय ढंगले अपेक्षा गरे अनुरूप सेवा सामग्री उत्पादन गर्न सक्छ सक्दैन ।
- स्थानीय तहबाट मर्मत संभार गर्न प्राविधिक रूपमा कत्तिको सम्भव छ ।

वित्तीय विश्लेषण

आयोजना व्यापारिक दृष्टिकोणले ग्राह्य (commercial viability) छ छैन भन्ने वित्तीय विश्लेषणले निर्धारण गर्दछ । आयोजनाले ऋण लगानी (debt obligations) तथा संचालन खर्च (cost of operation) उठाउन सक्ने क्षमता छ छैन भन्ने लेखाजोखा गर्दछ । वित्तीय विश्लेषणले देहायका कुराहरू स्पष्ट पार्छ ।

- आयोजनामा के कति पूँजीको आवश्यक पर्छ ।
- आवश्यक पूँजीको लगानी स्रोत (funding source) के हुन सक्छ ।
- आयोजनाको वित्तीय उपलब्धि (financial performance) सन्तोषजनक छ छैन ।

कृषि विकास आयोजनाको वित्तीय विश्लेषण गर्दा फार्म आय विश्लेषण (farm income analysis) गर्न सकिन्छ । कृषि फार्ममा थप लगानी गर्दा के कति थप आय प्राप्त हुन्छ भन्ने लेखाजोखा गर्नुपर्छ । कतिपय आजोनाहरू वित्तीय दृष्टिकोणले ग्राह्य (viable) नभए पनि सामाजिक रूपले फाइदाजनक (socially beneficial) हुने हुँदा कार्यान्वयन गर्नुपर्ने स्थिति आउने हुन्छ ।

आर्थिक विश्लेषण

आर्थिक विश्लेषणले आयोजना समुदायको लागि कत्तिको फाइदाजनक छ भन्ने निर्धारण गर्दछ । आयोजनाले जिल्ला/राष्ट्रको आर्थिक तथा सामाजिक हित (welfare) मा कत्तिको योगदान (net contribution) पुऱ्याउँछ भन्ने लेखाजोखा गर्छ । आयोजनाको लागत (cost) भन्दा फाइदा (benefit) बढी भयो भने त्यो आर्थिक दृष्टिकोणले ग्राह्य (viable) हुन्छ ।

वातावरणीय विश्लेषण

आयोजनाको वातावरणमा हुने असर उल्लेखनीय (significant) भएको खण्डमा छुट्टै "वातावरणीय प्रभाव मूल्यांकन (environmental impact assessment/EIA)" गर्नुपर्ने हुन्छ । के कस्तो आयोजनाहरूको लागि प्रारम्भिक वातावरणीय मूल्यांकन (intial environmental examination/IEE) गर्नुपर्ने हो वा के कस्तो आयोजनाको लागि EIA आवश्यक पर्छ सो सम्बन्धीत ऐन नियममा उल्लेख गरिएको छ । ऐन र नियममा व्यवस्था भए बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन गराएर मात्र आयोजना कार्यान्वय गर्नुपर्ने हुन्छ ।

आयोजनाले वातावरणमा के कस्तो प्रभाव पार्छ, सो प्रभाव उल्लेखनीय (significant) छ छैन तथा आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावलाई घटाउन (mitigation) सकिन्छ वा सकिदैन । घटाउन सकिने भए के कस्तो घटाउने उपायहरू (migitation measures) गर्न सकिन्छ, तथा वातावरणीय असर घटाउने कार्यको अनुगमन तथा मूल्यांकन प्रणाली कस्तो हुनुपर्ने हो भन्ने तथ्यहरू वातावरणीय विश्लेषणले निर्धारण गर्छ ।

लैंगिक विश्लेषण

यसमा कुनै पनि आयोजना वा कार्यक्रमले महिला र पुरुषमध्ये कुन वर्गलाई बढी फाइदा पुग्छ; सामाजिक समानता र कार्यबोझमा सन्तुलन ल्याउनमा उक्त आयोजना वा कार्यक्रमले कतिको मद्दत पुऱ्याउँछ वा पुऱ्याउँदैन भन्ने कुराहरूको विवेचना र विश्लेषण गरिनुपर्छ । (अनुसूची-९)

संगठन व्यवस्थापन विश्लेषण

यसप्रकारको विश्लेषणले आयोजना कार्यान्वयनको लागि उपयुक्त संगठनात्मक स्वरूप कस्तो हुनुपर्ने हो, आयोजनाको लागि के कति जनशक्तिको आवश्यकता पर्दछ, आयोजना कार्यान्वयन गर्ने वर्तमान संगठनको क्षमता कस्तो छ भन्ने विषयको विवेचना गर्दछ ।

यसका साथै आयोजनाको व्यवहारिकता (practicability) तथा आवश्यकता (desirability) मा असर पार्ने राजनीतिक, संस्थागत, सामाजिक, सांस्कृतिक जस्ता महत्वपूर्ण पक्षलाई समेटी विश्लेषण गर्दछ ।

आयोजनाको सम्भाव्यता अध्ययन गर्दा विचार पुऱ्याउनु पर्ने प्रमुख कुराहरूको सूची (checklist) तलको तालिकामा दिइएको छ । साथै ठूला आयोजनाहरूको लागि तयार गरिने विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयसूचीको नमूना पनि तल दिइएको छ ।

तालिका नं. २२ आयोजनाको सम्भाव्यता अध्ययन गर्दा विचार गर्नुपर्ने कुराहरू (एक नमूना)

खण्ड (Component)	**उद्देश्य** (Objective)	**नतिजा** (Output)	**गर्नुपर्ने कार्यहरू** (Scope of work/inputs)
बजार विश्लेषण Market Analysis	आयोजनाबाट उत्पादित सामग्री वा सेवाको कति माग छ ? के कति बिक्री हुन सक्छ तथा के कति बिक्री गर्नुपर्छ भन्ने निर्धारण गर्ने ।	माग/आपूर्ति स्थिति विश्लेषण	• उत्पादित सामग्री/सेवाको लागि विद्यमान माँग तथा आपूर्तिको अनुमान • भविष्यमा हुने माँग र आपूर्तिको प्रक्षेपण
प्राविधिक विश्लेषण Technical Analysis	लक्षित वर्ग वा बजारले अपेक्षा गरे जस्तो गुणस्तर, परिमाण, लागत तथा समय अनुरूपको सामग्री वा सेवा उत्पादन गर्न सकिने वा नसकिने निर्धारण गर्ने ।	• उत्पादन विवरण (product specification) • लगानी तथा प्रक्षेपित लागत उत्पादन	• बजार विवरण (market specification) • बिक्री/प्रक्षेपण/स्टक नीति • वैकल्पिक प्रविधिहरू • उत्पादन सामग्री, परिमाण तथा लागत
वित्तीय विश्लेषण Financial Analysis	आयोजनामा के कति पूँजीको आवश्यकता छ, आवश्यक पूँजी कताबाट जुटाउने तथा आयोजनाको वित्तीय उपलब्धि सन्तोषजनक छ वा छैन सो निर्धारण गर्ने ।	• कूल आयोजना लागत • कोषको स्रोत (source of funds) • नाफा र नोक्सानी प्रक्षेपण • नगद प्रवाह (cash flow) • आम्दानी खर्च विवरण (balance sheet) • वित्तीय अनुपात विश्लेषण	• स्थिर पूँजी लगानी • कार्य सञ्चालन पूँजी • ऋण लगानी • बिक्री तथा लागत
आर्थिक विश्लेषण Economic Analysis	सामाजिक आर्थिक दृष्टिकोणबाट आयोजना आवश्यक छ छैन निर्धारण गर्ने	सामाजिक आर्थिक फाइदाहरू	• लाभ लागत विश्लेषण
वातावरणीय विश्लेषण Env'tal Analysis	आयोजना वातावरण मैत्री छ छैन निर्धारण गर्ने	आयोजनाको वातावरणमा हुने नकारात्मक तथा सकारात्मक असरहरू	• प्रारम्भिक वातावरण मूल्यांकन • वातावरण प्रभाव मूल्यांकन
संगठन/व्यवस्थापन विश्लेषण O & M Analysis	आयोजनाको उपयुक्त संगठनात्मक स्वरूप, जनशक्तिको आवश्यकता तथा संचालन अवधि निर्धारण गर्ने	• संगठनात्मक ढाँचा • जनशक्ति आवश्यकता • आयोजनाको समय सारिणी	• संगठनात्मक स्वरूप विश्लेषण • बजारीकरण, उत्पादन, प्रशासन, लेखा, संचालनको लागि कर्मचारी आवश्यकता विश्लेषण • बजारीकरण, उत्पादन, संचालन योजना

तालिका नं. २३ सम्भाव्यता अध्ययन फर्मेटको नमूना

१. **आयोजना विवरण (Project Profile)**

- आयोजनाको प्रकृति, मुख्य कार्यहरू, महत्वपूर्ण स्वरूप
- आयोजना स्थल
- लक्षित वर्ग
- वित्तीय आवश्यकता
- कार्यान्वयन गर्ने निकाय
- बजार, प्राविधिक, वित्तीय, आर्थिक, वातवारणीय तथा संगठनात्मक दृष्टिकोणले आयोजना ग्राह्य छ छैन सो को विवेचना

२. **पृष्ठभूमि (Background)**

- आयोजनाले समाधान गर्ने समस्या वा अवसरको विवरण
- आयोजनाको औचित्य (rationale or justification)
- प्रभावित क्षेत्रको विवेचना तथा आयोजनाको अन्तरसम्बन्ध

३. **बजार अध्ययन (Market Study)**

- आयोजनाले प्रदान गर्ने सेवा तथा सुविधा वा उत्पादन सामग्रीको विगत, वर्तमान तथा भविष्यमा हुने माँगको विश्लेषण
- त्यस्तो सेवा/सुविधा वा उत्पादन सामग्रीको स्रोतहरू र विगत तथा विद्यमान आपूर्ति स्थितिको विश्लेषण
- अन्य बजार सम्बन्धी पक्षहरूको विश्लेषण
- बजार सम्बन्धी सम्भाव्यता अध्ययनको निचोड

४. **प्राविधिक पक्षको अध्ययन (Technical Study)**

- आयोजना कार्यान्वयन गर्ने वैकल्पिक उपायहरूको प्राविधिक सम्भाव्यता
- भौतिक स्रोत आवश्यकता
- सामाजिक सम्भाव्यता (प्रविधिको उपयुक्तता, जनसहभागिता, सामाजिक बाधा अड्चनहरू)
- निर्माण कार्ययोजना तथा संचालन
- प्राविधिक अध्ययनको निचोड

५. **लागत लाभ विश्लेषण (Cost Benefit Study)**

- आयोजनाको जीवनकाल (life time) भर लाग्ने लागत (cost)
  - पूँजीगत लागत
  - संचालन तथा सम्भार लागत
- आयोजनाको जीवनकाल (life time) भर हुने फाइदाहरू

सन्दर्भ सामग्रीहरू (References)

Adhikari Damodar (1998), ***Towards a Sustainable Solid Waste Collection Approach, A Case Study of Batangas City, Philippines,*** School of Urban and Regional planning, University of the Philippines, Diliman, Queson City.

Advisories for Local Development Investment Programme (1994), ***Guidelines for Local Planning,*** NEDA/DILD/League of Province, municipalities, Vities and Liga NG MGA Barangay, Philippines.

Asian Regional Environmental Assessment Programme, (1996), ***EIA Training Manual for Professionals and Managers***, The World Conservation Union (IUCN), Kathmandu, Nepal.

Bernd Jenssen (Ed.), (1992), ***Planning as Dialogue: Selected Methods in District Development Planning and Management***, University of Dortmund, Germany.

Canadian Co-operation Office (1995), ***Gender Analysis Guidelines,*** Kathmandu, Nepal

Deutsche Gesellschaft fur Technische Zusammenarbeit (GTZ), (1989), ***Managing On-site Project Implementation: A Guideline,*** Federal Republic of Germany.

Economic and Social Commission for Asia and the Pacific, (1979), ***Guidelines for Rural Centre Planning,*** United Nations, New York.

Guy Benveniste (1989), ***Mastering the Politics of Planning: Crafting Credible Plans and Policies That Make a Difference***, Jossey-Bass Publishers, London.

H. Detlef Kammeier and Peter J Swan (Ed.))1984), ***Equity with Growt: Planning*** **Perspectives for Small Towns in Developing Countries,** AIT, Bangkok

Law Books Management Board, (2055), ***Local Self-Governance Act, 2055,*** Ministry of Law and Justice, HMG/Nepal, Kathmandu.

Law Books Management Board, (2056), ***Local Self-Governance Regulations, 2056,*** Ministry of Law and Justice, HMG/Nepal, Kathmandu.

National Economic and Development Authority (1984), ***Project Development Manual***, Republic of the Philippines, Manila

National Economic and Development Authority (1984), ***Project Development Manual,*** Republic of the Philippines, Manila, the Philippines.

National Economic and Development Authority, (1995), ***Guidelines for the Preparation of the Regional Physical Framework Plan,*** Republic of the Philippines,

National Planning Commission (2055), ***The Ninth Plan***, His Majesty's Government of Nepal, Kathmandu

Nicholas Schall (1993), ***Appropriate Techniques for Regional Development Planning and Management,*** SPRING Working Papers, University of Dortmund, Germany.

Participatory District Development Programme, (2000), ***District Development Planning and Management: Manual for District Development Planners,*** NPC/MLD/UNDP, Kathmandu, Nepal

Rondinelli, D.A. (1985), ***Applied Methods of Regional Analysis: The Spatial Dimentions of Development Policies,*** *West View Press-London*.

School of Urban and Regional Planning, University of the Philippines and Facultat Raumplanung, SPRING Centrum, University of Dortmund, (1998), ***Comprehensive Development Plan for the Batangas Bay Area,*** Volume I and II, Diliman, Quezon City, Philippines.

School of Urban and Regional Planning, University of the Philippines and Facultat Raumplanung, SPRING Centrum, University of Dortmund, (1997), ***Comprehensive Development Plan for Guimras Provice, Philippines***, Diliman, Quezon City, Philippines.

Society for Environment and Development (1999), ***A Training Manual (Local Self-Governance Act and Regulations) for VDC Officials,*** Kathmandu, Nepal.

Strategic Planning and Policy Division (1999), ***Is a Project Being Managed for Development Results: Integration of RBM Principle in Project Monitoring***, Canadian International Development Agency (CIDA), Asia Branch

Tridiv Borah and Roswitha Piesch (Compiled), (1996), ***Reader on Agriculture,*** University of Dortmund, Germany.

तालिकाहरूको सूची

तालिका नं. १ तथ्यांक र योजनाबीचको सम्बन्ध २१
तालिका नं. २ सहभागितामूलक पद्धति र प्राविधिक पक्ष बीचको सन्तुलित क्रियाकलाप २५
तालिका नं. ३ भिरालोपन वर्गीकरण गर्ने आधार ३०
तालिका नं. ४ कृषि भू–उपयोग किसिम (Agriculture Land Use Type) ३१
तालिका नं. ५ वस्तीहरूको वर्गीकरण ३४
तालिका नं. ६ वस्ती वर्गीकरणका लागि आधारका रूपमा लिइने सेवाको किसिम र प्रकार ३४
तालिका नं. ७ पारिवारिक सम्पन्नताको स्तर ३९
तालिका नं. ८ कूल सीमान्त विश्लेषण (gross margin) (नमूना १) ४१
तालिका नं. ९ प्रमुख उत्पादनको कूल सीमान्त विश्लेषण (gross margin calculation) (नमूना २)...४२
तालिका नं. १० समस्या/सवाल विश्लेषण तालिका ६५
तालिका नं. ११ प्रस्तावित आयोजना/कार्यक्रम सम्बन्धी पंजिका ८०
तालिका नं. १२ द्वन्द्व–परिपूरक–अनुकूल सम्बन्ध विश्लेषणको नमूना ८१
तालिका नं. १३ कार्यक्रम र आयोजनाहरूको प्रारम्भिक सूची ८१
तालिका नं. १४ लक्ष्य प्राप्ति विश्लेषण तालिका (नमूना) ८३
तालिका नं. १५ लक्ष्य प्राप्ति विश्लेषण मूल्यांकनबाट प्राथमिकताक्रम निर्धारण (नमुना) ८४
तालिका नं. १६ पूंजीगत आयोजना प्राथमिकता विश्लेषण (नमुना) ८५
तालिका नं. १७ प्रमुख कार्यक्रम तथा आयोजनाको विवरण ८७
तालिका नं. १८ प्रमुख कार्यक्रमहरू, परियोजना र त्यसका प्रमुख क्रियाकलापहरूको सारांश ८७
तालिका नं. १९ आयोजनाको संक्षिप्त विवरण (नमूना) (Project Briefs) ८८
तालिका नं. २० जिम्मेवारी तालिकाको नमुना ९०
तालिका नं. २१ नवौ योजनामा निर्धारित सूचकहरूको नमूना ९२
तालिका नं. २२ आयोजनाको सम्भाव्यता अध्ययन गर्दा विचार गर्नुपर्ने कुराहरू (एक नमूना) १००
तालिका नं. २३ सम्भाव्यता अध्ययन फर्मेटको नमूना १०१

चित्रहरूको सूची

चित्र नं. १. विभिन्न तहका योजनाहरूबीच अन्तरसम्बन्ध र समन्वय १८
चित्र नं. २. योजना तर्जुमा प्रक्रिया २२
चित्र नं. ३. जोखिम पक्षहरूको लेखाजोखा गर्ने तरिका ७६
चित्र नं. ४. सोचदेखि विभिन्न तहका उद्देश्यहरूबीचको अन्तर्सम्बन्ध ७७
चित्र नं. ५. दीर्घकालीन सोचदेखि कार्यक्रमसम्मको तर्कबद्ध श्रृङ्खला ७८
चित्र नं. ६. तथ्यांक/सूचना विश्लेषण, साझेदारहरूका कार्यक्रम तथा स्थानीय जनचाहनाबीचको सम्मिलन र सन्तुलन ८६

शब्द संक्षेप

आजिवियो	:	आवधिक जिल्ला विकास योजना
STD	:	Sexually Transmitted Diseases
गाविस	:	गाउँ विकास समिति
जिविस	:	जिल्ला विकास समिति
न.पा.	:	नगरपालिका
रा.यो.आ.	:	राष्ट्रिय योजना आयोग
स्था.वि.मं.	:	स्थानीय विकास मन्त्रालय
गैसस	:	गैरसरकारी संस्था
BOT	:	Build, Operate and Transfer

योजनासम्बन्धी केही शब्दावलीहरूको परिभाषा
(Operational Definitions)

आवधिक जिल्ला विकास योजना	:	यसलाई भाग २ को २.१ मा परिभाषित गरिएको छ।
निर्देशक ⁄ विकास सिद्धान्त	:	जिल्लाको समष्टिगत विकासलाई दीर्घकालमा कतातिर लैजाने भन्ने कुरा निर्देशित गर्ने प्रतिबद्धता सहितको व्यापक क्षेत्र समेट्ने बृहत् नीति
लक्ष्य	:	जिल्ला विकास योजनाका समष्टिगत उद्देश्यहरू हासिल भइसकेपछि नजिक पुगिने उच्चतम अवस्था
जिल्ला विकासका उद्देश्य	:	लक्ष्यमा पुग्न योगदान गर्ने आवधिक जिल्ला विकासका समष्टिगत उद्देश्यहरू
कार्यक्रम	:	नतिजा र उद्देश्यहरू परिपूर्तिमा प्रत्यक्ष सहयोग पुऱ्याउने क्रियाकलापहरू समेट्ने बृहत् गतिविधि
रणनीति	:	भीविष्यमा हासिल गर्न राखिएको लक्ष्य वा उद्देश्य हासिल गर्न मौजुदा अवस्थामा लिइनुपर्ने नीतिगत कदम
गतिविधि	:	कार्यक्रमलाई कार्यान्वयनमा प्रत्यक्ष सहयोग पुऱ्याई नतिजा हासिल गर्न सहयोग गर्ने क्रियाकलापहरू
सूचक	:	आशातित प्रतिफल प्राप्त भए नभएको वस्तुगत, परिमाणात्मक र गुणात्मक रूपमा मापन गर्ने आधार
जोखिम पक्ष	:	योजना व्यवस्थापनको नियन्त्रणमा नरहेको, तर योजनाको लक्ष्य, उद्देश्य र नतिजा हासिल गर्न प्रभाव पार्ने सम्भावित अवस्था वा तत्व

खण्ड क : परिचय, नीतिगत र कानूनी आधारहरु

Introduction, Policy & Legal Bases

खण्ड ख : योजना तर्जुमाको प्रक्रियागत ढाँचा

Planning Framework

खण्ड ग : तथ्यांकीय आधार र सूचनाको विश्लेषण

Database & Information Analysis

खण्ड घ : योजना तथा कार्यक्रम तर्जुमा

Planning and Programming

खण्ड ङ : कार्यान्वयन योजना

Imeplementation Design

अनुसूचीहरु

Annexes